कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# EVEREST COLOUR LIMITED

**रजिष्टर्ड कार्यालय** : मध्यपुर थिमी नगरपालिका-३, भक्तपुर, नेपाल ।
**फोन नं.** :०१-६६३४८०२
Website / E-mail :www.everestcolour.com / ecinepal@gmail.com

**को**

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

## विवरणपत्र

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु.३०,००,००,०००।- (अक्षरेपी तिस करोड मात्र) को २६.३३ प्रतिशत अर्थात रु.७,९०,००,०००।-(अक्षरेपी सात करोड नब्बे लाख मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरको ७,९०,००० कित्ता साधारण शेयरको १० प्रतिशतले हुने ७९,००० कित्ता शेयर बराबरको रकम रु.७९,००,०००।- (अक्षरेपी उनान्असी लाख मात्र) नेपाल सरकारको सम्बन्धित निकायको श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुको लागि, ५ प्रतिशतले हुने ३९,५०० कित्ता शेयर बराबरको रकम रु.३९,५०,०००।- (अक्षरेपी उन्नानचालीस लाख पचास हजार मात्र) सामुहिक लगानी कोषहरुको लागि र २ प्रतिशतले हुने १५,८०० कित्ता शेयर बराबरको रकम रु.१५,८०,०००।- (अक्षरेपी पन्ध्र लाख असी हजार मात्र) कम्पनीमा कार्यरत कर्मचारीहरुको लागि बाँडफाँड गरी बाँकी ६,५५,७०० कित्ता शेयर बराबरको रकम रु.६,५५,७०,०००।- (अक्षरेपी छ करोड पचपन्न लाख सत्तरी हजार मात्र) सर्वसाधारणहरुको लागि प्रारम्भिक सार्वजनिक निष्काशन गरिएको ।

**दरखास्त साथ प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**संक्षिप्त वित्तीय विवरण :**

| विवरण | वास्तविक (आ.व.) | | | अपरिष्कृत | प्रक्षेपित (आ.व.) | | |
|---|---|---|---|---|---|---|---|
| | २०७९/०८० | २०८०/०८१ * | २०८१/८२ | पौष मसान्त ०८२/८३ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रति शेयर आम्दानी (EPS) (रु.) | ६.६० | १.८८ | ९.६० | ८.३७ | ५.८२ | ८.५१ | ११.४८ |
| प्रति शेयर नेटवर्थ (रु.) | १२५.६२ | ११६.९२ | ११३.९७ | ११८.४ | ११५.११ | १२३.६२ | १३५.०९ |
| प्रति शेयर नेटवर्थ रु. (पुर्नःमुल्यांकन कोष बाहेक) | ७८.४५ | ९८.५० | १००.०२ | १०४.०९ | १०४.८३ | ११३.३४ | १२४.८२ |
| संचित नाफा/(नोक्सान) | (२४,०८८,९९२) | (२०,९४४,९७६) | ३४,२१७ | ९,०३७,७९० | १४,४८०,५६८ | ४०,०११,१७७ | ७४,४४५,६८५ |

***** कम्पनीको आर्थिक वर्ष २०८०/८१ का वित्तीय विवरणहरूलाई तुलनात्मक रूपमा प्रस्तुत गर्नका लागि अंकित मूल्य रु.५०/- मा आधारित तथ्यांकहरूलाई आवश्यक समायोजन गरी रु.१००/- अंकित मूल्यको आधारमा पुन: प्रस्तुत गरिएको हो ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ (पृष्ठ नं. २३) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण**

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्गस् संस्था केयर रेटिङ्गस् नेपाल लिमिटेड, पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/०६/०९ मा "CARE-NP BB (IS)" (Double B [Issuer]) प्रमाणपत्र प्राप्त गरेको छ । उक्त रेटिङ्गले "Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ । केयर रेटिङ्गस् नेपाल लिमिटेडले CARE-NP AAA(Is) देखि CARE-NP D(Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ भने CARE-NP D(Is) ले कमजोर आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । यस सम्बन्धि विवरण पत्रको दफा ग.२२ (ट) (पृष्ठ नं ५२) उल्लेखि गरिएको छ ।

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :** २०८२/०६/०९ **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति :** २०८३/०७/०६

**यस विवरणपत्र मार्फत कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन ।**

**सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।**

**वैदेशिक रोजगारीमा गएका नेपालीहरु, कर्मचारीहरु तथा सामुहिक लगानि कोषहरुलाई जारी गरिएको सम्पूर्ण शेयर बिक्री नभएमा विक्री हुन बाँकी शेयर सर्वसाधारणहरुलाई जारी गरिने शेयरमा थप गरी निष्काशन गरिने छ ।**

**कर्मचारी, सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले यस विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।**

**मिति २०७६/०६/१० मा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा स्थानीय प्राकृतिक स्रोत र साधनलाई कच्चा पदार्थको रुपमा प्रयोग नहुने उल्लेख भएको हुँदा उक्त प्रतिवेदनको आधारमा परियोजनाले स्थानीय बासिन्दाहरुलाई कुनै पनि रुपले प्रभाव नगरेको ।**

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति : २०८३/०१/०२ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति : २०८३/०१/०३

**सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला हुने अवधि**

| | |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला हुने | २०८३/०२/२२ |
| धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) (बैंकिङ्ग समय पश्चात्) | २०८३/०२/२७ |
| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) (बैंकिङ्ग समय पश्चात्) | २०८३/०३/०५ |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.

नारायणचौर, नक्साल, काठमाण्डौ ।
फोन नं.: ०१-५५४६१०८, ५५४६४७०
Email: info@muktinathcapital.com,
Website: www.muktinathcapital.com

**ख १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले मुक्तिनाथ क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाण्डौ सम्झनु पर्दछ ।

ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर बुझाउँदछ ।

घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले ठिमी नगरपालिका-३, भक्तपुर रजिष्टर्ड कार्यालय रहेको कर्पोरेट कार्यालय/शाखा कार्यालय रहेको निष्काशनकर्ता कम्पनी एभरेष्ट कलर लिमिटेड सम्झनु पर्दछ ।

ङ) **"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई वा सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फारामका साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ ।

च) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ । **"नियमन निकाय"** भन्नाले कम्पनी रजिष्ट्रार कार्यालय, उद्योग विभाग, नेपाल धितोपत्र बोर्ड तथा कानून बमोजिमका अन्य निकाय सम्झनु पर्दछ ।

ज) "**संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन**" भन्नाले एभरेष्ट कलर लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख
तथा व्यवस्थापन सम्झनु पर्दछ ।

झ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

ञ) **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

ट) **"आधारभूत शेयरधनी"** भन्नाले एभरेष्ट कलर लिमिटेडको कुल चुक्ता पूँजीको १ (एक) प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेको शेयरधनीलाई सम्झनु पर्दछ ।

ठ) **"खुद सम्पत्ति (नेट-वर्थ)"** भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पदर्छ ।

ड) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भाग फललाई जनाउँदछ ।

ढ) **"प्रति शेयर आम्दानी"** भन्नाले संस्थाको खुद मुनाफालाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतितफल सम्झनु पर्दछ ।

ण) **"वित्तिय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ ।

त) **"वैदेशिक रोजगारमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरु सम्झनु पर्दछ ।

थ) **"कम्पनीका कर्मचारीहरु"** भन्नाले एभरेष्ट कलर लिमिटेडका पदाधिकारीहरु लगायतका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

द) **"सि-आस्बा (C-ASBA) सदस्य"** भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिदका लागि दरखास्त संकलन गर्न तथा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ५ बमोजिम बोर्डबाट अनुमति प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्दछ ।

**ख २. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

| **क्र.सं** | **विवरणपत्र प्राप्त गर्न सकिने स्थानहरु :** |
|---|---|
| १. | मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ र वेबसाइट www.muktinathcapital.com |
| २. | एभरेष्ट कलर लिमिटेड, मध्यपुर थिमी नगरपालिका-३, भक्तपुर जिल्ला (रजिष्टर्ड कार्यालय), मध्यपुर थिमी नगरपालिका-३, भक्तपुर (कर्पोरेट कार्यालय) र वेबसाइट: www.everestcolour.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ । |

| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :** |
|---|
| नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

### ग. १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### ग. २. संगठित संस्थाको उद्घोषण :

**(क) संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषणः**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरूलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस एभरेष्ट कलर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग र अरु नियमनकारी निकायहरुमा पेश गरेका छौं । साथै, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. २०८१/८२ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको मिति २०८२/९/४ को निर्णयानुसार यस कम्पनी आ.व. २०८१/८२ सम्मको लागि अध्यावधिक गरिएको जानकारी गराउदछौं ।

**(घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषणः**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा आधारभूत शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख तथा आधारभूत शेयरधनी कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख तथा आधारभूत शेयरधनी छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख तथा आधारभूत शेयरधनी छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा सो सरहको पद धारण गरेको व्यक्ति धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सो पद धारण गर्न अयोग्य रहेका छैनन् ।

**ग ३.  संगठित संस्था सम्बन्धी जानकारी :**

**ग ३.क) संगठित संस्थाको पृष्ठभूमि :**

(क) **संगठित संस्थाको नामः** एभरेष्ट कलर लिमिटेड ( Everest Colour Limited )।

(ख) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना :** यस संगठित संस्थाको रजिष्टर्ड कार्याल मध्यपुर ठिमी नगरपालिका वडा नं. ३, कौशलटार, भक्तपुर जिल्ला ,नेपालमा रहेको छ । सम्बन्धित निकायको स्वीकृति लिई अन्य स्थानमा पनि शाखा तथा सम्पर्क कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय सार्न सकिनेछ ।

(इ) **कारोबार गर्ने मुख्य स्थान :** यस संगठित संस्थाको कारोबार गर्ने स्थानहरु निम्नानुसार रहेको छ ।

१. **उद्योगको कर्पोरेट कार्यालय :** मध्यपुर ठिमी नगरपालिका वडा नं. ३, कौशलटार, भक्तपुरमा रहेको छ ।

२. **उद्योगको कारखाना :** चितवन जिल्ला, खैरनी नगरपालिका, वडा नं. ३, टुंगारामा रहेको छ ।

३. **उद्योगको शाखा कार्यालय/डिपो :** आइतवारे चोक जामुनगाँछी ४ बिराटनगर म.न.पा. मोरङ मा रहेको छ ।

४. **प्रारम्भिक वातावरणीय परीक्षणको मुल बुँदाहरु**

**स्थान र वातावरणीय अवस्था :**

आयोजना क्षेत्रको भौगोलिक अवस्था, भू-बनोट, जलवायु, वनस्पति, जनसंख्या तथा सामाजिक-आर्थिक अवस्थाबारे जानकारी समेटिएको छ ।

**आयोजनाको प्रकृति र कार्यहरू :**

आयोजनाले गर्ने प्रमुख कार्यहरू, संरचना, निर्माण प्रक्रिया तथा प्रयोग हुने प्रविधि उल्लेख गरिएको छ ।

**वातावरणीय प्रभावहरूको पहिचान :**

आयोजनाबाट हुन सक्ने सकारात्मक र नकारात्मक प्रभावहरू (जस्तै : वायु, पानी, माटो, वनस्पति, जनजीवनमा असर) को विश्लेषण गरिएको छ ।

**प्रभाव न्यूनीकरण उपायहरू :**

नकारात्मक प्रभाव कम गर्न अपनाइने उपायहरू (Mitigation Measures) जस्तै – धुलो नियन्त्रण, फोहोर व्यवस्थापन, हरियाली संरक्षण आदि उल्लेख गरिएको छ ।

**वैकल्पिक विश्लेषण :**

आयोजनाको स्थान, डिजाइन वा सञ्चालनका सम्भावित विकल्पहरूको तुलना गरिएको छ ।

**पर्यावरण व्यवस्थापन योजना :**

वातावरण संरक्षणका लागि अपनाइने योजना, जिम्मेवारी, लागत तथा कार्यान्वयन प्रक्रिया समावेश गरिएको छ ।

**अनुगमन तथा मूल्यांकन :**

आयोजनाको प्रभावहरूको नियमित अनुगमन गर्ने व्यवस्था तथा सूचकहरू निर्धारण गरिएको छ ।

**कानुनी तथा नीतिगत पक्ष :**

नेपालको वातावरणीय कानुन, नियम तथा मापदण्डहरू अनुसार आयोजनाको अनुपालन स्थिति उल्लेख गरिएको छ ।

**सकारात्मक प्रभावहरु :**

प्रत्यक्ष रुपमा यस उद्योग मार्फत स्थानीयहरुलाई रोजगारीको अवसरहरु तथा सामाजिक उत्तरदायित्व मार्फत स्थानीय विकासमा सहयोग हुने देखिन्छ ।

**नकारात्मक प्रभावहरु :**

उद्योगको नयाँ भवन निर्माण र सञ्चालनका क्रममा ध्वनी, फोहरमैला, फोहरपानी, ठोस तथा तरल फोहर उत्सर्जन, भूमिगत जलको अत्याधिक उपयोग, उच्च ऊर्जा खपत, सवारी चाप, जनस्वास्थ्यमा असर, कामदारहरूको स्वास्थ्य जोखिम तथा भूकम्प र आगलागी जस्ता जोखिमहरू देखा पर्न सक्छन् यी प्रभावहरू न्यूनीकरण गर्न उचित उपायहरू अपनाइने भए पनि व्यवस्थापनमा कमी भए स्थानीय गुनासो आउन सक्ने सम्भावना रहेकोले प्रभाव न्यूनीकरणका उपायहरू लागू गरिनेछ ।

**निष्कर्ष तथा सिफारिस :**

प्रतिवेदनले आयोजना कार्यान्वयन योग्य रहेको निष्कर्ष दिँदै आवश्यक शर्तहरू सहित अघि बढाउन सिफारिस गरेको छ ।

(उ) **संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

१) **यस कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः**

एभरेष्ट कलर प्राइभेट लिमिटेड कम्पनीको नाम बाट मिति २०६८/०१/२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट कम्पनीको रुपमा विधिवत दर्ता भएको हो । मिति २०८१/०३/१० गते प्राइभेट लिमिटेड कम्पनीबाट “एभरेष्ट कलर लिमिटेड” पब्लिक लिमिटेड कम्पनीको रूपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा विधिवत दर्ता छ । कम्पनी रजिष्ट्रारको

कार्यालयबाट मिति २०८१/०३/१२ गते कारोबार सञ्चालन गर्न स्वीकृति पत्र प्राप्त गरी निरन्तर रूपमा व्यवसायिक कारोबार सञ्चालन गर्दै आएको छ। यस कम्पनी स्वदेशी युवाहरूको संगठित पहलबाट स्थापित भई विगत १४ वर्षदेखि बहुराष्ट्रिय कम्पनीहरू सरह उच्च गुणस्तरीय पेन्ट उत्पादन तथा आपूर्ति गर्दै आएको एक प्रतिष्ठित नेपाली उद्योगको रूपमा परिचित रहँदै आएको छ। सहकारी मोडलमा स्थापना भएको नेपालको पहिलो पेन्ट उद्योगका रूपमा एभरेष्ट कलरले सबै वर्गका उपभोक्ताको आवश्यकता र नेपाली हावापानीलाई ध्यानमा राखी प्रिमियम देखि इकोनोमी ब्राण्ड सम्मका विविध प्रकारका उच्च गुणस्तरीय रंगहरू उत्पादन तथा बजारमा उपलब्ध गराउँदै आएको छ। कम्पनीले बाहिरी सतहका लागि १२ वर्ष, १० वर्ष तथा ७ वर्ष वारेन्टी सहितका विभिन्न प्रिमियम र सुपर प्रिमियम पेन्टहरू, भित्रि सतहका लागि इमल्सन, डिस्टेम्पर तथा विशेष प्रयोजनका पेन्टहरू, प्राइमर, काठ तथा धातुमा प्रयोग हुने विशेष कोटिङ, औद्योगिक प्रयोजनका रंगहरू तथा आर्ट कार्यमा प्रयोग हुने पेन्टहरू उत्पादन गर्दै आएको छ।
साथै, आगामी निकट भविष्यमा अन्तर्राष्ट्रिय बजारमा प्रचलित अत्याधुनिक प्रविधियुक्त नयाँ उत्पादनहरू समेत नेपाली बजारमा ल्याउने तयारी भइरहेको छ। अन्तर्राष्ट्रिय गुणस्तर व्यवस्थापन प्रणाली सम्बन्धी प्रमाणपत्र (ISO) प्राप्त यस संस्थाले कुशल व्यवस्थापन, उत्पादनको गुणस्तर, वातावरणीय दायित्व, कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षालाई उच्च प्राथमिकता दिँदै अन्तर्राष्ट्रिय स्तरको प्रविधि र अत्याधुनिक मेसिनरी प्रयोग गरी उत्पादन तथा प्रयोगशाला परीक्षणपछि नेपाली बजारमा आफ्ना उत्पादनहरू वितरण गर्दै आएको छ।

मिति २०७४/०२/१६ गते उद्योग परिसरमा विद्युत चुहावटका कारणबाट आगलागी भई उद्योगमा ठूलो क्षति हुन गएको र उक्त आगलागीबाट कच्चा पदार्थ रु.८२,८८,४२९/५० रकम बराबर, तयारी सामान रु. ३७,७०,४००/३० रकम बराबर, प्याकेजिङ सामग्री रु.४१,२७,३१२/२७ रकम बराबर तथा उत्पादन प्रयोजनका लागि प्रयोग हुने सम्पत्ति रु. ३२,२५,३९८/५० रकम बराबर गरी जम्मा रु.१,९१,११,५४०/५७ रकम क्षति हुन गएको र क्षति वापत बिमा कम्पनी आईएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट रु.८२,००,०००/- बिमा दाबी रकम प्राप्त भएको।

**२) हाल कम्पनीले उत्पादन तथा बिक्री वितरण गर्दै आएका उत्पादनहरु देहाय बमोजिम रहेको छन्।**

| क्र.स. | विवरण | परिमाण | प्याकेजिङ्ग | | | |
|---|---|---|---|---|---|---|
| १ | EVERSTAY SUPER PREMIUM EXTERIOR EMULSION (12 YRS WARRANTY) | लिटर | २० | १० | ४ | १ |
| २ | EVERTOP PREMIUM EXTERIOR EMULSION (10 YRS WARRANTY) | लिटर | २० | १० | ४ | १ |
| ३ | EVERGUARD PREMIUM EXTERIOR EMULSION (7 YRS WARRANTY) | लिटर | २० | १० | ४ | १ |
| ४ | EVERSHINE PREMIUM EXTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| ५ | EVERCOAT EXTERIOR EMULSION | लिटर | १८ | ९ | ३.६ | ०.९ |
| ६ | EVERGREEN EXTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| ७ | SAPPHIRE LUXURY PREMIUM INTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| ८ | DAISY PREMIUM INTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| ९ | BELL INTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| १० | FUCHCHE BELL INTERIOR EMULSION | लिटर | १८ | ९ | ३.६ | ०.९ |
| ११ | ALIEN INTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| १२ | PREMIUM EXTERIOR CEMENT PRIMER TH. DTS | लिटर | २० | १० | ४ | १ |
| १३ | EVEREST EXTERIOR CEMENT PRIMER | लिटर | २० | १० | ४ | १ |
| १४ | PREMIUM INTERIOR CEMENT PRIMER TH. DTS | लिटर | २० | १० | ४ | १ |
| १५ | PREMIUM INTERIOR CEMENT PRIMER | लिटर | २० | १० | ४ | १ |
| १६ | EVEREST INTERIOR CEMENT PRIMER | लिटर | २० | १० | ४ | १ |
| १७ | EVERLAC HI-GLOSS ENAMEL | लिटर | २० | ४ | १ | ०.५ |
| १८ | JURELI SYNTHETIC ENAMEL | लिटर | २० | ४ | १ | ०.५ |
| १९ | GAIDA BUDGET SYNTHETIC ENAMEL | लिटर | २० | ४ | १ | ०.५ |
| २० | EVEREST WOOD PRIMER - WHITE | लिटर | २० | ४ | १ | ०.५ |
| २१ | EVEREST WOOD PRIMER - PINK | लिटर | २० | ४ | १ | ०.५ |
| २२ | METAL PRIMER RED OXIDE | लिटर | २० | ४ | १ | ०.५ |
| २३ | EVEREST CHOICE | लिटर | ४ | १ | ०.५ | ०.२ |
| २४ | ALUMINIUM PAINT | लिटर | ४ | १ | ०.५ | ०.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | BLACK JAPAN | लिटर | २० | ४ | १ | ०.५ |
| २६ | BRILLIANT MOIST GUARD-DAMP PROOF | लिटर | २० | १० | ४ | १ |
| २७ | EVERCREATE | लिटर | २० | १० | ४ | १ |
| २८ | TARPIN OIL | लिटर | | | ४ | १ |
| २९ | EVEREST CLEAR VARNISH | लिटर | | | ४ | १ |
| ३० | ROYAL ACRYLIC WASHABLE DISTEMPER | लिटर | २० | १० | ५ | १ |
| ३१ | BELL ACRYLIC DISTEMPER | के.जी | २० | १० | ५ | १ |
| ३२ | RED OXIDE POWDER- KIRMICHI (RED & BLACK) | के.जी | | | १ | ०.५ |
| ३३ | EVEREST GOLD/ GREEN PAINT | के.जी | १ | ०.५ | ०.२ | ०.१ |

**३) कम्पनीले प्राप्त गरेको अन्तराष्ट्रिय गुणस्तर व्यवस्थापन प्रमाणिकरण पत्रको विवरण:**

| क्र.स. | दर्ता नं. | विवरण | जारी मिति | म्याद बहाल रहने मिति | प्रमाण पत्र प्राप्त मिति | प्रमाण पत्र प्रदान गर्ने संस्था |
|---|---|---|---|---|---|---|
| १ | Q-30464/0 | Quality Management System ISO 9001:2015 | 2023/12/19 | 2026/12/18 | 2023/12/19 | Quality Austria Certification GmbH AT-1010 vienna, Zelinkagasse10/3 |
| २ | AT-30464\0 | Quality Management System ISO 9001:2015 | 2023/12/19 | 2026/12/18 | 2023/12/19 | IQNET |

**४) कम्पनीले बार्षिक उत्पादन तथा बिक्री वितरण क्षमता देहाय बमोजिम रहेको छ।**

**क.मेसिनरी विवरण अनुसार उत्पादन क्षमता:**

| क्र.सं. | मेसिनको नाम | आर्थिक वर्ष ७९-८० क्षमता (मेट्रिक टन) | आर्थिक वर्ष ८०-८१ क्षमता (मेट्रिक टन) | आर्थिक वर्ष ८१-८२ क्षमता (मेट्रिक टन) | सिफ्ट र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पग मिक्सचर | ६०० | ६०० | ६०० | १ सिफ्ट / ८ घण्टा | डिस्टेम्पर उत्पादन |
| २ | ट्विन स्याफ्ट डिस्पेन्सर | ५०० | ५०० | ५०० | १ सिफ्ट / ८ घण्टा | प्राइमर र इमल्सन |
| ३ | हाई स्पिड डिस्पेन्सर | ३०० | ३०० | ३०० | १ सिफ्ट / ८ घण्टा | इमल्सन उत्पादन |
| ४ | बल मिल नं. १ | ९५ | ९५ | ९५ | १ सिफ्ट / १२ घण्टा | काठका प्राइमर (सेतो/गुलाबी) |
| ५ | बल मिल नं. २ | ९५ | ९५ | ९५ | १ सिफ्ट / ८ घण्टा | धातु प्राइमर |
| ६ | एट्रिटर | ३० | ३० | ३० | १ सिफ्ट / १२ घण्टा | सबै इनेमल |
| ७ | एट्रिटर | १५० | १५० | १५० | १ सिफ्ट / १२ घण्टा | सबै इनेमल |
| ८ | बिड मिल | ५० | ५० | ५० | १ सिफ्ट / ८ घण्टा | सबै इनेमल |
| ९ | बिड मिल | ५० | ५० | ५० | १ सिफ्ट / ८ घण्टा | सबै इनेमल |
| १० | बिड मिल (नयाँ) | ० | ० | १५० | १ सिफ्ट / ८ घण्टा | सबै इनेमल, आ.व. ८१-८२ मा नयाँ मेसिन जडान |

### ख.वार्षिक उत्पादन, बिक्री तथा क्षमता उपयोग विवरणः

| विवरण | आ.व. ७९-८० | आ.व. ८०-८१ | आ.व. ८१-८२ |
|---|---|---|---|
| कुल उत्पादन क्षमता (मेट्रिक टन) | १८७० | १८७० | २०२० |
| वास्तविक उत्पादन (मेट्रिक टन) | २६७.२२ | २६६.६७ | ५३०.९३ |
| उत्पादन क्षमता उपयोग (%) | १४.२९% | १४.२६% | २६.२८% |
| कुल बिक्री मात्रा (मेट्रिक टन) | २७०.३२ | ३१६.५९ | ५३४.६९ |
| औसत मूल्य प्राप्ति (रु. मिलियनमा/(मेट्रिक टन) | ०.२५ | ०.३० | ०.२७ |
| कुल बिक्री (रु. मिलियनमा) | ६७.६२८ | ९५.००२ | १४२.०९७ |
| वार्षिक कार्यदिवस | ३०० दिन | ३०० दिन | ३०० दिन |

ग) उत्पादन र बिक्री चार्ट **(Text-based Chart)**

(क) कुल उत्पादन क्षमता (मेट्रिक टन)

आ.व. ७९-८० १८७०
आ.व. ८०-८१ १८७०
आ.व. ८१-८२ २०२०

(ख) वास्तविक उत्पादन (मेट्रिक टन)

आ.व. ७९-८० २६७.२२
आ.व. ८०-८१ २६६.६७
आ.व. ८१-८२ ५३०.९३

**(ग) कुल बिक्री (रु. मिलियनमा)**

आ.व. ७९-८० ६७.६३
आ.व. ८०-८१ ९५.००
आ.व. ८१-८२ १४२.१०

विश्लेषण **(Analysis)**

-आर्थिक वर्ष ७९-८० र ८०-८१ मा उत्पादन क्षमता समान (१८७० मेट्रिक टन) रहे पनि वास्तविक उत्पादन कम देखिन्छ।
-आर्थिक वर्ष ८१-८२ मा नयाँ Bead Mill जडान भएपछि कुल उत्पादन क्षमता २०२० मेट्रिक टन पुगेको छ।
-सोही वर्षमा वास्तविक उत्पादन ५३०.९३ मेट्रिक टन र क्षमता उपयोग २६.२८% पुगेको छ, जुन अघिल्ला वर्षभन्दा धेरै उच्च हो।
-उत्पादन वृद्धि सँगै बिक्री मात्रा र कुल बिक्री रकम पनि उल्लेखनीय रूपमा बढेको छ।
-यसले कम्पनीको उत्पादन व्यवस्थापन र बजार माग दुवै सुधार भएको देखाउँछ।

घ) उत्पादनह/को वार्षिक उत्पादन क्षमता तथावार्षिक उत्पादन परिमाणको विवरण।

| **क्र.सं.** | **उत्पादनको नाम** | **एकाइ** | **प्याक साइज** | **२०७९/८० वार्षिक उत्पादन क्षमता (मेट्रिक टन)** | **२०७९/८० वार्षिक उत्पादन (मेट्रिक टन)** | **२०८०/८१ वार्षिक उत्पादन क्षमता (मेट्रिक टन)** | **२०८०/८१ वार्षिक उत्पादन (मेट्रिक टन)** | **२०८१/८२ वार्षिक उत्पादन क्षमता (मेट्रिक टन)** | **२०८१/८२ वार्षिक उत्पादन (मेट्रिक टन)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | एभरस्टे सुपर प्रिमियम बाह्य इमल्सन (१२ वर्ष वारेन्टी) | लिटर | २०, १०, ४, १ | ० | ० | ० | ० | ५.३८ | १.७४ | यो उत्पादन आर्थिक वर्ष २०८१/८२ देखि उत्पादन सुरु गरिएको हो। यसले ग्राहकलाई १२ वर्षको कार्यक्षमता वारेन्टी प्रदान गर्दछ। |
| २ | एभरटप प्रिमियम बाह्य इमल्सन (१० वर्ष वारेन्टी) | लिटर | २०, १०, ४, १ | ० | ० | ० | ० | २२.४३५ | ७.२५६ | यो उत्पादन आर्थिक वर्ष २०८१/८२ देखि उत्पादन सुरु गरिएको हो। यसले १० वर्षको कार्यक्षमता वारेन्टी प्रदान गर्दछ। |
| ३ | एभरगार्ड प्रिमियम बाह्य इमल्सन (७ वर्ष वारेन्टी) | लिटर | २०, १०, ४, १ | ७७.२२४ | ७.५१७ | ५८.६२१ | ७.८४१ | ५०.७५७ | १६.४१६ | यस उत्पादनले ग्राहकलाई ७ वर्षको कार्यक्षमता वारेन्टी प्रदान गर्दछ। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | एभरसाइन प्रिमियम बाह्य इमल्सन | लिटर | २०, १०, ४, १ | १४८.५३ | १४.४५८ | ८७.२५५ | ११.६७१ | ७१.४२७ | २३.१०१ | |
| ५ | एभरकोट बाह्य इमल्सन | लिटर | १८, ९, ३.६, ०.९ | ४६.६७६ | १४.९२५ | ३९.१०९ | १०.८४१ | ३५.४४८ | १९.५३१ | |
| ६ | एभरग्रीन बाह्य इमल्सन | लिटर | २०, १०, ४, १ | ० | ० | ० | ० | ० | ० | यो उत्पादन आर्थिक वर्ष २०८२/८३ देखि उत्पादन सुरु गरिनेछ। |
| ७ | स्याफायर लक्जरी प्रिमियम आन्तरिक इमल्सन | लिटर | २०, १०, ४, १ | ०.४११ | ०.०४ | ५२.१२४ | ६.९७२ | ५६.०६९ | १८.१३४ | |
| ८ | डेइजी प्रिमियम आन्तरिक इमल्सन | लिटर | २०, १०, ४, १ | ० | ० | ० | ० | ११.१२५ | ३.५९८ | यो उत्पादन आर्थिक वर्ष २०८१/८२ देखि उत्पादन गरिएको हो। |
| ९ | बेल आन्तरिक इमल्सन | लिटर | २०, १०, ४, १ | २७.६०३ | ८.८२६ | ३३.१४४ | ९.१८७ | २६.०२२ | १४.३३७ | |
| १० | फुच्चे बेल आन्तरिक इमल्सन | लिटर | १८, ९, ३.६, ०.९ | १११.२८५ | ३५.५८३ | ७७.२७ | २१.४१८ | ४६.७३४ | २५.७४९ | |
| ११ | एलियन आन्तरिक इमल्सन | लिटर | २०, १०, ४, १ | ० | ० | ० | ० | ३०.०३८ | १६.५५ | यो उत्पादन आर्थिक वर्ष २०८१/८२ देखि उत्पादन गरिएको हो। |
| १२ | प्रिमियम बाह्य सिमेन्ट प्राइमर (थिक डी.टि.एस.) | लिटर | २०, १०, ४, १ | ८.४३२ | २.६९६ | १०.०५१ | २.७८६ | १८.०८३ | ९.९६३ | |
| १३ | एभरेष्ट बाह्य सिमेन्ट प्राइमर | लिटर | २०, १०, ४, १ | ९९.८३५ | ३१.९२२ | ११०.४१६ | ३०.६०६ | १०३.१३५ | ५६.८२४ | |
| १४ | प्रिमियम आन्तरिक सिमेन्ट प्राइमर (थिक डी.टि.एस.) | लिटर | २०, १०, ४, १ | ० | ० | ० | ० | ९.५४३ | ५.२५८ | |
| १५ | प्रिमियम आन्तरिक सिमेन्ट प्राइमर | लिटर | २०, १०, ४, १ | ३८.५०५ | १२.३१२ | ३५.८३१ | ९.९३२ | ३६.६२८ | २०.१८१ | |
| १६ | एभरेष्ट आन्तरिक सिमेन्ट प्राइमर | लिटर | २०, १०, ४, १ | १६७.६६३ | ५३.६१ | १९४.१७९ | ५३.८२४ | १९४.३६८ | १०७.०९ | |
| १७ | एभरल्याक हाई-ग्लस इनामेल | लिटर | २०, ४, १, ०.५ | ४१.७७८ | ३.३६६ | १३.२९९ | १.३६१ | २८.३६३ | ३.५२२ | |
| १८ | जुरेली सिन्थेटिक इनामेल | लिटर | २०, ४, १, ०.५ | २०८.४३३ | १६.७९३ | २००.१५२ | २०.४७६ | ३०२.४८६ | ३७.५६२ | |
| १९ | गैडा बजेट सिन्थेटिक इनामेल | लिटर | २०, ४, १, ०.५ | ० | ० | ० | ० | ५९.१९ | ७.३५ | यो उत्पादन आर्थिक वर्ष २०८१/८२ देखि उत्पादन गरिएको हो। |
| २० | एभरेष्ट काठ प्राइमर (सेतो) | लिटर | २०, ४, १, ०.५ | ४७.५ | ३.२८८ | ४७.५ | २.८४२ | ४७.५ | ४.६९२ | |
| २१ | एभरेष्ट काठ प्राइमर (गुलाबी) | लिटर | २०, ४, १, ०.५ | ४७.५ | ४.१७८ | ४७.५ | ४.४७२ | ४७.५ | ६.६५४ | |
| २२ | धातु प्राइमर (रातो अक्साइड) | लिटर | २०, ४, १, ०.५ | ४७.५ | १०.०८ | ४७.५ | १२.०५ | ४७.५ | १५.६२९ | |
| २३ | एभरेष्ट च्वाइस | लिटर | ४, १, ०.५, ०.२, ०.१, ०.०५ | १५.३४४ | १.४९४ | १७.२३३ | २.३०५ | ९.६९४ | ३.१३५ | |
| २४ | एल्युमिनियम पेन्ट | लिटर | ४, १, ०.५, ०.२ | ९.८५५ | ०.७९४ | १२.१६२ | १.२४४ | १३.९५ | १.७३२ | |
| २५ | ब्ल्याक जापान | लिटर | २०, ४, १, ०.५ | १९.१८९ | १.५४६ | १५.५८१ | १.५९४ | २५.५९३ | ३.१७८ | |
| २६ | ब्रिलियन्ट मोइस्ट गार्ड (नमी प्रतिरोधी) | लिटर | २०, १०, ४, १ | ० | ० | १२.९०४ | १.७२६ | २४.५३१ | ७.९३४ | यो उत्पादन आर्थिक वर्ष २०८०/८१ देखि उत्पादन गरिएको हो। |
| २७ | एभरक्रिट | लिटर | २०, १०, ४, १ | ५५.२२९ | ५.३७६ | ५६.१४७ | ७.५१ | ४४.३३२ | १४.३३८ | |
| २८ | टारपिन तेल | लिटर | ४, १ | ० | ० | १४.९५२ | २. | ३.२५५ | १.०५३ | यो उत्पादन आर्थिक वर्ष २०८०/८१ देखि उत्पादन गरिएको हो। |
| २९ | एभरेष्ट क्लियर वार्निस | लिटर | ४, १ | ०.७४५ | ०.०६ | ३८.८०६ | ३.९७ | ०.४१९ | ०.०५२ | |
| ३० | एभरेष्ट सुनौलो / हरियो पेन्ट | के.जी. | १, ०.५, ०.२, ०.१, ०.०५ | ३.२६३ | ०.३१८ | ०.७६३ | ०.१०२ | ०.९९४ | ०.३२२ | |
| ३१ | रोयल एक्रिलिक धुने योग्य डिस्टेम्पर | के.जी. | २०, १०, ५, १ | ३००. | ४.६९५ | ३००. | ०.१ | ३००. | १.३३४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | बेल एक्रिलिक डिस्टेम्पर | के.जी. | २०, १०, ५, १ | ३००. | ३२.८६७ | ३००. | ३८.८२३ | ३००. | ७३.७ | |
| ३३ | रातो अक्साइड पाउडर - किर्मिची ( रातो र कालो) | के.जी. | १, ०.५ | ४७.५ | ०.४८ | ४७.५ | ०.९९८ | ४७.५ | ३.०२ | |

**वितरण तथा बिक्री सञ्जाल (Selling and Distribution Model)**

एभेरेष्ट कलर लिमिटेडको वितरण तथा विक्री सञ्जालले कारखानामा उत्पादन भएका पेन्टहरू उपभोक्ता सम्म प्रभावकारी रूपमा पुर्‍याउने समग्र संरचना र प्रक्रिया समेट्छ, जसमा उत्पादन, भण्डारण, ढुवानी तथा विक्रीको सबै चरणहरू समावेश छन्। कम्पनीले आधुनिक मेसिनरी र प्रविधियुक्त उत्पादन क्षमता मार्फत ठूलो परिमाणमा गुणस्तरीय तथा टिकाउ पेन्ट उत्पादन गरि बजारको माग अनुसार छिटो आपूर्ति गर्न सक्षम छ । देशका विभिन्न स्थानमा स्थापना गरिएका शाखा र डिपोहरूले उत्पादन भण्डारण, स्थानीय खुद्रा व्यापारीलाई आपूर्ति, बजार मागको संकलन तथा कारखानासँग समन्वय गर्ने कार्य गर्दछन्, जसले ढुवानी लागत घटाई टाढाका बजारसम्म पहुँच सुनिश्चित गर्छ । कम्पनीले अप्रत्यक्ष वितरण प्रणाली अन्तर्गत खुद्रा व्यापारी मार्फत अन्तिम उपभोक्तालाई पेन्ट बिक्री गर्नुका साथै प्रत्यक्ष वितरण प्रणालीमार्फत विद्यालय, अस्पताल, होटल, आवास तथा निर्माण कम्पनीजस्ता संस्थागत ग्राहकलाई सिधै आपूर्ति गर्दछ । यस दोहोरो वितरण रणनीतिले व्यापक बजार पहुँच, छिटो तथा भरपर्दो आपूर्ति, थोक विक्रीबाट उच्च राजस्व, संस्थागत ग्राहकसँग दीर्घकालीन व्यावसायिक सम्बन्ध तथा ब्रान्डको विश्वसनीयता वृद्धि गर्न महत्वपूर्ण योगदान पुर्‍याएको छ ।

कम्पनीका बजार प्रतिस्पर्धी

नेपालमा पेन्ट उत्पादन गर्ने कम्पनीहरूको संख्या हालसम्म करिब ४० वटा रहेको छ। तीमध्ये ३ वटा बहुराष्ट्रिय कम्पनीहरू, ३ वटा पब्लिक लिमिटेड कम्पनीहरू तथा ४ वटा स्वदेशी निजी क्षेत्रका कम्पनीहरू, र अरु राष्ट्रिय तथा क्षेत्रिय, अन्य साना तथा मझौला कम्पनीहरु सञ्चालनमा रहेका छन्।

नेपालको पेन्ट उद्योगको कुल बजार आकार करिब १४ अर्बदेखि १५ अर्बसम्म रहेको अनुमान गरिएको छ, जसमा करिब ५० प्रतिशत बजार हिस्सा बहुराष्ट्रिय कम्पनीहरूले ओगटेका छन । यस समग्र बजार आकारमध्ये एभरेष्ट कलरको बजार हिस्सा करिब १ प्रतिशतदेखि १.५ प्रतिशतको हाराहारीमा रहेको छ ।

**५) कम्पनीको वित्तीय परिसूचकः**

**लगानी फिर्ता हुने अवधि, इन्टर्नल रेट अफ रिर्टन तथा नेट प्रिजेन्ट भ्यालूको गणना तालिका :**

कम्पनीको नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)}, इन्टर्नल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}, Pay Back Period र Discounted Pay Back Period को गणनाको संक्षिप्त विवरण तथा आधार देहाय अनुसार रहेको छ :

| वर्ष | कुल लगानी | खुद नाफा | मुल्यह्रास | वार्षिक नगद प्रवाह | अन्तिम नगद मौज्दात | खुद नगद प्रवाह/बहिर्गमन |
|---|---|---|---|---|---|---|
| ० | (१६५,०१०,५९९) | ३,९१४,०१९ | २,७२६,८२९ | ६,६४०,८४८ | | (१५८,३६९,७५१) |
| १ | (५३,४९३,४५०) | १९,८२५,६६१ | ३,७२९,४१४ | २३,५५५,०७५ | | (२९,९३८,३७५) |
| २ | - | २५,२६५,३४२ | ५,१०६,१३१ | ३०,३७१,४७४ | | ३०,३७१,४७४ |
| ३ | - | ३६,९७२,७५२ | ५,६०६,९०९ | ४२,५७९,६६१ | | ४२,५७९,६६१ |
| ४ | (७९,०००,०००) | ४९,८६७,१४२ | ५,२४५,९७२ | ५५,११३,११४ | | (२३,८८६,८८६) |
| ५ | - | ५४,३३३,९१४ | ४,९१६,८०० | ५९,२५०,७१४ | ६२६,८१०,१८७ | ६८६,०६०,९०१ |

| | |
|---|---|
| डिष्काउण्टेड अनुपात | ०.१० |
| नेट प्रिजेन्ट भ्यालू(रु) - **Net Present Value (Rs.)** | २८१,१७९,४४३ |
| लगानी फिर्ता हुने अवधि - **Payback Period (Years)** | ५ |
| प्रोजेक्ट इन्टर्नल रेट अफ रिर्टन - **IRR (%)** | ३४.८७% |
| बृद्धि दर | ०.५% |
| पूँजीको लागत | १०% |

**लगानी फिर्ता हुने अवधि, इन्टर्नल रेट अफ रिर्टन तथा नेट प्रिजेन्ट भ्यालूको गणनाको नीति**

क) यस परियोजनाको वित्तीय प्रक्षेपण पाँच (५) वर्ष अवधिका लागि तयार गरिएको छ।

ख) प्रारम्भिक पूँजी लगानीको मूल्याङ्कन अपेक्षित भविष्यका नगद प्रवाहहरूलाई वर्तमान मूल्यमा Discount Rate प्रयोग गरी मूल्याङ्कन गरिएको छ।

ग) नाफा पश्चात कर (PAT) अनुमानित आम्दानी, सञ्चालन खर्च, मूल्यह्रास, ब्याज खर्च तथा विद्यमान कर दरको आधारमा गणना गरिएको छ।

घ) मूल्यह्रास सीधा रेखा विधि (Straight Line Method) अनुसार गणना गरिएको छ र नगद बाहिरिने खर्च नभएकाले नगद प्रवाहमा पुनः जोडिएको छ।

ङ) ब्याज खर्च प्रचलित बजार ब्याजदर तथा अनुमानित ऋृण संरचनाको आधारमा गणना गरिएको छ।

च) वार्षिक नगद प्रवाह नाफा पश्चात कर + मूल्यह्रास + ब्याज को आधारमा निर्धारण गरिएको छ।

छ) नगद प्रवाहको वर्तमान मूल्य निर्धारणका लागि १०% छुट दर (Discount Rate) प्रयोग गरिएको छ।

ज) सरल र छुट सहितको फिर्ता अवधि (Simple and Discounted Payback Period) नगद प्रवाहको संचयी आधारमा गणना गरिएको छ।

झ) प्रक्षेपणहरू तयार गर्दा प्रचलित आर्थिक अवस्था, कर नीति तथा व्यवसायिक वातावरणमा उल्लेखनीय परिवर्तन नहुने मानिएको छ।

**६) यस कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:**

१) यस कम्पनीको उद्देश्यहरु देहाय बमोजिम हुने छन्।

क) स्वीकृत लिनुपर्नेमा स्वीकृत लिई उच्च स्तरीय विविध प्रकारका रङ्ग रोगन तथा प्रिन्टिङ्ग इन्क लगायतका सामग्रीहरु उत्पादन गरी स्थानीय बजारमा थोक तथा खुद्रा रुपमा विक्री वितरण, सप्लाई एवं निर्यात गर्ने गराउने वा सो सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने।

ख) रङ्गरोगन तथा प्रिन्टिङ्ग इन्क लगायतका सामग्रीहरु उत्पादन गर्न अवश्यक पर्ने विविध किसिमका कच्चा पदार्थ तथा उपकरणहरु आयात एवं खरीद गरी कम्पनी प्रयोजनका लागि प्रयोग गर्ने यस्तै अन्य कम्पनीहरु बाट माग भएमा विक्री वितरण समेत गर्ने।

ग) अन्य कम्पनीबाट उत्पादित रङ्गरोगन तथा प्रिन्टिङ्ग इन्क लगायतका सामग्रीहरु खरिद गरी स्थानीय बजारमा विक्री वितरण एवंम निर्यात समेतको कार्य गर्ने।

घ) आयात निर्यात, सप्लाई सम्बन्धी कार्यको बोलपत्रमा भाग लिइ कार्य गर्ने।

ङ) स्वदेश तथा विदेशमा उत्पादन भएका वा निमित रङ्गरोगन तथा प्रिन्टिङ्ग इङ्क लगगायतका सामग्रीहरु आयात गरी नेपाल राज्य भित्र विक्री वितरण गर्न एजेन्सी, स्टकिष्ट, डिलरसिप, सब डिलरसिप, डिस्टिब्युटरसिप लिने दिने तथा कमिशन एजेन्ट भई कार्यहरु गर्ने गराउने।

च) उपरोक्त उद्देश्यहरु परिपूर्ति गर्न आवश्यकता अनुसार साना-ठूला कन्स्ट्रक्सन कम्पनीहरु, व्यापारीक तथा सरकारी प्रतिष्ठान एवं कलकारखानाहरुसँग समन्वय गरी व्यापार व्यवसायको कार्य विस्तार गर्दै लैजाने।

छ) कम्पनीको उद्देश्य अनुरुपको कार्य गर्नको लागि आवश्यक पर्ने विभिन्न प्रकारका कच्चा पदार्थहरु, टेष्टिङ्ग इक्युप्मेण्ट आदिको आयत –निर्यात तथा  विक्री वितरण गर्ने ,गराउने।

२) कम्पनीले उपदफा (१) बमोजिमका उद्देश्य कार्यन्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यन्वयन गरिने छ।

३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको १५ दिन भित्र त्यस्तो अनुमति वा इजाजत पत्रको प्रतिलिपी कार्यलयमा पेश गरिने छ।

**७) कम्पनीले नियमनकारी निकायहरुबाट हाल सम्म प्राप्त गरेको स्वीकृती, अनुमति तथा इजाजत सम्बन्धी विवरण :**

| क्र.सं. | स्वीकृती /अनुमति/ इजाजत प्रदान/सम्झौता गर्ने निकाय | स्वीकृति/अनुमति/इजाजत/सम्झौता को संक्षिप्त विषय वस्तु | स्वीकृती /अनुमति/ इजाजत/सम्झौता प्राप्त मिति | बहाल रहने अवधी |
|---|---|---|---|---|
| १. | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय | प्राइभेट लिमिटेडको रुपमा दर्ता भएको (दर्ता नं. ८२९३३/०६७/०६८) | २०६८/०१/२२ | |
| | | पब्लिक लिमिटेडमा परिणत भएको (दर्ता नं. ३३९४८४/८०/०८१) | २०८१/०३/१० | |
| | | पब्लिक लिमिटेडको कारोबार सञ्चालन गर्न स्वीकृति प्राप्त भएको | २०८१/०३/१२ | |

| | | | | |
|---|---|---|---|---|
| २. | नेपाल सरकार घरेलु तथा सना उद्योग विभाग | प्राइभेट लिमिटेडको रुपमा उद्योग दर्ता प्रमाणपत्र (उद्योग दर्ता नं. २५०/०६७/६८) | २०६८/०१/२६ | |
| ३. | नेपाल सरकार अर्थ मन्त्रालय उद्योग तथा वाणिज्य विभाग | पब्लिक लिमिटेडको रुपमा उद्योग दर्ता प्रमाणपत्र (उद्योग दर्ता नं. ०१/०८१/०८२) | २०८१/०४/०८ | |
| ४. | नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग | स्थायी लेखा नं. ३०४९७७३०९ (दर्ता आन्तरिक राजश्व कार्यालय, भक्तपुर) | २०६८/०१/२८ | |
| | | अन्त शुल्क नं. ०००००१३५४१९ (दर्ता आन्तरिक राजश्व कार्यालय, भक्तपुर) | २०६९/०४/०१ | |
| ५. | मुक्तिनाथ क्यापिटल लिमिटेड | शेयरहरुको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा सम्झौता | २०८२/०३/०९ | साधारण शेयर बाँडफाँड नभएसम्म । |
| ६. | लक्ष्मी सनराईज क्यापिटल लिमिटेड | शेयर प्रत्याभूति सम्झौता | २०८२/९/१८ | २०८३/३/१७ |
| ७. | ग्लोबल आई.अम.ई. बैंक लिमिटेड | ऋण सम्झौता | २०८१/११/२० | २०८२/११/१९ |

**(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको ।

**(ए) अन्य विवरणहरु :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

कम्पनीले आधुनिक प्रविधि तथा कडाइका साथ अपनाइएको गुणस्तर नियन्त्रण प्रणाली अन्तर्गत उत्पादन गर्दै आएको विभिन्न प्रकारका रंगहरू नेपाली बजारको आवश्यकता, उपभोक्ताको रुचि तथा प्रयोगका क्षेत्रहरूलाई ध्यानमा राखी विकास गरिएका छन् । औद्योगिक तथा घरायसी दुवै प्रयोजनका लागि उपयुक्त यी रंगहरू दीर्घकालीन टिकाउपन, मौसम प्रतिरोध क्षमता, आकर्षक फिनिस तथा प्रयोगमा सहजताजस्ता विशेषतासहित उपलब्ध गराइएका छन् । यस अन्तर्गत कम्पनीले उत्पादन गर्दै आएको विभिन्न प्रकारका रंगहरूको विवरण देहायबमोजिम रहेको छ ।

| क्र.स. | विवरण | परिमाण | प्याकेजिङ्ग | | | |
|---|---|---|---|---|---|---|
| १ | EVERSTAY SUPER PREMIUM EXTERIOR EMULSION (12 YRS WARRANTY) | लिटर | २० | १० | ४ | १ |
| २ | EVERTOP PREMIUM EXTERIOR EMULSION (10 YRS WARRANTY) | लिटर | २० | १० | ४ | १ |
| ३ | EVERGUARD PREMIUM EXTERIOR EMULSION (7 YRS WARRANTY) | लिटर | २० | १० | ४ | १ |
| ४ | EVERSHINE PREMIUM EXTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| ५ | EVERCOAT EXTERIOR EMULSION | लिटर | १८ | ९ | ३.६ | ०.९ |
| ६ | EVERGREEN EXTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| ७ | SAPPHIRE LUXURY PREMIUM INTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| ८ | DAISY PREMIUM INTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| ९ | BELL INTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| १० | FUCHCHE BELL INTERIOR EMULSION | लिटर | १८ | ९ | ३.६ | ०.९ |
| ११ | ALIEN INTERIOR EMULSION | लिटर | २० | १० | ४ | १ |
| १२ | PREMIUM EXTERIOR CEMENT PRIMER TH. DTS | लिटर | २० | १० | ४ | १ |
| १३ | EVEREST EXTERIOR CEMENT PRIMER | लिटर | २० | १० | ४ | १ |
| १४ | PREMIUM INTERIOR CEMENT PRIMER TH. DTS | लिटर | २० | १० | ४ | १ |
| १५ | PREMIUM INTERIOR CEMENT PRIMER | लिटर | २० | १० | ४ | १ |
| १६ | EVEREST INTERIOR CEMENT PRIMER | लिटर | २० | १० | ४ | १ |
| १७ | EVERLAC HI-GLOSS ENAMEL | लिटर | २० | ४ | १ | ०.५ |
| १८ | JURELI SYNTHETIC ENAMEL | लिटर | २० | ४ | १ | ०.५ |
| १९ | GAIDA BUDGET SYNTHETIC ENAMEL | लिटर | २० | ४ | १ | ०.५ |
| २० | EVEREST WOOD PRIMER - WHITE | लिटर | २० | ४ | १ | ०.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | EVEREST WOOD PRIMER - PINK | लिटर | २० | ४ | १ | ०.५ |
| २२ | METAL PRIMER RED OXIDE | लिटर | २० | ४ | १ | ०.५ |
| २३ | EVEREST CHOICE | लिटर | ४ | १ | ०.५ | ०.२ |
| २४ | ALUMINIUM PAINT | लिटर | ४ | १ | ०.५ | ०.२ |
| २५ | BLACK JAPAN | लिटर | २० | ४ | १ | ०.५ |
| २६ | BRILLIANT MOIST GUARD-DAMP PROOF | लिटर | २० | १० | ४ | १ |
| २७ | EVERCREATE | लिटर | २० | १० | ४ | १ |
| २८ | TARPIN OIL | लिटर | | | ४ | १ |
| २९ | EVEREST CLEAR VARNISH | लिटर | | | ४ | १ |
| ३० | ROYAL ACRYLIC WASHABLE DISTEMPER | लिटर | २० | १० | ५ | १ |
| ३१ | BELL ACRYLIC DISTEMPER | के.जी | २० | १० | ५ | १ |
| ३२ | RED OXIDE POWDER- KIRMICHI (RED & BLACK) | के.जी | | | १ | ०.५ |
| ३३ | EVEREST GOLD/ GREEN PAINT | के.जी | १ | ०.५ | ०.२ | ०.१ |

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

कम्पनीले फोटोक्याटलिस्ट तथा यु.भि. प्रोटेक्टिभ पिग्मेन्टको प्रयोग गरी नानो प्रविधि आत्मसात गर्दै आएको छ। अत्याधुनिक प्रविधिका डबल साफ्ट पग मिक्सचर, ट्विन साफ्ट मिक्स्चर तथा हाइस्पिड मिक्स्चर मसिनरीहरु प्रयोग गर्दै आएको छ। ग्राहकहरुको चाहनालाई मध्यनजर गर्दै डिलर टिन्टिङ सिस्टम अन्तर्गत सेडको छनौट गरी आधुनिक डिस्पेन्सर तथा गाइरो मिक्स्चरको प्रयोग गरी डिलरमा नै चाहेको सेड बनाउन सकिने प्रविधि प्रयोग गरी आएको छ। आफ्ना उत्पादनहरुलाई गन्धरहित बनाउन उच्च प्रविधिको प्रयोग हुँदै आएको छ। आधुनिक तथा परिवर्तित प्रविधिलाई नजिकबाट नियाल्दै यथाशिघ्र आत्मसात गर्दै आफ्ना उत्पादनलाई परिस्कृत तथा गुणस्तरीय बनाउँदै लगिएको छ।

**(३) कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

यस कम्पनीले उत्पादन गर्ने रङ्गहरुमा प्रयोग गर्न कम्पनीको नाममा देहाय बमोजिमका ट्रेडमार्कहरु नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको उद्योग विभागमा दर्ता भएका छन्।

| क्र.म. | ट्रेडमाक | प्रमाणपत्र नं. | रेजिर्ष्टड मिति (ई.सं.) | नविकरण मिति | बहाल रहने मिति |
|---|---|---|---|---|---|
| १ | WHEELCEM | ३६३२६ | ११/०२/२०१४ | २०७७/१०/१२ | |
| २ | BELL ACRYLIC WASHABLE DISTEMPER | ३६३२७ | ११/०२/२०१४ | २०७७/१०/१२ | |
| ३ | COINCEM | ३६३२८ | ११/०२/२०१४ | २०७७/१०/१२ | |
| ४ | ROYALCEM | ३६३२९ | ११/०२/२०१४ | २०७७/१०/१२ | |
| ५ | KIRMICHI FLOOR OXIDE | ३६३३० | ११/०२/२०१४ | २०७७/१०/१२ | |
| ६ | JURELI ENAMEL | ३६३३१ | ११/०२/२०१४ | २०७७/१०/१२ | |
| ७ | EVERSHINE LASTING EXTERIOR WALL COATING | ०६७१६० | ०१/०४/२०२५ | | |
| ८ | FUCHCHE BELL INTERIOR EMULSION | ०६७१६१ | ०१/०४/२०२५ | | |
| ९ | EVERCOAT EXTERIOR EMULSION | ०६७१६२ | ०१/०४/२०२५ | | |
| १० | BELL INTERIOR EMULSION | ०६७१६३ | ०१/०४/२०२५ | | **७ वर्ष** |
| ११ | GAINDA BUDGET SYNTHETIC ENAMEL PAINT | ०६७१५५ | ०१/०४/२०२५ | | |
| १२ | DAISY PREMIUM INTERIOR EMULSION PAINT | ०६७१५६ | ०१/०४/२०२५ | | |
| १३ | ALIEN INTERIOR EMULSION PAINT | ०६७१५७ | ०१/०४/२०२५ | | |
| १४ | EVERGUARD PREMIUM EXTERIOR EMULSION | ०६७१५८ | ०१/०४/२०२५ | | |
| १५ | SAPPHIRE LUXURY INTERIOR PAINT | ०६७१५९ | ०१/०४/२०२५ | | |
| १६ | EVERTOP PREMIUM EXTERIOR EMULSION | ०६९२९५ | १८/०६/२०२५ | | |
| १७ | EVERSTAY SUPER PREMIUM EXTERIOR EMULSION | ०६९२९२ | १८/०६/२०२५ | | |
| १८ | EVERLAC BRILLIANT GLOSS ENAMEL | ०६९२९० | १८/०६/२०२५ | | |
| १९ | BRILLIANT MOIST GUARD | ०६९२९४ | १८/०६/२०२५ | | |

| | | | | |
|---|---|---|---|---|
| २० | DTS PRIMER | ०६९२८९ | १८/०६/२०२५ | |
| २१ | EVERGREEN EXTERIOR EMULSION | ०७०५६१ | ०४/०९/२०२५ | |
| २२ | रंगाउदै देश मेरो everest | ०७०५६० | ०४/०९/२०२५ | |
| २३ | ONE COAT WOOD PRIMER | ०७०५५९ | ०७/१०/२०२५ | |

उक्त ट्रेडमार्क चिन्ह लगायत कम्पनीले प्राप्त गरेका अन्य प्रमाण पत्रहरु कम्पनीको औद्योगिक सम्पत्ति तथा बौद्धिक सम्पत्तिको हक कम्पनीमा सुरक्षित रहेका छन् ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः**

कम्पनीले ओगटेको प्रमुख बजार क्षेत्र नेपाल अधिराज्य नै रहेको छ । विशेषतः कम्पनीको उद्योग रहेको जिल्ला चितवन र अन्य जिल्ला तथा मुख्य शहरहरु जस्तै काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, मकवानपुरमा हेटौडा, कास्की अन्तर्गत पोखरा, गोरखामा आँबु खैरेनी, छेपेटार, गोरखा, लमजुङमा दमौली, खैरेनी, दुलेगौडा, भिमान, वागलुङ, पर्वत, मुस्ताङ, रुपन्देहिमा भैरहवा, बुटवल, लुम्विनी, परासी, नवलपुर, कपीलवस्तु, दाँङमा लमही, तुलसीपुर, बाँकेको नेपालगंज, कैलाली, फिदिम, ईलाम, झापामा गौरादह, गौरीगँज, दमक, विर्तामोड, वुधबारे, मोरङ मा उर्लावारी, दुहवी, टँकीसीनवारी, विराटनगर, सुनसरीमा इटहरी, धरान, सिराहा, उदयपुर, सिन्धुली, खोटाङ, महोत्तरीमा बर्दिवास, धनुषामा महेन्द्रनगर, जनकपुर, सर्लाही, बारा, पर्सा, लगायतका विभिन्न क्षेत्रहरु कम्पनीले ओगटेको प्रमुख बजार क्षेत्रहरु हुन् ।

**संगठित संस्थाको बजार क्षेत्र देहाय बमोजिम रहेको छ :**

| सि.न. | ओगटेको बजार क्षेत्र | बिक्री प्रतिशत | |
|---|---|---|---|
| | | परिमाणमा | रकममा |
| १ | कोशी प्रदेश | १३.११ | १२.८१ |
| २ | मधेस प्रदेश | १०.८१ | १०.२२ |
| ३ | बाग्मती प्रदेश | ३७.८८ | ३७.३३ |
| ४ | गण्डकी प्रदेश | १४.७० | १५.५३ |
| ५ | लुम्बिनी प्रदेश | २१.५७ | २१.०२ |
| ६ | सुदुर पश्चिम प्रदेश | १.९३ | ३.०९ |

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः**

हाल यस कम्पनीले अन्तराष्ट्रिय स्तरका विभिन्न गुणस्तर तथा प्रकारका ईमल्सनहरु, प्राईमर, ईनामेल लगायतको डेकोरेटीभ तथा ईन्डस्ट्रीयल विभिन्न रङ्गहरु उत्पादन गर्दै आएकोमा आगामी दिनमा आउन सक्ने बजारको प्राथमिकता र मागलाई ध्यानमा राखी विभिन्न थप वारेन्टी युक्त अन्य विभिन्न प्रिमियम तथा नियमित ब्रान्डका रङ्ग उत्पादन गरी बजारको आवश्यकतालाई परिपूर्ति गर्ने योजना राखेको छ । निकट भविश्यमा विश्व वजारमा प्रचलीत अन्य अत्याधुनीक उत्पादन का साथै DESIGN PAINT, INDUSTRIAL PAINTS, FLOOR PAINT लगायतका उत्पादनहरु छिट्टै बजारमा ल्याउने तयारी भईरहेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः :**

यस कम्पनीको प्रमुख बजार भनेको उत्पादित ब्रान्डहरुलाई नेपालका हरेक ठाँउमा सहज रुपमा उपलब्ध गराई विक्रि वितरण गर्नु हो । कम्पनीको उद्योग रहेको जिल्ला चितवन र अन्य जिल्ला तथा मुख्य शहरहरु जस्तै काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, मकवानपुरमा हेटौडा, कास्की अन्तर्गत पोखरा, गोरखामा आँबु खैरेनी, छेपेटार, गोरखा, लमजुङमा दमौली, खैरेनी, दुलेगौडा, भिमान, वागलुङ, पर्वत, मुस्ताङ, रुपन्देहिमा भैरहवा, बुटवल, लुम्विनी, परासी, नवलपुर,कपीलवस्तु, दाँङमा लमही, तुलसीपुर, बाँकेको नेपालगंज, कैलाली, फिदिम, ईलाम, झापामा गौरादह, गौरीगँज,दमक, विर्तामोड, वुधबारे, मोरङ मा उर्लावारी, दुहवी, टँकीसीनवारी, विराटनगर, सुनसरीमा इटहरी, धरान, सिराहा, उदयपुर, सिन्धुली, खोटाङ, महोत्तरीमा बर्दिवास, धनुषामा महेन्द्रनगर, जनकपुर, सर्लाही, बारा, पर्सा, लगायतका विभिन्न क्षेत्रहरु कम्पनीले ओगटेको प्रमुख बजार क्षेत्रहरु हुन् । कम्पनीले आफ्नो उत्पादनहरु कारखाना तथा आफ्नो शाखा कार्यालय मार्फत सोझै डिलरहरुलाई सामान उपलब्ध गराउदै आएको छ र डिलरहरु मार्फत उत्पादनहरु बजारमा ग्राहकसम्म पुग्दछन् ।

**(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

कम्पनीको उत्पादन क्षमता प्रति वर्ष २०२० मेट्रिक टन रहेको छ भने आ.व. २०७९।८० मा २६७.२२ मेट्रिक टन रङ्ग उत्पादन गरी २७०.३२ मेट्रिक टन विक्रि वितरण गरेको थियो । आ.व. २०८०।८१ मा ३६६.६७ मेट्रिक टन रङ्ग उत्पादन गरी ३१६.५९ मेट्रिक टन विक्रि वितरण गरेको थियो । साथै आ.व. २०८१।८२ मा ५३०.९३ मेट्रिक टन रङ्ग उत्पादन गरी ५३४.६९ मेट्रिक टन विक्रि वितरण गरेको छ ।

| क्र.सं. | मेसिनको नाम | आर्थिक वर्ष ७९-८० क्षमता (मेट्रिक टन) | आर्थिक वर्ष ८०-८१ क्षमता (मेट्रिक टन) | आर्थिक वर्ष ८१-८२ क्षमता (मेट्रिक टन) | सिफ्ट / समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पग मिक्सचर | ६०० | ६०० | ६०० | १ सिफ्ट / ८ घण्टा | डिस्टेम्पर उत्पादन |
| २ | ट्विन स्याफ्ट डिस्पेन्सर | ५०० | ५०० | ५०० | १ सिफ्ट / ८ घण्टा | प्राइमर र इमल्सन |
| ३ | हाई स्पिड डिस्पेन्सर | ३०० | ३०० | ३०० | १ सिफ्ट / ८ घण्टा | इमल्सन उत्पादन |
| ४ | बल मिल नं. १ | ९५ | ९५ | ९५ | १ सिफ्ट / १२ घण्टा | काठका प्राइमर (सेतो/गुलाबी) |
| ५ | बल मिल नं. २ | ९५ | ९५ | ९५ | १ सिफ्ट / ८ घण्टा | धातु प्राइमर |
| ६ | एट्रिटर | ३० | ३० | ३० | १ सिफ्ट / १२ घण्टा | सबै इनेमल |
| ७ | एट्रिटर | १५० | १५० | १५० | १ सिफ्ट / १२ घण्टा | सबै इनेमल |
| ८ | बिड मिल | ५० | ५० | ५० | १ सिफ्ट / ८ घण्टा | सबै इनेमल |
| ९ | बिड मिल | ५० | ५० | ५० | १ सिफ्ट / ८ घण्टा | सबै इनेमल |
| १० | बिड मिल (नयाँ) | ० | ० | १५० | १ सिफ्ट / ८ घण्टा | सबै इनेमल, आ.व. ८१-८२ मा नयाँ मेसिन जडान |

**क. वार्षिक उत्पादन, बिक्री तथा क्षमता उपयोग विवरण:**

| विवरण | आ.व. ७९-८० | आ.व. ८०-८१ | आ.व. ८१-८२ |
|---|---|---|---|
| कुल उत्पादन क्षमता (मेट्रिक टन) | १८७० | १८७० | २०२० |
| वास्तविक उत्पादन (मेट्रिक टन) | २६७.२२ | २६६.६७ | ५३०.९३ |
| उत्पादन क्षमता उपयोग (%) | १४.२९% | १४.२६% | २६.२८% |
| कुल बिक्री मात्रा (मेट्रिक टन) | २७०.३२ | ३१६.५९ | ५३४.६९ |
| औसत मूल्य प्राप्ति (रु. मिलियनमा / मेट्रिक टन) | ०.२५ | ०.३० | ०.२७ |
| कुल बिक्री (रु. मिलियनमा) | ६७.६२८ | ९५.००२ | १४२.०९७ |
| वार्षिक कार्यदिवस | ३०० दिन | ३०० दिन | ३०० दिन |

**ग) उत्पादन र बिक्री चार्ट (Text-based Chart)**

**(क) कुल उत्पादन क्षमता (मेट्रिक टन)**
आ.व. ७९ - ८० | १८७०
आ.व. ८० - ८१ | १८७०
आ.व. ८१ - ८२ | २०२०

**(ख) वास्तविक उत्पादन (मेट्रिक टन)**
आ.व. ७९ - ८० | २६७.२२
आ.व. ८० - ८१ | २६६.६७
आ.व. ८१ - ८२ | ५३०.९३

**(ग) कुल बिक्री (रु. मिलियनमा)**
आ.व. ७९ - ८० | ६७.६३
आ.व. ८० - ८१ | ९५.००

**विश्लेषण (Analysis)**

- आर्थिक वर्ष **७९–८० र ८०–८१** मा उत्पादन क्षमता समान (१८७० **मेट्रिक टन**) रहे पनि वास्तविक उत्पादन कम देखिन्छ।
- आर्थिक वर्ष **८१–८२** मा नयाँ **Bead Mill** जडान भएपछि कुल उत्पादन क्षमता **२०२० मेट्रिक टन** पुगेको छ।
- सोही वर्षमा वास्तविक उत्पादन **५३०.९३ मेट्रिक टन** र क्षमता उपयोग **२६.२८%** पुगेको छ, जुन अघिल्ला वर्षभन्दा धेरै उच्च हो।
- उत्पादन वृद्धि सँगै **बिक्री मात्रा र कुल बिक्री रकम** पनि उल्लेखनीय रूपमा बढेको छ।
- यसले कम्पनीको **उत्पादन व्यवस्थापन र बजार माग** दुवै सुधार भएको देखाउँछ।

## (८) कम्पनी कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :

### श्रोत (Source)

(क) आन्तरिक श्रोत (Domestic Source)::

कच्चा पदार्थको उपलब्धता भएसम्म स्वदेशी कच्चा पदार्थ नै प्रयोग गर्ने उद्देश्य राखिएको छ । सो अनुरुप सम्पूर्ण प्याकिङ्ग पदार्थ स्वदेशबाट नै खरिद गरिएको छ । कच्चा पदार्थको हकमा स्वदेशमा उपलब्धता भए सम्मका स्वदेशी कच्चा पदार्थ नै प्रयोग भै आएको छ ।

(ख) आयात (Imported Source):

पिग्मेन्ट, एक्स्टेन्डर, रेजिन, बाइन्डर तथा केमिकलको स्वदेशमा उपलब्धता नभएका कारण उपलब्ध भएसम्म भारत लगायत दक्षिण एसियाली मुलुकबाट आयात गरिँदै आएको छ । सार्क मुलुकमा पनि उपलब्ध हुन नसकेका कच्चा पदार्थ भने तेश्रो मुलुकबाट आयात गरी उत्पादन गर्दै आइरहेको छ ।

### किसिम (Type)

(क) पिग्मेन्टस् (Pigments) : रंग उत्पादनका लागि मुख्य रङ दिने तथा अपासिटी दिने तत्व :

सेतो रंगका लागि टाइटानियम डाइअक्साइड तथा अन्य रंग अनुसारको अर्गानिक पिग्मेन्ट प्रयोग गरिंएको छ भने रातो तथा खैरो रंगका लागि प्राकृतिक तथा सिन्थेटिक आयरन अक्साईड प्रयोगमा लिइएको छ । पिगमेन्टको प्रयोग एक्स्टेन्डर, अग्नि, रसायन तथा अल्टाभायलेट किरण प्रतिरोधकका रुपमा पनि गरिने भएकाले पिगमेन्टको इनर्ट तथा प्रतिरोध क्षमतालाई पनि मध्यनजर राखी पिग्मेन्टको छनौट गर्ने गरिएको छ । साथै यसको अपासिटी क्षमतालाई पनि मध्यनजर गरी उचित पिग्मेन्टको छनौट गरी आएको छ ।

(ख) बाइन्डर (Binders) : रंगलाई सतहमा टाँसिराख्न प्रयोग हुने :

बाइन्डरको प्रयोग पिग्मेन्टलाई एक आपसमा बाँधेर फिल्म लेयर बनाएर सतहमा टाँसि राख्न प्रयोग गरिने गरिएको छ । वाटरबेस उत्पादनहरुमा ल्याटेक्स तथा आयलबेस उत्पादनहरुमा अल्काइड रेजिनको प्रयोग गरिएको छ । बाइन्डर छनौट गर्दा लो अडर तथा लो भि.ओ.सी. बाइन्डर छनौट गरिदै आएको छ । साथै अल्कली तथा इफ्लोरेन्ट प्रतिरोध क्षमतालाई समेत मध्यनजर राख्ने गरिएको छ ।

(ग) सोल्भेन्ट (Solvent) : रंगको कन्सिस्टेन्सी तथा भिस्कोसिटी मिलाउन प्रयोग हुने :

वाटरबेस उत्पादनहरुमा पानी तथा आयलबेस उत्पादनहरुमा मिनरल तार्पिन तेल, मट्टितेल तथा थिनर प्रयोग गरिएको छ ।

(घ) एडिटिभ (Additive) : रंगको स्थिरताका लागि प्रयोग गरिने रसायन :

उत्पादनको स्थिरताका लागि पिग्मेन्ट, बाइन्डर तथा सोल्भेन्ट बिचको समन्वय मिलाउनका लागि थिकनर, डिस्पर्सिंग, एन्टीसेटलिङ तथा डिफोमिङ एजेन्ट जस्ता एडेटिभको प्रयोग गरिएको छ ।

(ङ) डायर तथा एन्टीफन्गल एजेन्ट (Drier & Antifungal Agent) : रंगको गुणस्तर सुधार गर्न प्रयोग हुने रसायन उत्पादनलाई बट्टा भित्र फन्गल ग्रोथ हुनबाट रोक्न इन्केन तथा सतहमा प्रयोग भैसकेपछि फन्गल ग्रोथ हुनबाट रोक्न फिल्म प्रिजरभेटिभको प्रयोग गरिएको छ । साथै मौसम अनुकुल उचित समयमा रंगको पूर्णता कायम गर्न ड्रायरको प्रयोग गरिएको छ ।

### उपलब्धता (Availability)

(क) स्थानिय बजार (Local Market) :

सोल्भेन्टका रुपमा मट्टितेल स्थानीय बजारमा नै उपलब्ध हुने भएकाले स्वदेशमा नै खरिद गर्दै आएको छ । उपलब्ध भएसम्म अन्य कच्चा पदार्थ सकेसम्म स्थानीय बजारबाट नै खरिद भै आएको छ । प्याकेजिङ पदार्थ बाल्टी, बट्टा तथा कार्टुन स्थानिय उत्पादन नै प्रयोग गर्दै आएको छ ।

(ख) आयातित (Imported) :

मिनरल आयल, गुण्स्तरिय केमिकल, पिग्मेन्ट, रेजिन तथा बाइन्डर स्वदेशमा उत्पादन नहुने भएकाले भारत लगायत सार्क मुलुक तथा आवश्यक परे तेश्रो मुलुकबाट आयात गरीदै आएको छ। आफ्ना उत्पादनको गुणस्तरलाई मध्य नजर राख्दै स्थानीय रुपमा उपलब्ध हुनुका साथै लागत न्युनिकरण हुने देखिएता पनि कतिपय सामाग्री प्राविधिक गुणस्तर कायम राख्न आयात गर्नु पर्ने अपरिहार्यता रहँदै आएको छ।

(ग) सरकारी नीति तथा लागत (Policy & Cost) :

समय समयमा परिवर्तन भइ रहने भन्सार दर तथा नीतिले आयातित कच्चा पदार्थको उपलब्धता तथा दरमा प्रत्यक्ष प्रभाव पार्दै आइरहेको छ। साथै अन्तर्राष्ट्रिय बजारको भाउका साथै बिदेशी बिनिमयमा हुने परिवर्तनले पनि कच्चा पदार्थ तथा उत्पादनमा प्रत्यक्ष प्रभाव पर्दै आएको छ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** :

कम्पनीका उत्पादनहरुको गुणस्तर कायम गर्न विभिन्न चरणहरुमा परिक्षणहरु गरिन्छ। यस अन्तर्गत देहाय बमोजिम रहेको छ:

- सर्वप्रथम कच्चापदार्थ तथा प्याकिङ पदार्थ (बाल्टी बट्टा तथा कार्टुन) को गुणस्तर मापदण्ड अनुरुप भए नभएको चेकजाँच गरेर मात्र कारखाना भित्र्याईन्छ।
- रङ्ग उत्पादनः तयारी अवस्थामा रहेको रंगलाई प्रयोगशालामा NS मापदण्ड अनुरुप भए नभएको चेकजाँच गरी सुधार गर्नुपर्ने देखिए सुधार गरेर प्रयोगशालाबाट गुणस्तरको सुनिश्चितता पश्चात मात्र प्याकेजिङ्गको लागि पठाईन्छ।
- गुणस्तर चेकजाँचमा पास भएका रङ्गलाई बट्टामा मेसिनद्वारा परिमाण यकिन गरेर मात्र रङ्ग भरिन्छ।
- बिर्को लगाउने तथा सिलबन्दी गर्ने : प्रत्येक बाल्टीन तथा बट्टामा मेसिनबाट बिर्को जडान गरे पश्चात् प्राविधिक व्यक्तिले प्रत्येक बाल्टीन तथा बट्टाको बिर्को ठीक तरिकाले लागेको वा नलागेको र सिलबन्दी भए नभएको जाँच गरे पश्चात् लेबल टाँस गर्न पठाईन्छ।
- लेबल टाँसः प्रत्येक बाल्टीन र बट्टाको नियमानुसारको लेबल टाँस गरिन्छ। जसमा ब्रान्डको नाम, उत्पादकको नाम, ब्याच नं., उत्पादन मिति, प्रयोग गर्ने अन्तिम मिती आदी तोकिएको हुन्छ।
- लेबलिङ्ग तथा प्याकेजिङ्ग चेक, ISO 9001:2015 मापदण्ड अनुरुप भए नभएको जाँच पश्चात् बजारमा पठाउन योग्य तयारी रंगलाई उचित भण्डारण कक्षमा बिक्री वितरणका लागि पठाईन्छ।

**(१०) अनुसन्धान तथा विकास :**

कम्पनीले आगामी दिनका चुनौतीहरु एवं बजार प्रतिस्पर्धालाई आत्मसाथ गर्दै समय सापेक्ष रुपमा नयाँ रङ्ग, गुणस्तरयुक्त ब्रान्डहरुको उत्पादन गर्न अध्ययन अनुसन्धानका कार्यलाई नियमित रुपमा अघि बढाउने कार्य गर्ने गरिएको छ। सो कार्यका लागि छुट्टै अनुसन्धान तथा बिकास टोली खडा गरी कार्य गर्दै गराउँदै आइरहेको छ। आधुनिक प्रविधि आत्मसाथ गर्दै आफ्ना उत्पादन गुणस्तरीय बनाउन अनुसन्धान गरी उचित प्रविधिको प्रयोग गदै आइ रहेको छ। साथै बजारबाट आएका सुझाव, सल्लाह तथा गुनासोलाई मध्यनजर गर्दै सो विषयमा अध्ययन तथा अनुसन्धान गरी सुधार गर्दै आइरहेको छ। आधुनिक प्रविधिसँग साक्षात्कार रहन आफ्ना **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा** कर्मचारीलाई अन्तर्राष्ट्रिय कन्फ्रेन्सहरुमा प्रत्यक्ष तथा भर्चुअल माध्यमबाट सहभागी गराउँदै आएको छ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :** सो नभएको।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** यस कम्पनीले कार्यरत कर्मचारीहरुसँग सुमधुर सम्बन्ध कायम गर्ने गरेको र श्रम ऐन सम्बन्धी व्यवस्थाको पूर्ण पालना गरेको छ। विगतमा पनि कुनै औद्योगिक विवाद नभएको।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** यस कम्पनीले उत्पादन गरेको ब्रान्डहरुको बजार हिस्सा उत्साहजनक रहेको छ र स्थानीय बजारमा उल्लेख्य सहभागिता जनाउन सफल रहेको छ। विगत लामो समयदेखि बजारमा स्थापित भइसकेका यस कम्पनीका अन्य प्रतिस्पर्धी उद्योगहरुको उत्पादन विक्री वितरण प्रणालीलाई चुनौती दिई यस कम्पनीको ब्रान्डहरुलाई बजारमा थप विस्तार गर्दै पृथक ब्रान्डका रुपमा परिचित गराउनु चुनौतीपूर्ण रहेको छ। यद्यपी बजारमा यस कम्पनीका प्रिमियम र नयाँ ब्रान्डहरुको प्रवेशले बजारमा प्रतिस्पर्धी उत्पादनहरुलाई राम्रो प्रतिस्पर्धा दिनुका साथै बजारमा आफ्ना उत्पादनहरु पृथक र लिडिंग ब्रान्डका रुपमा स्थापित हुने विश्वास कम्पनीले गरेको छ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :** सो नभएको।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : सो नभएको ।

**ग.३.ख) सम्पत्तिको विवरण**

(अ) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः**
हालसम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण तल उल्लेख बमोजिम रहेको छ ।

**कम्पनीको नाम रहेको जग्गाको विवरण**

| क्र.स. | साविक कित्ता नं. | सम्पति | स्थल | क्षेत्रफल |
|---|---|---|---|---|
| १. | २१६ | एभेरेष्ट कलर लि. | चितवन चैनपुर | ८८८.८८ वर्ग मिटर |
| २. | २१५ | एभेरेष्ट कलर लि. | चितवन चैनपुर | ४३१.७५ वर्ग मिटर |
| ३. | २०९ | एभेरेष्ट कलर लि. | चितवन चैनपुर | ६२६.४४ वर्ग मिटर |
| ४. | २१४ | एभेरेष्ट कलर लि. | चितवन चैनपुर | ८४.८२ वर्ग मिटर |
| ५. | २०८ | एभेरेष्ट कलर लि. | चितवन चैनपुर | १२६.३२ वर्ग मिटर |
| ६. | २१३ | एभेरेष्ट कलर लि. | चितवन चैनपुर | ४२.८२ वर्ग मिटर |
| ७. | ३६७ | एभेरेष्ट कलर लि. | चितवन चैनपुर | १०७९.३८ वर्ग मिटर |
| **जम्मा** | | | | **३२८०.४२ वर्ग मिटर** |

**कम्पनीको उद्योग तथा कार्यलय रहेका भौतिक संरचना विवरण**

| क्र.स. | विवरण | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| १ | उद्योग | २०९, २१६, ३६६, ६०३, ६०५ | २८०५.८४ वर्ग मिटर |
| २ | कार्यालय | ३६७, २१६ | ०-५-१६.२ |

| विवरण | प्रयोगको अधिकारसम्बन्धी सम्पत्ति | जग्गा | जग्गा तथा भवन | प्लान्ट तथा उपकरण | फर्निचर तथा फिक्स्चर | कार्यालय उपकरण | सवारी साधन | अमूर्त सम्पत्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **लागत** | | | | | | | | | |
| वर्षको सुरुमा | १,१५२,४७३ | ५७,८३९,११० | ३१,११६,०५० | १०,३९९,१०५ | १,१२२,९२७ | ४,२७४,९०८ | १०,७७८,८४० | २३७,९७८ | ११६,९२१,३८९ |
| थप (Additions) | - | - | ४,३३१,१८१ | ६२१,६४६ | २४८,५३९ | १,२६४,३०४ | ३,९०३,३९२ | ४४३,००० | १०,८१२,०६३ |
| निकासी (Disposals) | - | - | - | - | - | - | - | - | - |
| **वर्षको अन्त्यमा** | **१,१५२,४७३** | **५७,८३९,११०** | **३५,४४७,२३१** | **११,०२०,७५१** | **१,३७१,४६६** | **५,५३९,२१२** | **१४,६८२,२३१** | **६८०,९७८** | **१२७,७३३,४५२** |
| संचित ह्रास (Accumulated Depreciation) | - | - | - | - | - | - | - | - | - |
| वर्षको सुरुमा | ६२८,६२२ | - | ९७७,९५३ | १,१५४,१७२ | २६२,००८ | ३९५,८१७ | १,५१७,९४४ | ५९,४९४ | ४,९९६,०१० |
| वर्षभरको ह्रासखर्च | ३१४,३११ | - | ५८३,५१९ | ५८५,१९० | १५५,७७९ | २७५,०७९ | १,७६१,११२ | ५४,४२४ | ३,७२९,४१४ |
| निकासी (Disposals) | - | - | - | - | - | - | - | - | - |
| **वर्षको अन्त्यमा** | **९४२,९३२** | **-** | **१,५६१,४७२** | **१,७३९,३६२** | **४१७,७८७** | **६७०,८९६** | **३,२७९,०५६** | **११३,९१८** | **८,७२५,४२४** |
| **नेट बुक भ्यालु** | | | | | | | | | |
| **आषाढ मसान्त २०८१** | ५२३,८५१ | ५७,८३९,११० | ३०,१३८,०९७ | ९,२४४,९३३ | ८६०,९१९ | ३,८७९,०९१ | ९,२६०,८९६ | १७८,४८३ | १११,९२५,३८० |
| **आषाढ मसान्त २०८२** | २०९,५४१ | ५७,८३९,११० | ३३,८८५,७५९ | ९,२८१,३८९ | ९५३,६७९ | ४,८६८,३१६ | ११,४०३,१७५ | ५६७,०५९ | ११९,००८,०२८ |

(आ) **बूँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने** : माथि उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै हो ।

(इ) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :
ग्लोबल आई.एम.ई. र यस कम्पनी बीच मिति **२०८१/११/२०** मा भएको ऋण सम्झौता अनुरुप आ.व. २०८१/८२ मा उक्त बैंकबाट यस कम्पनीले क्यास क्रेडिट, प्रतितपत्र, अल्पकालिन कर्जा/ ट्रष्ट रिसिप्ट कर्जा, हायरपर्चेज कर्जा, र बैंक जमानत सुविधा प्राप्त गर्नको लागि कर्जाको सुरक्षण वापत् एभरेष्ट कलर लिमिटेडको नाममा रहेको चितवन जिल्ला खैरहनी न.पा. वडा नं ३ स्थित ३२८०.४२ वर्ग मी. को घर जग्गा उक्त बैंकको नाममा दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन पारित गरिएको छ ।

(ई) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण :** साविक चितवन, चैनपुर-०७ (हाल खैरनी नगरपालिका, वडा नं. ३, टुंगारामा) स्थित संगठित संस्थाको नाममा रहेको ३२८०.४२ क्षेत्रफलको जग्गाको परल मूल्य रु.१,५१,१२,५००।- रहेकोमा सो जग्गाको पुनर्मूल्यांकन गरी रु. ५,३६,५९,०००।- कायम गरिएको छ जस बापत रु. ३,८५,४६,५००।- बराबरको पुनर्मूल्यांकन सञ्चिति मा राखिएको छ ।

(उ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : स्वतन्त्र मूल्याङ्कनकर्ताले संगठित संस्थाको नाममा रहेको साविक चितवन, चैनपुर-०७ (हाल खैरनी नगरपालिका, वडा नं. ३, टुंगारामा) स्थित ३२८०.४२ क्षेत्रफलको जग्गाको परल मूल्य रु. १,५१,१२,५००.।- को पुनर्मूल्यांकन गरी रु. ५,३६,५९,०००.।- कायम गरिएको छ । त्यसैगरी, जग्गा पुनर्मूल्यांकनका सम्बन्धमा स्वतन्त्र भ्यालुएटरबाट जग्गाहरुको उचित बजार मूल्यमा (FMV) मुल्यांकन गरेको छ ।

**ग.३.ग) भावी योजना तथा रणनीति :**

(अ) **व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**
यस कम्पनीको भावी योजना अन्तर्गत कम्पनीले विक्रि प्रणालीको विकास र गुणस्तरलाई केन्द्रिकृत गर्ने योजना बनाएको छ । कम्पनीले प्रारम्भिक चरणमा मार्जिन आर्जन गर्ने भन्दा विक्रि परिमाणलाई वृद्धि गर्दै खरिद, स्रोत साधनको व्यवस्थापन र सञ्चालनको दक्षता सुधार गर्ने रणनीति तय गरेको छ । कम्पनीले आफ्ना उत्पादनहरूको गुणस्तर तथा प्याकेजिङलाई बजारको अपेक्षाभन्दा सधैं उत्कृष्ट कायम गरिराख्न आवश्यक सम्पूर्ण पहलहरु सुनिश्चित गर्ने रणनीति तय गरेको छ । नेपाल विकासोन्मुख देश भएकाले यहाँ विभिन्न पूर्वाधारहरुको निर्माण गर्ने कार्य अझै बाँकी रहेको छ । विगतका केही वर्षबाट नेपालमा ठुला-ठुला विकासका परियोजनाहरुको निर्माण कार्यले गति लिएको छ फलस्वरुप आउने वर्षहरुमा रङ्गको माग उच्च रहने अनुमान छ । सो लाई मध्य नजर गरि सृजित हुने मागको आधारमा संगठित संस्थाले आफ्नो उत्पादन क्षमता विस्तार गरिसकेको र सोहि बमोजिम उत्पादन क्षमताको उपयोग बृद्धि गर्दै लैजाने रणनिति लिएको छ । साथै भविष्यको आवश्यकता अनुरुप क्षमता बृद्धि गर्दै जाने योजना रहेको छ ।

हाल नेपाली बजारको मागको अवस्था र भविष्यमा हुन सक्ने सम्भावनाहरुलाई मध्यनजर गरी संगठित संस्थाले निम्न बमोजिमका भावी योजना बनाएको छ ।

१. रङ्गको क्षमता विस्तार गर्ने तथा अन्य स्थानमा शाखा उद्योग/कार्यालयहरु खोल्ने तथा अधिग्रहण गरी संचालन गर्ने,
२. समयानुकुल प्रविधिको गुणस्तरलाई प्राथमिकतामा राखी आफ्नो उत्पादन लागत कटौती गर्ने,
३. रङ्गसंग सम्बन्धित कच्चा पदार्थहरुको अन्वेषण तथा विकास र खोजी कार्य गर्ने,
४. संगठित संस्थालाई नेपालको रङ्ग उत्पादकहरु मध्ये अग्रणी उत्पादकको रुपमा स्थापित गर्ने ।

माथि उल्लेखित भावी योजनालाई प्राप्त गर्न देहाय बमोजिमको कार्य गर्ने :

१. बजारलाई विश्लेषण गरेर आउँने ५ वर्ष भित्र उद्योगको क्षमता विस्तार गर्ने तथा अन्य स्थानमा शाखा कार्यालयहरु खोली संचालन गर्ने,
२. समयानुकुल प्रविधिको गुणस्तरलाई प्राथमिकतामा राखी आफ्नो उत्पादन लागत कटौती गर्ने प्रक्रिया निरन्तर रुपमा जारी राख्ने,
३. संगठित संस्थाले विभिन्न उत्पादनहरुको गुणस्तर बृद्धी गर्न निरन्तर अनुसन्धान तथा बिकास (research and devlopment) कार्य जारी राख्ने ।

(आ) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :** बजार प्रतिस्पर्धालाई मध्येनजर गर्दै यस कम्पनीको भविष्य सुनिश्चित गर्नका लागि कम्पनीले नियमित प्रवर्धनात्मक कार्यक्रमहरू गर्ने र कम्पनीको प्रमुख वितरण साझेदारहरूसँगको अन-ट्रेड तथा अफ-ट्रेड सहकार्य गरी कम्पनीको ब्रान्डको उपभोग र पुनः उपभोगलाई विस्तार गर्ने योजना कम्पनीको रहेको छ । संगठित संस्थाले ओगटेको बजार क्षेत्र देहाय बमोजिम रहेको छ :

| सि.न. | ओगटेको बजार क्षेत्र | बिक्री प्रतिशत % |
|---|---|---|
| | | रकममा |
| १ | कोशी प्रदेश | ०.४५ |
| २ | मधेस प्रदेश | १.१५ |
| ३ | बाग्मती प्रदेश | १.३५ |
| ४ | गण्डकी प्रदेश | ०.५० |
| ५ | लुम्बिनी प्रदेश | ०.४५ |
| ६ | सुदुर पश्चिम प्रदेश | ०.१५ |

**ग.३.घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार सात (७) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह "क" संस्थापक शेयरधनीहरुबाट | ४ जना |
| समूह "ख" सर्वसाधारण शेयरधनीहरूबाट | २ जना |
| स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७ जना (कम्तीमा एक महिला सहित)** |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको धितोपत्र सार्वजनिक निष्काशन भई बाँडफाँड भए पश्चात् कायम हुने शेयरधनीहरु समेतको उपस्थितिमा सम्पन्न हुने साधारण सभा पश्चात् सञ्चालक समितिको संरचना नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार हुनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

**ग.४) पुँजी संरचना सम्बन्धी जानकारी :**

**ग.४(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण :**

**अधिकृत पूँजी:** कम्पनीको अधिकृत पूँजी रु. ३०,००,००,०००/- (अक्षरेपी तिस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००।– का दरले ३०,००,००० थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पूँजी:** कम्पनीको जारी पूँजी रु. ३०,००,००,०००/- (अक्षरेपी तीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले ३०,००,००० थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पूँजी:** कम्पनीको चुक्ता पूँजी रु. २२,१०,००,०००/- (अक्षरेपी बाईस करोड दश लाख मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले २२,१०,००० थान शेयरमा बिभाजन गरिएको छ ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी तथा चुक्ता पुँजीमा परिवर्तन सम्बन्धी विवरण:

| आ.व. | अधिकृत पुँजी (रु.) | जारी पुँजी (रु.) | चुक्ता पुँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| ७९/८० | १०,००,००,०००/- | १०,००,००,०००/- | ६,५३,६८,१००/- | |
| ८०/८१ | ३०,००,००,०००/- | २६,००,००,०००/- | १६,७५,०६,५५०/- | |
| ८१/८२ | ३०,००,००,०००/- | ३०,००,००,०००/- | २२,१०,००,०००/- | |

**ग.४(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्ध-पत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

| क्र.सं | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता पूँजी रकम (रु.) | पूंजी संरचना(%) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | २२,१०,००० | २२,१०,००,०००/- | ७३.६७ % | शत प्रतिशत |
| २ | सर्वसाधारण शेयरधनीहरू (बैदेशीक रोजगारमा रहेका नेपाली, सामुहिक लगानी कोष र कर्मचारीहरु समेत) | ७,९०,००० | ७,९०,००,०००/- | २६.३३ % | सार्वजनिक निष्काशन पश्चात् चुक्ता हुने । |
| **जम्मा** | | **३०,००,०००** | **३०,००,००,०००/-** | **१०० %** | |

**नोट :सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।**

**ग.४(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** सो नभएको ।

ग.५)	संस्थापक/सञ्चालकसम्बन्धी जानकारी :

ग.५.क) संस्थापक/संचालकको पृष्ठभूमि :

(अ) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार र व्यवसायमा अनुभव :

## आधारभूत शेयरधनीको विवरण

| क्र.सं | नाम, थर र ठेगाना | पद | उमेर | राष्ट्रियता | धारण गरेको कूल शेयर | शेयर स्वामित्व प्रतिशत | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/व्यवसायको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नामः- राम प्रसाद सापकोटा<br>ठेगानाः काभ्रेपलाञ्चोक जि. अनौकोट गाउपालिका वडा नं. ३ | संस्थापक शेयरधनी | ७२ वर्ष | नेपाली | १६०,५०० | ७.२६ | माध्यामिक | छैन | शिक्षण र व्यापार (६ वर्ष) |
| २ | नामः रोजिना श्रेष्ठं<br>ठेगाना : जि.भक्तपुर, मध्यपुर थिमी उ.म.न.पा., वडा नं ८ | सञ्चालक | ३० वर्ष | नेपाली | १५०,००० | ६.७९ | उच्च माध्यामिक | छैन | आयात/निर्यात क्षेत्रमा ५ वर्षको अनुभव |
| ३ | नामः-सरोज लुईटेल<br>ठेगानाः-जिल्ला काभ्रेपलाञ्चोक, पाँचखाल न.पा. ४ | सञ्चालक | ४६ वर्ष | नेपाली | १४१,६५० | ६.४१ | स्नाकोतर | २४ वर्षको अनुभव | |
| ४ | नामः राजन श्रेष्ठ<br>ठेगाना : जि.काठमाडौं, सतुङ्गल गा.वि.स. वडा नं ८ | संस्थापक शेयरधनी | ३८ वर्ष | नेपाली | १३१,४५० | ५.९५ | स्नातक | ३ वर्ष | कला सम्बन्धि १ वर्षको अनुभव |
| ५ | नामः सोहन चौधरी<br>ठेगाना : जि.काठमाडौं, सतुङ्गल गा.वि.स., वडा नं ७ | संस्थापक शेयरधनी | ६३ वर्ष | नेपाली | १००,००० | ४.५२ | स्नातक | छैन | व्यापार (१५ वर्ष ) |
| ६ | नामः महेश्वर खनाल<br>ठेगाना : जि.काठमाडौं, का.न.पा. वडा नं<br>४ परिवर्तित का.म.पा.वडा नं ४ | सञ्चालक | ५० वर्ष | नेपाली | ७५,००० | ३.३९ | प्रवीणता प्रमाणपत्र | छैन | स्थानीय बजार तथा आयात/निर्यातमा २० वर्षको अनुभव |
| ७ | नामः एन्जल श्रेष्ठ<br>ठेगाना : जि.काठमाडौं, सतुङ्गल-५ | संस्थापक शेयरधनी | २७ वर्ष | नेपाली | ४३,५०० | २.०० | स्नाकोतर | छैन | व्यापार विश्लेषक( ४ वर्ष ) |
| ८ | नामः- शैलेन्द्र कुमार सिटौला<br>ठेगानाः झापा जिल्ला गौरादह वडा नं. ७ परिवर्तित गौरादह न.पा., वडा नं २ | संस्थापक शेयरधनी | ४९ वर्ष | नेपाली | ७९,०६८ | ३.५८ | स्नातक | २१ वर्ष | छैन |
| ९ | नामः विजय रानाभाट<br>ठेगाना : जि. काठमाडौं, कानपा, वडा नं. ९, परिवर्तित का.म.न.पा.वडा नं ९ | संस्थापक शेयरधनी | ४६ वर्ष | नेपाली | ५६,००० | २.५३ | स्नाकोतर | छैन | शेयर बजार ( २० वर्ष ) |
| १० | नामः शर्मिला खड्का<br>ठेगाना : जि.भक्तपुरं, नंखेल गा.वि.स. वडा नं ४ परिवर्तित सूर्यविनायक न.पा. वडा नं ९ | संस्थापक शेयरधनी | ४२ वर्ष | नेपाली | ५०,५०० | २.२९ | स्नातक | छैन | दुरसञ्चारमा ६ वर्ष |
| ११ | स्मार्ट एट ईन्भेष्टमेन्ट प्रा.लि.<br>ठेगाना : जि.काठमाडौं, का.म.पा. वडा नं २२ खिचापोखरी । | संस्थापक शेयरधनी | ८ वर्ष | नेपाली | ५०,००० | २.२६ | छैन | छैन | छैन |
| १२ | नामः- हरीकला शर्मा रिमाल<br>ठेगानाः शुक्ला गण्डकी ७ तनहुँ | संस्थापक शेयरधनी | ३७ वर्ष | नेपाली | ४०,६४६ | १.८४ | स्नातक | १५ वर्ष | छैन |
| १३ | नामः श्रीशुभ खनाल<br>ठेगाना :जि.काठमाडौं, का.म.पा. वडा नं ४ | संस्थापक शेयरधनी | १८ वर्ष | नेपाली | ४०,००० | १.८१ | माध्यामिक | छैन | छैन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | नामः-बद्रिनाथ पोखरेल<br>ठेगानाः- जिल्ला चितवन, गितानगर ५ | संस्थापक शेयरधनी | ६२ वर्ष | नेपाली | ३९,८९१ | १.८१ | माध्यामिक | १५ वर्ष | छैन |
| १५ | नामः- सोम कुमार थापाठेगानाः- हल्दीवारी ३,झापा | संस्थापक शेयरधनी | ४६ वर्ष | नेपाली | ३५,१८५ | १.५९ | माध्यामिक | २१ वर्ष | छैन |
| १६ | नामः- मुकेश गुप्ता<br>ठेगानाःजिल्ला रुपन्देही, बुटवल ७ | संस्थापक शेयरधनी | ३५ वर्ष | नेपाली | ६६,००० | १.४९ | स्नातक | १८ वर्ष | छैन |
| १७ | नामः निशान ढुङ्गाना<br>ठेगाना : जि.काभ्रे, मण्डनदेउपुर न.पा., वडा नं ९ | संस्थापक शेयरधनी | १९ वर्ष | नेपाली | ३०,००० | १.३६ | उच्च माध्यामिक | छैन | छैन |
| १८ | नामः- निस्ता खाँड<br>ठेगानाः-जि. नवलपरासी शिवमन्दिर ८ | संस्थापक शेयरधनी | ४७ वर्ष | नेपाली | २८,११० | १.२७ | उच्च माध्यामिक | छैन | सामाजिक सेवा (२० वर्ष ) |
| १९ | नामः- विपुल सिटौला<br>ठेगानाः जि. झापा गौरादह ७ हाल गौरादह २ | संस्थापक शेयरधनी | ४४ वर्ष | नेपाली | २६,६५० | १.२१ | स्नाकोतर | छैन | लेखापाल ( १० वर्ष ) |
| २० | नामः-राजन लाल श्रेष्ठ<br>ठेगानाः-जि.काभ्रे पांचखाल ६ परिवर्तित पाँचखाल न.पा. वडा नं. ४ | सञ्चालक | ४७ वर्ष | नेपाली | २५,००० | १.१३ | प्रवीणता प्रमाणपत्र | सम्बन्धित क्षेत्रको १५ वर्षको अनुभव | |
| २१ | लगानी हब प्रा. लि.<br>ठेगाना : जि. काडमाडौं, वार्ड नं १०, स्यूचाटार नगरपालिका, नागर्जुन | संस्थापक शेयरधनी | ४ वर्ष | नेपाली | २५,००० | १.१३ | छैन | छैन | छैन |
| २२ | नामः-अनन्त वर्तौला<br>ठेगानाः कुमरोज ७ चितवन परिवर्तित खैरहनी ६ | संस्थापक शेयरधनी | ३४ वर्ष | नेपाली | २४,९०० | १.१३ | उच्च माध्यामिक | १३ वर्ष | छैन |
| २३ | नामः-प्रमिला सिटौला<br>ठेगानाः- जिल्ला झापा, गौरादह वडा नं. ७ परिवर्तित गौरादह न.पा., वडा नं २ | संस्थापक शेयरधनी | ३९ वर्ष | नेपाली | २४,०५० | १.०९ | उच्च माध्यामिक | छैन | छैन |

## संचालकहरुको विवरण

| सि.नं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | धारण गरेको कूल शेयर | शेयर स्वामित्व % | शैक्षिक योग्यता | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | महेश्वर खनाल | सञ्चालक अध्यक्ष | ५० वर्ष | नेपाली | काठमाडौं, का.म.पा. वडा न ४ | ७५,००० | ३.३९ | प्रमाणपत्र तह | स्थानीय बजार तथा आयात/निर्यातमा २० वर्षको अनुभव (वि.सं.२०६२) |
| २ | सरोज लुइटेल | प्रबन्ध सञ्चालक | ४५ वर्ष | नेपाली | कभ्रेपलाञ्चोक, पाँचखाल न.पा. ४ | १,४१,६५० | ६.४१ | स्नातोकोतर | रंग सम्बन्धित व्यवसाय क्षेत्रमा वि.सं. २०५८ साल देखि |
| ३ | रोजिना श्रेष्ठ | सञ्चालक | ३० वर्ष | नेपाली | भक्तपुर, मध्यपुर थिमी उ.म.न.पा., वडा नं ८ | १,५०,००० | ६.७९ | प्रमाणपत्र तह | आयात/निर्यात व्यवसायमा क्षेत्रमा ५ वर्षको अनुभव (वि.सं.२०७७) |
| ४ | राजन लाल श्रेष्ठ | सञ्चालक | ४७ वर्ष | नेपाली | काभ्रे पांचखाल ६ परिवर्तित पाँचखाल न.पा. वडा नं. ४ | २५,००० | १.१३ | प्रमाणपत्र तह | निमार्ण सामग्री व्यवसाय सम्बन्धित क्षेत्रमा वि.सं.२०६७ साल देखि |
| ५ | कपिल देव महतो | स्वतन्त्र सञ्चालक | ४४ वर्ष | नेपाली | सिरहा, लहान न.पा. वडा नं १ | - | - | स्नातोकोतर | लेखा तथा वित्त क्षेत्रमा १८ वर्षको अनुभव वि.सं.२०६८ |

कम्पनीको संचालक नियुक्ति मिति २०८१/८/६ देखि २०८५/८/५ र स्वतन्त्र संचालकको हकमा २०८२/२/७ देखि २०८४/२/६

सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको उद्घोषण गर्दछौं ।

**(आ) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.स. | संस्थाको नाम, ठेगाना | संक्षिप्त विवरण | सञ्चालकको नाम, ठेगाना | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|---|
| १. | **स्मार्ट एट ईन्भेष्टमेन्ट प्रा.लि. ठेगाना : जि. काठमाडौं, का.म.पा. वडा नं २२ खिचापोखरी ।** | व्यापारिक भवन, अपार्टमेन्ट वा हाउजिङ्ग निर्माण गरी बिक्री गर्ने, लगानी विभिन्न स्वदेशी तथा विदेशी कम्पनी, जलविद्युत (Hydropower), बैंक तथा वित्तीय संस्थाहरुको शेयर, डिबेन्चर र ऋण पत्रहरुमा लगानी गर्ने, किस्ताबन्दी सुविधा सवारी साधन र घरायसी सामग्रीहरु सुलभ किस्ताबन्दी वा हायर पर्चेज (Hire Purchase) मा उपलब्ध गराउने, परामर्श सेवा घरजग्गा, निर्माण र व्यवस्थापकीय विषयमा शुल्क लिई वा नलिई परामर्श प्रदान गर्नेविषयमा शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने। | १. मनोहर विक्रम कुँवर<br>२. बुद्ध रत्न महर्जन<br>३. अनिल राज राजकर्णिकार<br>४. चँदामान मानन्ध/<br>५. सशिन श्रेष्ठ<br>६. रमेश लाल श्रेष्ठ<br>७. जितेन्द्र नारायण श्रेष्ठ | ५०,००० |
| २. | **लगानी हब प्रा. लि. ठेगाना : जि. काठमाडौं, वार्ड नं १०, स्यूचाटार नगरपालिका, नागर्जुन** | स्टक इन्भेष्टमेन्ट, कमोडिटी सम्बन्धि कारोबार तथा हाउजिङ्ग डेभलपमेन्ट गर्ने. घर, घडेरी, जग्गा खरिद बिक्री गर्ने वा भाडामा तथा लिजमा लिने दिने. आधुनिक सुविधा सम्पन्न बिजनेस कम्प्लेक्स तथा आवासीय भवनहरु निर्माण गर्ने. जमिन प्लटिङ्ग गर्ने र ढल, पानी, बिजुली जस्ता भौतिक सुविधाहरु विकास गर्ने. शेयर, डिबेन्चर र बण्डहरु खरीद गरी लगानी गर्ने. म्युचुअल फण्ड सम्बन्धि कार्य गर्ने। | १. विष्णु पोखरेल<br>२. विजय रानाभाट<br>३. नवीस पोखरेल<br>४. लिलाराज ढकाल<br>५. प्राप्ती अधिकारी<br>६. नवराज पौड्याल<br>७. तेज दत्त खकुराल | २५,००० |
| ३. | **ईन्टेलिजेन्ट ईन्भेष्टर प्रा. लि. ठेगाना : जि. काठमाडौं, का.म.न.पा. वडा नं २८** | लगानी (Investment): प्रचलित कानून बमोजिम स्थापना भएका विभिन्न प्रा.लि. र पब्लिक कम्पनीहरूको प्राथमिक (IPO) तथा सेकेन्डरी शेयरमा लगानी गर्ने, घरजग्गा कारोबार: घर जग्गा खरिद, हाउजिङ्ग व्यवसाय र अन्य लगानी सम्बन्धी व्यवसाय सञ्चालन गर्ने , परामर्श र तालिम: लगानीकर्ताहरूलाई शेयर तथा शेयर नामसारी सम्बन्धी परामर्श दिने र तालिम सञ्चालन गर्ने, आयात-निर्यात: हस्तकलाका सामान, पश्मिना, तयारी पोशाक, खाद्यान्न (चिया, कफी, जडीबुटी), फर्निचर, इलेक्ट्रिक सामान र मेसिनरी उपकरणहरूको आयात-निर्यात तथा व्यापार गर्ने। | १. तेज बहादुर श्रेष्ठ<br>२. शिव कुमार जोशी<br>३. सुन्दर खड्का<br>४. विवेक भण्डारी<br>५. गौतम श्रेष्ठ | ५,००० |

**(इ) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

कम्पनीका सञ्चालकहरू आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण देहाय अनुसार छ :

| क्र.स | संचालकहरुको नाम र ठेगाना | आवद्ध रहेको संस्थाको नाम र ठेगाना |
|---|---|---|
| १. | महेश्वर खनाल | प्रोप्राइटर, श्री शुभ ट्रेडर्स, असन काठमाण्ढौं |
| २. | सरोज लुइटेल | संचालक, स्वस्तिक ट्रेड लिंक प्रा.लि., कौशलटार भक्तपुर |
| ३. | रोजिना श्रेष्ठ | प्रोप्राइटर, इभा इम्पोर्ट एण्ड एक्सपोर्ट, असन काठमाण्डौं |
| ४. | राजन लाल श्रेष्ठ | प्रोप्राइटर, राजन हार्डवयर पाँचखाल, काभ्रेपलाञ्चोक |
| ५. | कपिल देव महतो | प्रोप्राइटर, सक्षम लिक्वयर सप्लार्यस, बालकोट भक्तपुर |

सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) को खण्ड (छ) को पालना भएको व्यहोरा जानकारी गराईन्छ ।

(ई) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण**

शेयर खरिद-बिक्री तथा हस्तान्तरण सम्बन्धी व्यवस्था कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा गरिएको व्यवस्था बमोजिम हुनेछ ।

"धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्कासन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक तथा कर्मचारीहरु तथा स्थानीय बासिन्दाहरु) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**ग.५.ख) संस्थापक/संचालकसंगको कारोबार**

**(क) कम्पनीबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति मूल्य र त्यस्तो सुविधा दिए वापत कम्पनीले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरणः** सो नभएको ।

**(ख) माथि बुँदा १ मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिकाः** सो नभएको ।

**ग.६) सीमित दायित्व सम्बन्धी विवरण**

यो कम्पनी प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व निजहरूले खरिद गर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७) संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी,**

**(ग.७.क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः**

**(अ) कम्पनीको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ती भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | शेयर संख्या | कार्यानुभव | कार्यानुभव |
|---|---|---|---|---|---|---|---|
| १ | सरोज लुइटेल | प्रबन्ध सञ्चालक | स्नातोकोतर | २०८१/०८/१२ | १,४१,६५० | वि.सं. २०५८ | २४ वर्ष |
| २ | शैलेन्द्र कुमार सिटौला | बिक्री प्रमुख | स्नातक | २०७२/०२/०१ | ७९,०६८ | वि.सं. २०६० | २२ वर्ष |
| ३ | कृष्ण बहादुर लामा | सी.एफ.ओ | स्नातक | २०७५/१०/०१ | १४,५०० | वि.सं. २०५७ | २५ वर्ष |
| ४ | नविन निरौला | कारखाना प्रबन्धक | स्नातक | २०७४/०१/०१ | १७,८०० | वि.सं.२०५८ | २४ वर्ष |

**(आ) कम्पनीका कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी सम्बन्धी विवरणः** सो नभएको ।

**(इ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नुभन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने** : सो नभएको ।

**(ई) कर्मचारीको संख्याः स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

कम्पनीमा हाल देहाय बमोजिमका कर्मचारीहरु कार्यरत छन्:

| क्र.सं. | कुल कर्मचारी संख्या | स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|
| १. | ४६ | ४६ | | | | - |

**ग.७.ख) सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण**

**(अ) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा ।**

सञ्चालकहरुलाई बैठक भत्ता स्वरुप अध्यक्षज्यूलाई प्रति बैठक रु. ५,०००।- र अन्य संचालकलाई पनी प्रति बैठक रु. ५,०००।- रकम प्रदान गर्ने व्यवस्था रहेको ।

| क्र.सं. | नाम | पद | (आ.व ८१/८२) बैठक भत्ता रु.मा |
|---|---|---|---|
| १ | महेश्वर खनाल | सञ्चालक (अध्यक्ष) | रु. ८०,०००/- |
| २ | सरोज लुइटेल | प्रबन्ध सञ्चालक | रु. ८०,०००/- |
| ३ | रोजिना श्रेष्ठ | सञ्चालक | रु. ८०,०००/- |
| ४ | राजन लाल श्रेष्ठ | सञ्चालक | रु. ८०,०००/- |
| ५ | कपिल देव महतो | स्वतन्त्र सञ्चालक | रु. १५,०००/- |

**(आ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधिभित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकमः**

| क्र.सं. | नाम | पद | (आ.व ८१/८२) तलब रु.मा |
|---|---|---|---|
| १ | सरोज लुइटेल | प्रबन्ध सञ्चालक | रु.५२,३८,०००/- |
| २ | शैलेन्द्र कुमार सिटौला | बिक्री प्रमुख | रु.३१,४०,०००/- |
| ३ | कृष्ण बहादुर लामा | सी.एफ.ओ | रु.२३,५५,०००/- |
| ४ | नविन निरौला | कारखाना प्रबन्धक | रु.१६,२०,०००/- |

**(इ) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण : सो नभएको ।**

**ग.८) अन्तर्निहीत जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- उद्योग सञ्चालनमा आइसकेको र बैंकबाट समेत ऋण प्राप्त गरिसकेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम न्यून रहेको छ ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भइसकेको र बैंकबाट पनि ऋण प्राप्त भएकोले वित्तीय साधनको अभावबाट हुने कुनै पनि जोखिम नहुने ।
- नेपालको अर्थतन्त्रमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरवाट हुने जोखिमहरु ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिमः**

- रङ्ग उद्योगको लागि चाहिने कच्चा पदार्थ कम्पनीसँग प्रर्याप्त मात्रामा मौज्दात रहेको ।
- उद्योगलाई चाहिने अन्य कच्चा पदार्थ तथा केमिकल आदि पदार्थहरुको अभाव हुन नदिन कम्पनीले आवश्यकता अनुसार मौज्दात राख्ने व्यवस्था मिलाएको ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- हालको अवस्थामा कम्पनीबाट उत्पादित सम्पूर्ण वस्तु मजबुत सञ्जाल मार्फत सजिलै बजारसम्म पुऱ्याउन सक्षम रहेको र बजारको स्थिति भविष्यमा परिवर्तन आएमा कम्पनीको उत्पादनको मागमा कमी आउन सक्ने जोखिम रहेकोले सो जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले आफ्नो बिक्री सञ्जाललाई व्यापक रुपमा विस्तार गर्ने योजना लिएको ।
- अप्रत्याशित रुपमा सृजना हुने विश्वव्यापी महामारीको परिस्थितीको कारणले अर्थतन्त्रमा सृजना हुने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :**

उद्योग सञ्चालनमा आइसकेको हुनाले मूल्य अभिवृद्धिको जोखिम नरहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम :**

- देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिम ।

**(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सो बाट पर्न सक्ने अवरोधहरूः**

हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्र हरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम:**

- देशको आर्थिक अवस्थामा आउन सक्ने आर्थिक गिरावटका कारण खर्च गर्न सक्ने क्षमतामा ह्रास आउने जोखिम ।
- अर्न्तराष्ट्रिय बजारमा हुने महामारी तथा आर्थिक मन्दीले पार्न सक्ने भएकाले सो बाट हुने जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः**

- कर, भन्सार, उपकरणहरु आयातमा कुनै पनि नितिगत परिवर्तन भएमा उत्पादनको लागत बढ्न सक्ने हुने जोखिम रहेको
- उद्योग विभाग एवं अन्य नियामक निकायहरुले समय समयमा जारी गर्ने निर्देशन वा नियमहरुले समग्र क्षेत्र एवं यस कम्पनीलाई समेत असर पर्न जाने हुनसक्छ। हामीले प्रचलित ऐन, नियम एवं निर्देशनको परिपालनालाई उच्च प्राथमिकतामा राख्ने गरेकाले यस्ता नीति तथा नियमहरुको परिवर्तनबाट ठूलो नकारात्मक असर नपर्ने अपेक्षा गरेका छौं
- मुद्रा निर्मलीकरण रोकथामका लागि नेपाल सरकारबाट समय समयमा जारी एवं परिवर्तन हुने नीति नियमहरु पालना गर्न हामी प्रतिवद्ध रहेकोछौं । सो का लागि हामीले आवश्यक संयत्र विकास गरि कर्मचारीहरुलाई तालिम मार्फत सक्षम बनाउने नीति लिएका छौं ।

**(झ) सञ्चालन इतिहासको अभाव** :

यस कम्पनीले आफ्नो कारोबार विगत १४ वर्ष देखि सञ्चालन गरेको हुँदा कम्पनीमा सञ्चालन अनुभवको अभाव नभएको ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

संगठित संस्थाले हाल प्रयोग गरेको प्रविधिहरुमा केही समस्या भएमा उत्पन्न हुन सक्ने जोखिमहरु । साथै, संस्थाले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने सो जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको । नयाँ तथा आधुनिक मेसिन तथा प्याकेजिङ मेसिन उपयोग गर्नुपरेको अवस्थामा कम्पनीका कर्मचारीहरुलाई आवश्यक तालिम तथा अभिमुखीकरण प्रदान गरिने ।

**(ट) अन्य :**

- प्राकृतिक प्रकोप तथा काबु बहिरका परिस्थितिको कारणबाट उद्योगमा हुन सक्ने भौतिक क्षतिका जोखिमहरु ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**

सम्भावित जोखिमहरुलाई न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने संस्थाको नीति रहेको छ । साथै, अन्य किसिमका जोखिमहरु भईपरेमा जोखिम न्युनिकरणका उपायहरुको अवलोकन तथा अध्ययन गरी सोहि अनुरुप उपयुक्त व्यवसायिक रणनीति अनुशरण गरिनेछ । धितोपत्र बजारमा हुने करोवारको उतार चढाव र प्रभावका कारण हुनसक्ने जोखिमलाई लगानीकर्ता स्वयम्ले विश्लेषण गरी लगानी गर्नु उपयुक्त हुनेछ । साथै आवश्यकता अनुसार औद्योगिक क्षेत्रमा पर्न सक्ने सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

- जोखिम र प्रतिफल बीच सन्तुलन ।
- अनुशासित र संयमित जोखिम वहन ।

- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी ।
- प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण ।
- प्रविधिलाई थप सुरक्षित र आधुनिकिकरण ।
- दक्ष जनशक्तिको विकास ।
- संस्थाको भौतिक संरचनाहरु तथा मेशिनरी पाटपूर्जाहरु लगायत अन्य सम्पत्तिहरुको सम्भावित जोखिमलाई न्यूनिकरणका लागि बीमा सम्बन्धी व्यवस्था गरेको छ । यसका साथै कम्पनीमा कार्यरत कर्मचारीहरुको सामाजिक सुरक्षा कोष मार्फत औषधी उपचार तथा दुर्घटना बीमा गरिएको छ ।

**एभरेष्ट कलर लिमिटेडको बिमा सम्बन्धी विवरण :**
संस्थाको भौतिक संरचनाहरु, मेशिनरी पाटपूर्जाहरु तथा कर्मचारीहरुको सम्भावित जोखिमलाई न्यूनीकरणका लागि बीमा सम्बन्धी व्यवस्था गरेको छ ।

| सि.नं | बिमा सम्बन्धी विवरण | बिमा कम्पनीको नाम | बिमाङ्क रकम (रु.) | बिमाको वैधता (Validity in A.D.) * |
|---|---|---|---|---|
| १ | भवन तथा कारखाना, मेशिनहरु | सिदार्थ प्रिमीयर इन्स्योरेन्स लि. | २,२४,९५,५१९.७५ | २०२६/०९/१३, २०२७/०१/०६ |
| २ | सवारी साधन | सिदार्थ प्रिमीयर इन्स्योरेन्स लि., सिखर इन्स्योरेन्स कम्पनि लि. | २,१०,२१,९००.०० | २०२६/०५/०८,२०२६/०५/१४, २०२६/०६/२२,२०२६/०८/२४, २०२७/०३/२१,२०२६/०९/२२, २०२६/०८/१७,२०२६/०८/१८, २०२६/०७/०९,२०२६/०६/०९, २०२६/०४/२५,२०२६/०९/०३, २०२६/०९/१५,२०२६/०९/२७, २०२६/१०/२९,२०२६/११/१३ |
| ३ | मेशिनहरु | सिदार्थ प्रिमीयर इन्स्योरेन्स लि. | ४५,९२,९२७.५० | २०२६/०५/१२, २०२६/०९/१३ |
| ४ | कच्चा पदार्थ तथा तयारी वस्तुहरु | सिदार्थ प्रिमीयर इन्स्योरेन्स लि. | ४,७५,००,०००.०० | २०२६/०९/१३,२०२६/०९/१३ |
| | **जम्मा बिमा रकम रु.** | | **९,५६,१०,३४७.२५** | |

**नोट *:** माथि उल्लेखित बिमालेखाको समयावधि समाप्त भएको खण्डमा नविकरण गरिनेछ ।

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**
रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ग.९) वित्तीय विवरण

### ग.९.क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण:

**(अ) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :**
यस कम्पनीको आ.व २०८१/८२ को लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरणको देहाय बमोजिम रहेको छ ।

**वासलात**
**मिति २०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्म**

**रकम रु. मा**

| विवरण | वास्तविक |
|---|---|
| | **२०८१/८२** |
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| स्थिर सम्पत्ति | ११८,४४०,९६९ |
| अमूर्त सम्पत्ति | ५६७,०५९ |

| | |
|---|---|
| **जम्मा स्थिर सम्पत्ति** | **-** |
| शेयरमा लगानी | - |
| **जम्मा गैर चालु सम्पत्ति** | **११९,००८,०२८** |
| **चालु सम्पत्ति** | |
| मौज्दात | ३८,२२८,१५० |
| व्यापार तथा अन्य प्राप्ती | ९१,३५५,५६१ |
| अग्रिम तथा निक्षेपहरु | ३,२३८,१८९ |
| नगद तथा नगद बराबर | ३१,७९२,२७९ |
| अन्य सम्पत्ति | ५,१२७,५२९ |
| **जम्मा चालु सम्पत्ति** | **१६९,७४१,७०८** |
| **जम्मा सम्पत्ति** | **२८८,७४९,७३६** |
| **इक्विटी तथा दायित्व** | |
| **इक्विटी** | |
| शेयर पूँजी | २२१,०००,००० |
| शेयर पूँजीको लागि अग्रिम | - |
| पुनर्मूल्यांकन रिजर्व | ३०,८३७,२०० |
| रिजर्व र सरप्लस | ३४,२१७ |
| **जम्मा इक्विटी** | **२५१,८७१,४१७** |
| **गैर चालु दायित्व** | |
| कर्जा तथा सापटी | ४,९१२,७०७ |
| लिज दायित्वको गैर वर्तमान भाग | - |
| स्थगन कर दायित्व | २,९१८,८७३ |
| **चालु दायित्व** | **७,८३१,५८०** |
| छोटो अवधिको कर्जा | - |
| लिज दायित्वको वर्तमान भाग | ३३१,२२३ |
| व्यापार तथा अन्य भुक्तानी | ११,६६१,४०८ |
| कर दायित्व | ११,३६७,०५६ |
| अन्य दायित्व | २,६४६,५२३ |
| कर्मचारी दायित्व | ३,०४०,५२९ |
| **जम्मा चालु दायित्व** | **२९,०४६,७३९** |
| **जम्मा इक्विटी तथा दायित्व** | **२८८,७४९,७३६** |

**नाफा नोक्सान हिसाब**

**मिति २०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्म**

**रकम रु. मा**

| **विवरण** | **वास्तविक** |
|---|---|
| | **२०८१/८२** |
| **सञ्चालन आम्दानी** | |
| सञ्चालनबाट कुल राजस्व | १४२,०९६,७३८ |
| बिक्री लागत | ७१,१९९,४५९ |
| **ग्रस नाफा** | **७०,८९७,२७९** |
| **जि पि रेसियो** | **४९.८९ %** |
| गैर सञ्चालन आम्दानी | ५११,४१५ |
| प्रसासनिक खर्च | ८,२९१,७४९ |
| कर्मचारी लाभ खर्च | ९,९५९,१४६ |
| बिक्री तथा वितरण खर्च | २९,०४३,४३३ |

| | |
|---|---|
| वित्तिय खर्च | ५५९,२९१ |
| विदेशी मुद्रा नाफा /नोक्सानी) | |
| मूल्यह्रास र परिशोधन | ३,७२९,४१४ |
| **बोनस अधिको नाफा/नोक्सान** | **१९,८२५,६६१** |
| बोनस प्रोभिजन | |
| **कर अधिको नाफा नोक्सान** | **१९,८२५,६६१** |
| स्थगन कर | (६,७८४,८१६) |
| चालु कर | ५,३९४,२८३ |
| **कर पछिको नाफा नोक्सान** | **२१,२१६,१९३** |
| खुद नाफा नोक्सान वितरणको लागि उपलब्ध | **२१,२१६,१९३** |
| एन पि रेसियो | १४.९३% |
| नगद लांभास दर | - |
| नगद लाभांस रकम | - |
| **नाफा नोक्सान को रकमान्तर** | **२१,२१६,१९३** |
| अन्य विस्तृत आम्दानीको विवरण | |
| नाफा वा नोक्सानमा पुनवर्गिकरण नगरिने शिर्षक | – |
| पुन: मूल्याङ्कन गर्दा खुद नाफा (नोक्सान) | – |
| नाफा तथा नोक्सानका लागि पुनर्वर्गिकरण गर्न सक्ने अन्य विस्तृत आम्दानी | – |
| **खुद विस्तृत आम्दानी** | **२१,२१६,१९३.४०** |

**नगद प्रवाह विवरण**
**मिति २०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्म**

**रकम रु. मा**

| विवरण | वास्तविक |
|---|---|
| | **२०८१/८२** |
| **सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह** | |
| वर्षको लागि नाफा नोक्सान | १९,८२५,६६१ |
| **समायोजन:** | |
| मूल्यह्रास र परिशोधन | ३,७२९,४१४ |
| कर्मचारी बोनस | - |
| **कार्यशील पूँजीमा परिवर्तन गर्नु अघि नगद प्रवाह:** | **२३,५५५,०७५** |
| **कार्यशील पूँजीमा शुद्ध परिवर्तनहरू** | |
| व्यापार र अन्य प्राप्तीहरूमा वृद्धि / कमी | (३५,९०१,९४७) |
| इनभेनटरीज वृद्धि/कमी | (१३,५२३,३५५) |
| अग्रिम र निक्षेप र अन्य वित्तीय सम्पत्तिमा वृद्धि / कमि | (३,८५६,३६०) |
| व्यापार र अन्य भुक्तानीमा वृद्धि /कमि | ४,२५८,६२९ |
| अन्य दायित्व वृद्धि/कमी | ४८२,२६६ |
| लिज दायित्व वृद्धि/कमी | (४२९,१४९) |
| बोनस भुक्तानी | - |
| CSR भुक्तानी | - |
| कर भुक्तानी | - |
| **क.सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह** | **(२५,४१४,८४१)** |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | |
| गैर-चालू सम्पत्तिहरूको खरिद | (१०,८१२,०६३) |

| | |
|---|---|
| स्थिर सम्पत्ति बिक्री | - |
| शेयर बिक्रीबाट प्राप्त रकम | १२,५०० |
| **ख.लगानी गतिविधिहरूबाट नगद प्रवाह** | **(१०,७९९,५६३)** |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | |
| शेयर पूँजी मा परिवर्तन | ५३,४९३,४५० |
| शेयर पूँजीको लागि अग्रिम | (१८,४४९,०२५) |
| शेयर बाँडफाडको लागत | (२३७,०००) |
| मध्यम र दीर्घकालीन ऋणमा वृद्धि/कमी | (१,५१७,३९५) |
| **ग.वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | **३३,२९०,०३०** |
| **खुद नगद प्रवाह(क+ख+ग)** | **(२,९२४,३७३)** |
| शुरुको नगद तथा नगद बराबर | ३४,७१६,६५२ |
| **अन्त्यको नगद र नगद बराबर** | **३१,७९२,२७९** |

**इक्विटीमा भएको परिवर्तनको विवरण**

| विवरण | शेयर पुँजी | शेयर पूँजीको लागि अग्रिम | पुनः मुल्याकंन कोष | संचित मुनाफा | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|
| **२०८१ श्रावण १ को मौज्दात** | **१६७,५०६,५५०** | **१८,४४९,०२५** | **३०,८३७,२००** | **(२०,९४४,९७७)** | **–** | **१९५,८४७,७९८** |
| आ.व.२०८०/८१ को समायोजन | – | – | – | – | – | – |
| बर्षको लागि नाफा/नोक्सान | – | – | – | २१,२१६,१९३ | – | २१,२१६,१९३ |
| Other Comprehensive Income | – | – | – | – | – | – |
| शेयरधनीहरुलाई लाभांश | – | – | – | – | – | – |
| शेयर निष्काशन खच | – | – | – | (२३७,०००) | – | (२३७,०००) |
| शेयर निष्काशन | ५३,४९३,४५० | (१८,४४९,०२५) | – | – | – | ३५,०४४,४२५ |
| **२०८२ अषाढ मसान्तको मौज्दात** | **२२१,०००,०००** | **–** | **३०,८३७,२००** | **३४,२१७** | **–** | **२५१,८७१,४१७** |

**नोट :**

१. कम्पनीले आ.व. २०७९/८० मा आफ्नो नाममा रहेको ३२८०.४२ व.मी. क्षेत्रफलको जग्गाको परल मूल्य रु. १,५१,१२,५००।- को पुनर्मूल्यांकन गरी रु. ५,३६,५९,०००।- कायम गरिएको छ। आ.व. २०८०।८१ बाट कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान ( NFRS) अनुसार उक्त जग्गाको भूतप्रभावी रुपमा आ.व. २०७९।८० मा पुनर्मूल्यांकन गरिएको हो तथा आ.व. २०८१/८२ मा सोमा कुनैपनि परिवर्तन नरहेको देखिन्छ।

२. कम्पनीले NFRS-16 Leases को प्रावधान अनुसार प्रयोगको अधिकारसम्बन्धी सम्पत्ति (Right–to–use Assets) लेखाङ्कन गरेको छ र सोही अनुरुप नाफा नोक्सान हिसाबमा सोको ब्याज खर्च सोही लेखामानको प्रावधान अनुसार प्रस्तुत गरिएको छ। नोक्सान हिसाबमा प्रस्तुत गरिएको ब्याज खर्चमा नोट्स ६.२१मा तल उल्लेखित खर्च समावेश छन् :

| विवरण | रकम |
|---|---|
| ब्याज खर्च (ऋणमा) | ५०४,९९१.७७ |
| ब्याज खर्च ( प्रयोगको अधिकारसम्बन्धी सम्पत्तिमा) | ५४,२९९.२१ |
| **जम्मा** | **५५९,२९०.९८** |

३. आ.व. २०८०/८१ मा रहेको शेयर बापतको अग्रिम रकमलाई आ.व. २०८१/८२मा शेयर पूँजीमा परिणत गरिएको छ।

४. आ.व. २०८१/८२ मा कम्पनीको अन्य आम्दानी नोट्स ६.१७ मा बैंङ्क मौज्दातमा प्राप्त ब्याज, बीमा दाबी तथा अन्य विवध आम्दानी रहेको छ।

| विवरण | रकम |
|---|---|
| बैंङ्क मौज्दातमा प्राप्त ब्याज | ३८६,३८९.८२ |
| अन्य विवध आम्दानी | २५,०००.०० |
| बीमा दाबी | १००,०२४.७७ |
| **जम्मा** | **५११,४१४.५९** |

५. आ.व. २०८१/८२ मा संस्था नियन्त्रणमा परिवर्तन भएको छ । सो सम्बन्धि विस्तृत विवरण नोट्स ६.४.२ मा उल्लेख गरिएको छ । कम्पनीको नियन्त्रणमा मिति २०८१।०६।१० मा सञ्चालक समितिको निर्णय अनुसार परिवर्तन भएको छ । यद्यपि, कम्पनीको वित्तीय विवरणले २०८१।०४।०१ देखि २०८२।०३।३२ सम्मको अवधि समेटेको छ । आयकर ऐन, २०५८ बमोजिम नियन्त्रण परिवर्तनको प्रभाव निम्नानुसार रहेको छ :

- कम्पनीको नियन्त्रण २०८१।०६।१० मा परिवर्तन भएकोले आयकर ऐन, २०५८ को दफा ५७ आकर्षित भएको छ । सोही मितिसम्म रहेका स्थिर सम्पत्तिहरूलाई सो मितिको नेट बुक भ्यालुमा (disposed) गरिएको मानिएको छ र नियन्त्रण परिवर्तन पश्चातको अवधिका लागि सोही विक्रय मूल्य बराबरको सम्पत्ति पुनः अभिलेख (Addition) गरिएको छ । तथापि, जग्गा भने पुनर्मूल्यांकन गरिएको मूल्यमा विक्री गरिएको मानिएको छ ।
- नियन्त्रण परिवर्तन पश्चात कम्पनीले अघिल्लो वर्षका अपूरो/नअसुली घाटा (unrecovered losses) लाई अगाडि सारिएको छैन ।

| **लेखापरीक्षण भएको वित्तीय विवरणको आधारमा विवरणपत्रमा निम्नानुसारका अतिरित्त खुलासा (Disclosure) थप गरी बोर्डमा पेश गर्नुपर्ने ।** | |
|---|---|
| क. विगत ३ आ.व. मा संस्थाले अवलम्बन गरेको नयाँ लेखा नीति, सो नीति अवलम्ब गर्नुको औचित्य तथा कारण र सोको वित्तीय प्रभाव सम्बन्धी विवरण । | नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) को नियामक आवश्यकता अनुसार कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अपनाएको छ र सो अनुरुपनै आफ्नो वित्तीय विवरण तयार गरेको छ । कम्पनीको पहिलो NFRS अनुरूप तयार पारिएको वित्तीय विवरण आ.व. २०८०/८१ को लागि तयार गरिएको छ । आ.व. २०८०/८१ को लेखापरिक्षण गरिएका वित्तीय विवरणमा अघिल्लो लेखांकन पद्धति बाट NFRSमा रूपान्तरण हुँदा उत्पन्न हुने सम्पूर्ण वित्तीय प्रभावहरू विस्तृत रूपमा disclosure गरिएको छ । |
| ख. आयोजना/परियोजना भएको अवस्थामा व्याजको पूँजीकरण सम्बन्धी विवरण । | कुनै पनि ब्याज पूँजीकृत गरिएको छैन । |
| ग. अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोवारको विस्तृत विवरण । | यस्ता कुनै आम्दानी र खर्चहरू छैनन् । |
| घ. सभावित दायित्व तथा सोबाट नेटवर्थमा पर्न जान सक्ने प्रभाव सम्बन्धी विवरण । | आन्तरिक राजस्व कार्यालय, भक्तपुरले आ.व. २०७६/७७ का लागि कर परिक्षण सम्पन्न गरी **२०८१/०३/०२** मा निम्न बमोजिमको कर मूल्यांकन आदेश जारी गरेको छः<br><br>**क. आयकर तर्फ :**<br>**विषयः** कट्टी नभएको नोक्सानीलाई अस्वीकृत गरिएको ।<br>**अस्वीकृत रकमः** रू. १,०९,११,५४०.५७।<br><br>**ख. मूल्य अभिवृद्धि कर (VAT) तर्फः**<br>तिर्नुपर्ने VAT (ब्याज तथा अतिरिक्त शुल्क सहित): रू. ३०,८७,०३४ ।<br>उक्त परिक्षणमा कर, लाग्ने ब्याज तथा जरिवाना समेत समावेश गरिएको छ ।<br><br>**कम्पनीको प्रतिक्रिया :**<br>कम्पनीले आयकर तथा VAT दुबैको मूल्यांकनमा असहमति जनाएको छ ।<br>सोही अनुसार, **२०८१/०५/०२** मा निम्न प्रयोजनका लागि प्रशासनिक पुनरावलोकनको लागि निवेदन दर्ता गरिएको छ :<br>• आयकर ऐन अन्तर्गत कट्टी नगरिएको नोक्सानीलाई अस्वीकृत गरिएकोमा सोको पुनःस्थापना ।<br>• ब्याज तथा अतिरिक्त शुल्कसहितको VAT मागको रद्द ।<br><br>यदि कम्पनीले VAT मूल्यांकन बमोजिमको रकम तिर्नुपर्ने अवस्था आउँछ भने, थप रू. ३०,८७,०३४ को नगद तिर्नुपर्ने हुन्छ। फलस्वरूप, सो रकम बराबर कम्पनीको Net Worth मा कमी आउनेछ । |
| ङ.लेखापरीक्षण भएको वित्तीय विवरण, अपरिष्कृत वित्तीय विवरण र प्रक्षेपित वित्तीय विवरण बमोजिम विभिन्न वित्तीय अनुपातहरु जस्तै आम्दानीमा वृद्धि घटि, खर्चमा वृद्धि घटि, नाफा नोक्सानमा वृद्धि/घटि, सम्पत्तिमा वृद्धि घटि लगायतका विवरण तथा सोको कारणहरु समेत तुलनात्मक तालिकामा आ. व. सहित प्रस्तुत गर्नुपर्ने र सो विवरण विज्ञबाट प्रमाणित गराई बोर्डमा पेश गर्नुपर्ने । | माग भए बमोजिम पेश गरिएको । |

| | |
|---|---|
| च.निष्काशनकर्ता संस्थाबाट प्रवर्द्धित आयोजनाको विद्युत खरिद बिक्री सम्झौत (Power Purchase Agreement, PPA) मा उल्लेखित व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति (Required Commercial Operation Date, RCOD) को तुलनामा ढिला उत्पादन हुन गएमा PPA मा उल्लेख भए अनुसारको वार्षिक मूल्यवृद्धिको संख्यामा हुने कटौति (Price Escalation) बाट कम्पनीमा पर्न जाने प्रभावलाई समेत आधारमा लिई तयार गरिएको प्रक्षेपित वित्तीय विवरण र अन्य वित्तीय परिसूचकहरु लेखापरीक्षकबाट प्रमाणित गरी पेश गर्नुपर्ने । | लागू नहुने । |

**(आ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरणः**

कम्पनीको विगत ३ वर्षको लेखा परिक्षण भएको वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

**वासलात**

**रकम रु. मा**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | १०२,८८३,१७६ | १११,७४६,८९६ | ११८,४४०,९६९ |
| अमूर्त सम्पत्ति | २०८,२३० | १७८,४८३ | ५६७,०५९ |
| **जम्मा स्थिर सम्पत्ति** | - | - | - |
| शेयरमा लगानी | १२,५०० | १२,५०० | - |
| **जम्मा गैर चालु सम्पत्ति** | **१०३,१०३,९०७** | **१११,९३७,८८०** | **११९,००८,०२८** |
| **चालु सम्पत्ति** | | | |
| मौज्दात | २२,०९०,११४ | २४,७०४,७९४ | ३८,२२८,१५० |
| व्यापार तथा अन्य प्राप्ती | ४२,११५,४४२ | ५५,३९६,६७५ | ९१,३५५,५६१ |
| अग्रिम तथा निक्षेपहरु | - | २३,१५५ | ३,२३८,१८९ |
| नगद तथा नगद बराबर | १,५९०,७४२ | ३४,७१६,६५२ | ३१,७९२,२७९ |
| अन्य सम्पत्ति | ४,४६६,०४२ | ४,५४३,१४२ | ५,१२७,५२९ |
| **जम्मा चालु सम्पत्ति** | **७०,२६२,३३९** | **११९,३८४,४१९** | **१६९,७४१,७०८** |
| **जम्मा सम्पत्ति** | **१७३,३६६,२४६** | **२३१,३२२,२९८** | **२८८,७४९,७३६** |
| **इक्विटी तथा दायित्व** | | | |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ६५,३६८,१०० | १६७,५०६,५५० | २२१,०००,००० |
| शेयर पूँजीको लागि अग्रिम | १०,०००,६०० | १८,४४९,०२५ | - |
| पुनर्मूल्यांकन रिजर्व | ३०,८३७,२०० | ३०,८३७,२०० | ३०,८३७,२०० |
| रिजर्व र सरप्लस | (२४,०८८,९९३) | (२०,९४४,९७७) | ३४,२१७ |
| **जम्मा इक्विटी** | **८२,११६,९०७** | **१९५,८४७,७९८** | **२५१,८७१,४१७** |
| **गैर चालु दायित्व** | | | |
| कर्जा तथा सापटी | ३७,५४९,९१० | ६,४३०,१०२ | ४,९१२,७०७ |
| लिज दायित्वको गैर वर्तमान भाग | ७६०,३६४ | ३३१,२१२ | - |
| स्थगन कर दायित्व | ८,९३३,६८६ | ९,७०३,६८८ | २,९१८,८७३ |
| **चालु दायित्व** | **४७,२४३,९६१** | **१६,४६५,००३** | **७,८३१,५८०** |

| | | | |
|---|---|---|---|
| छोटो अवधिको कर्जा | २०,३९८,३५७ | - | - |
| लिज दायित्वको वर्तमान भाग | ३७६,०९३ | ४२९,१६० | ३३१,२२३ |
| व्यापार तथा अन्य भुक्तानी | १६,२७२,४९४ | १२,६४३,५७५ | ११,६६१,४०८ |
| कर दायित्व | १,५६०,४८५ | २,५८४,७५४ | ११,३६७,०५६ |
| अन्य दायित्व | १,३५८,३६१ | ७९३,७४६ | २,६४६,५२३ |
| कर्मचारी दायित्व | ३,४६१,९०९ | २,५५८,२६३ | ३,०४०,५२९ |
| **जम्मा चालु दायित्व** | **४४,००५,३७९** | **१९,००९,४९८** | **२९,०४६,७३९** |
| **जम्मा इक्विटी तथा दायित्व** | **१७३,३६६,२४६** | **२३१,३२२,२९८** | **२८८,७४९,७३६** |

**नाफा नोक्सान हिसाव**

**रकम रु. मा**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **२०७९/८०** | **२०८०/८१** | **२०८१/८२** |
| **सञ्चालन आम्दानी** | | | |
| सञ्चालनबाट कुल राजस्व | ६७,६२७,५५६ | ९५,००२,०२१ | १४२,०९६,७३८ |
| बिक्री लागत | ३६,९६४,४०९ | ६०,१३५,२४४ | ७१,१९९,४५९ |
| **ग्रस नाफा** | **३०,६६३,१४७** | **३४,८६६,७७७** | **७०,८९७,२७९** |
| **जि पि रेसियो** | **४५.३४%** | **३६.७०%** | **४९.८९%** |
| गैर सञ्चालन आम्दानी | ८७२,८९८ | ३७०,०४३ | ५११,४१५ |
| प्रशाासनिक खर्च | ४,३८९,७४४ | ५,०८५,३८० | ८,२९१,७४९ |
| कर्मचारी लाभ खर्च | ४,०३४,६९४ | ६,११६,६१० | ९,९५९,१४६ |
| बिक्री तथा वितरण खर्च | ७,७२१,३७६ | ११,३९२,६६५ | २९,०४३,४३३ |
| वित्तीय खर्च | ७,५२२,४४२ | ६,००१,३१७ | ५५९,२९१ |
| विदेशी मुद्रा नाफा /नोक्सानी) | | | |
| मूल्यह्रास र परिशोधन | २,६५५,४०४ | २,७२६,८२९ | ३,७२९,४१४ |
| **बोनस अघिको नाफा/नोक्सान** | **५,२१२,३८५** | **३,९१४,०१९** | **१९,८२५,६६१** |
| बोनस प्रोभिजन | | | |
| **कर अघिको नाफा नोक्सान** | **५,२१२,३८५** | **३,९१४,०१९** | **१९,८२५,६६१** |
| स्थगन कर | ९००,४९७ | ७७०,००२ | -६,७८४,८१६ |
| चालु कर | ० | ० | ५,३९४,२८३ |
| **कर पछिको खुद नाफा/(नोक्सान)** | **४,३११,८८८** | **३,१४४,०१६** | **२१,२१६,१९३** |
| IEA को धारा ५४ अन्तर्गत CSR विनियोजन | | | |
| **खुद नाफा नोक्सान वितरणको लागि उपलब्ध** | **४,३११,८८८** | **३,१४४,०१६** | **२१,२१६,१९३** |
| एन पि रेसियो | ६.३८% | ३.३१% | १४.९३% |
| नगद लांभास दर | | | |
| नगद लाभांस रकम | | | |
| **खुद नाफा वा (नोक्सान)** | **४,३११,८८८** | **३,१४४,०१६** | **२१,२१६,१९३** |
| अन्य विस्तृत आम्दानीको विवरण | | | |
| नाफा वा नोक्सानमा पुनवर्गिकरण नगरिने शिर्षक | - | - | - |
| पुनः मूल्याङ्कन गर्दा खुद नाफा (नोक्सान) | - | - | ३०,८३७,२००.०० |
| नाफा तथा नोक्सानका लागि पुनर्वर्गिकरण गर्न सक्ने | - | - | - |
| **खुद विस्तृत आम्दानी** | **२१,२१६,१९३** | **३,१४४,०१६** | **३५,१४९,०८८** |

## नगद प्रवाह विवरण

रकम रु. मा

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| **सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| वर्षको लागि नाफा नोक्सान | ५,२१२,३८५ | ३,९१४,०१९ | १९,८२५,६६१ |
| **समायोजनः** | | | |
| मूल्यह्रास र परिशोधन | २,६५५,४०४ | २,७२६,८२९ | ३,७२९,४१४ |
| कर्मचारी बोनस | - | - | - |
| कर प्रोभिजन | - | - | - |
| CSR प्रोभिजन | - | - | - |
| **कार्यशील पूँजीमा परिवर्तन गर्नु अघि नगद प्रवाहः** | **७,८६७,७८९** | **६,६४०,८४८** | **२३,५५५,०७५** |
| **कार्यशील पूँजीमा शुद्ध परिवर्तनहरू** | | | |
| व्यापार र अन्य प्राप्तीहरूमा वृद्धि / कमी | ३८७,८९८ | (१३,२८१,२३४) | (३५,९०१,९४७) |
| इनभेनटरीज वृद्धि/कमी | (१,३९४,११५) | (२,६१४,६८०) | (१३,५२३,३५५) |
| अग्रिम र निक्षेप र अन्य वित्तीय सम्पत्तिमा वृद्धि / कमि | (१८९,७२१) | (१००,२५५) | (३,८५६,३६०) |
| व्यापार र अन्य भुक्तानीमा वृद्धि /कमि | (५,३०३,०९८) | (३,७४६,९४४) | ४,२५८,६२९ |
| कर्मचारी दायित्वमा वृद्धि/कमी | ३२०,३५९ | (९०३,६४६) | ४८२,२६६ |
| लिज दायित्वमा वृद्धि/कमी | (३१४,७९८) | (३७६,०८६) | (४२९,१४९) |
| बोनस भुक्तानी | - | - | - |
| CSR भुक्तानी | - | - | - |
| कर भुक्तानी | - | - | - |
| **क.सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह** | **१,३७४,३१३** | **(१४,३८१,९९७)** | **(२५,४१४,८४१)** |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| गैर-चालू सम्पत्तिहरूको खरिद | (१,८८२,३६१) | (१३,१४९,९३१) | (१०,८१२,०६३) |
| स्थिर सम्पत्ति बिक्री | - | १,५८९,१२९ | - |
| शेयर बिकीबाट प्राप्त रकम | - | - | १२,५०० |
| **ख.लगानी गतिविधिहरूबाट नगद प्रवाह** | **(१,८८२,३६१)** | **(११,५६०,८०२)** | **(१०,७९९,५६३)** |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| शेयर पूँजीमा परिवर्तन | - | १०२,१३८,४५० | ५३,४९३,४५० |
| शेयर पूँजीको लागि अग्रिम | ३,२००,००० | ८,४४८,४२५ | (१८,४४९,०२५) |
| शेयर बाँडफाडको लागत | - | - | (२३७,०००) |
| मध्यम र दीर्घकालीन ऋणमा वृद्धि/कमी | (१,५७५,४४२) | (५१,५१८,१६५) | (१,५१७,३९५) |
| **ग.वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | **१,६२४,५५८** | **५९,०६८,७१०** | **३३,२९०,०३०** |
| **खुद नगद प्रवाह(क+ख+ग)** | **१,११६,५११** | **३३,१२५,९११** | **(२,९२४,३७३)** |
| शुरुको नगद तथा नगद बराबर | ४७४,२३१ | १,५९०,७४२ | ३४,७१६,६५२ |
| **अन्त्यको नगद र नगद बराबर** | **१,५९०,७४२** | **३४,७१६,६५२** | **३१,७९२,२७९** |

### इक्विटीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पुँजी | शेयर पूँजीको लागि अग्रिम | पुनः मुल्याकंन कोष | संचित मुनाफा | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|
| **२०७९ श्रावण १ को मौज्दात** | ६५,३६८,१०० | ६,८००,६०० | - | (२४,३९२,२०२) | - | ४७,७७६,४९८ |
| आ.ब. २०७८/७९ को समायोजन | - | - | - | (४,००८,६७९) | - | (४,००८,६७९) |
| बर्षको लागि नाफा/नोक्सान | - | - | - | ४,३११,८८८ | - | ४,३११,८८८ |
| Other Comprehensive Income | - | - | ३०,८३७,२०० | - | - | ३०,८३७,२०० |
| शेयरधनीहरुलाई लाभांश | - | - | - | - | - | - |
| शेयर निष्काशन खच | - | - | - | - | - | - |
| शेयर निष्काशन | - | ३,२००,००० | - | - | - | ३,२००,००० |
| **२०८० अषाढ मसान्तको मौज्दात** | ६५,३६८,१०० | १०,०००,६०० | ३०,८३७,२०० | (२४,०८८,९९३) | - | ८२,११६,९०७ |
| आ.ब. २०७९/८० को समायोजन | - | - | - | - | - | - |
| बर्षको लागि नाफा/नोक्सान | - | - | - | ३,१४४,०१६ | - | ३,१४४,०१६ |
| Other Comprehensive Income | - | - | - | - | - | - |
| शेयरधनीहरुलाई लाभांश | - | - | - | - | - | - |
| शेयर निष्काशन खच | - | - | - | - | - | - |
| शेयर निष्काशन | १०२,१३८,४५० | ८,४४८,४२५ | - | - | - | ११०,५८६,८७५ |
| **२०८१ अषाढ मसान्तको मौज्दात** | १६७,५०६,५५० | १८,४४९,०२५ | ३०,८३७,२०० | (२०,९४४,९७७) | - | १९५,८४७,७९८ |
| आ.ब. २०८०/८१ को समायोजन | - | - | - | - | - | - |
| बर्षको लागि नाफा/नोक्सान | - | - | - | २१,२१६,१९३ | - | २१,२१६,१९३ |
| Other Comprehensive Income | - | - | - | - | - | - |
| शेयरधनीहरुलाई लाभांश | - | - | - | - | - | - |
| शेयर निष्काशन खच | - | - | - | (२३७,०००) | - | (२३७,०००) |
| शेयर निष्काशन | ५३,४९३,४५० | (१८,४४९,०२५) | - | - | - | ३५,०४४,४२५ |
| **२०८२ अषाढ मसान्तको मौज्दात** | २२१,०००,००० | - | ३०,८३७,२०० | ३४,२१७ | - | २५१,८७१,४१७ |

**(इ) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**

आ.व.२०८२/८३ को व्यवस्थापन तथा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित अपरिष्कृत पौष मसान्तको अपरिष्कृत वित्तीय विवरण तल देहाय बमोजिम रहेको छ।

### वासलात

**रकम रु. मा**

| विवरण | अपरिष्कृत पौष मसान्त |
|---|---|
| | २०८२/८३ |
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| स्थिर सम्पत्ति | १२३,०७२,३५५ |
| अमूर्त सम्पत्ति | ५४३,३५२ |
| स्थगन कर | - |
| शेयरमा लगानी | - |
| **जम्मा गैर चालु सम्पत्ति** | **१२३,६१५,७०७** |
| **चालु सम्पत्ति** | |
| मौज्दात | ४७,३५०,४७९ |
| आयकर | ८००,४९८ |
| व्यापार तथा अन्य प्राप्ती | ११६,७५९,२६५ |
| अग्रिम तथा निक्षेपहरु | ३,२३८,१८९ |
| नगद तथा नगद बराबर | २,७०७,८०१ |
| अन्य सम्पत्ति | ५,६१८,५५३ |
| **जम्मा चालु सम्पत्ति** | **१७६,४७४,७८४** |

| | |
|---|---|
| **जम्मा सम्पत्ति** | **३००,०९०,४९१** |
| **इक्विटी** | |
| शेयर पूँजी | २२१,०००,००० |
| शेयर पूँजीको लागि अग्रिम | |
| पुनर्मूल्यांकन रिजर्व | ९,०३७,७८९ |
| रिजर्व र सरप्लस | ३०,८३७,२०० |
| **जम्मा इक्विटी** | **२६०,८७४,९८९** |
| **गैर चालु दायित्व** | |
| कर्जा तथा सापटी | ७,३८२,६८५ |
| लिज दायित्वको गैर वर्तमान भाग | - |
| स्थगन कर दायित्व | २,९१८,८७३ |
| **चालु दायित्व** | **१०,३०१,५५८** |
| व्यापार तथा अन्य भुक्तानी | १९,४७३,९२८ |
| अलपकालीन सापटी | ६९७,००० |
| दायित्वको चालु | ८४,७९५ |
| कर दायित्व | १,२६३,०४७ |
| कर्मचारी दायित्व | १,३४९,७७७ |
| अन्य दायित्व | ६,०४५,३९७ |
| **जम्मा चालु दायित्व** | **२८,९१३,९४४** |
| **जम्मा दायित्व** | **३९,२१५,५०२** |
| **जम्मा इक्विटी तथा दायित्व** | **३००,०९०,४९१** |

## नाफा नोक्सान हिसाव

**रकम रु. मा**

| विवरण | अपरिष्कृत पौष मसान्त |
|---|---|
| | २०८२/८३ |
| **सञ्चालन आम्दानी** | **७०,१४६,५७१** |
| **बिक्री गरिएको बस्तुको लागत** | **३४,५४४,१२१** |
| नाफा | ३५,६०२,४५० |
| अन्य आम्दानी | ३०७,९७१ |
| कर्मचारी लाभ खर्च | ४,३६०,५७६ |
| प्रसासनिक खर्च | ४,८०६,०८६ |
| मूल्यह्रास | २,०४४,९१७ |
| अमूर्त सम्पत्तीको मूल्यह्रास | ३८,७०७ |
| बिक्री तथा वितरण खर्च | १५,१५०,११० |
| संचालनबाट खर्च | ९,५१०,०२५ |
| वित्तीय लागत | २६२,९५३ |
| **कर अधिको नाफा** | **९,२४७,०७३** |
| बोनसको प्रावधान | |
| **कर अधिको नाफा** | **९,२४७,०७३** |
| आयकर | |

| | |
|---|---|
| चालु कर | – |
| स्थगन कर खर्च | – |
| निरन्तर संचालनबाट नाफा | ९,२४७,०७३ |
| **खुद नाफा वा (नोक्सान)** | **९,२४७,०७३** |

**नगद प्रवाह विवरण**

**रकम रु. मा**

| **विवरण** | **अपरिष्कृत पौष मसान्त** |
|---|---|
| | **२०८२/८३** |
| **सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह** | |
| वर्षको लागि नाफा नोक्सान | ९,२४७,०७३ |
| **समायोजन :** | |
| मूल्यह्रास र परिशोधन | २,०४४,९१७ |
| अर्मूत सम्पत्तकिो अमोटाईजेश्न | ३८,७०७ |
| व्यापार र अन्य प्राप्तीहरूमा वृद्धि / कमी | (२५,५८९,०४६) |
| मौजदातहरुमा वृद्धि/कमी | (९,१२२,३२९) |
| अग्रिम र निक्षेप र अन्य वित्तीय सम्पत्तिमा वृद्धि / कमि | (१,१०६,१७९) |
| व्यापार र अन्य भुक्तानीमा वृद्धि /कमि | १,१०७,३८५ |
| कर्मचारी लाभ दायित्व वृद्धि / कमी | (१,६९०,७५२) |
| लीज दायित्वमा वृद्धि/कमी | (२४६,४२८) |
| संचालनबाट उत्पन्न नगद | (२५,३१६,६५३) |
| आयकर भुक्तानी | |
| सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह | (२५,३१६,६५३) |
| लगानी गतिविधिहरूबाट नगद प्रवाह | |
| सम्पत्ती, प्लान्ट तथा उपकरण बिक्रीबाट प्राप्त रकम | ९३५,१९१ |
| सम्पत्ती, प्लान्ट तथा उपकरण खरिद | (७,६११,४९४) |
| अर्मूत सम्पत्ती खरिद | (१५,०००) |
| **लगानी गतिविधिहरूबाट खुद नगद प्रवाह** | **(६,६९१,३०३)** |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | |
| शेयर पूँजी जारीबाट प्राप्त रकम | – |
| सापटी भुक्तानी | ३,१६६,९७८ |
| शेयर पूँजीको लागि अग्रिम | – |
| शेयर बाँडफाडको लागत | (२४३,५००) |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | **२,९२३,४७८** |
| **नगद तथा नगद सरहमा खुद वृद्धि** | **(२९,०८४,४७८)** |
| वर्षका सुरुमा नगद तथा नगद सरह | ३१,७९२,२७९ |
| **नगद तथा नगद सरहमा विनिमय (नोक्सानी)/लाभ** | |
| **वर्षका अन्त्यमा नगद तथा नगद सरह** | **२,७०७,८०१** |

### इक्विटीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पुंजी | शेयर पूँजीको लागि अग्रिम | पुनः मुल्याकंन कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|
| **आ.ब. २०८१/८२** | | | | | |
| **२०८१ श्रावण १ को मौज्दात** | **१६७,५०६,५५०** | **१८,४४९,०२५** | **३०,८३७,२००** | **(२०,९४४,९७७)** | **१९५,८४७,७९८** |
| बर्षको लागि नाफा/नोक्सान | – | – | – | २१,२१६,१९३ | २१,२१६,१९३ |
| शेयर बाँडफाँड लागत | | | | (२३७,०००) | (२३७,०००) |
| Other Comprehensive Income | – | – | – | – | – |
| सम्पत्तीको पुनमूल्यांकन | – | – | – | – | – |
| शेयर निष्काशन | – | – | – | – | – |
| अग्रिम शेयर पूँजी | ५३,४९३,४५० | (१८,४४९,०२५) | – | – | ३५,०४४,४२५ |
| **२०८२ श्रावण १ को मौज्दात** | **२२१,०००,०००** | **–** | **३०,८३७,२००** | **३४,२१७** | **२५१,८७१,४१७** |
| **आ.ब. २०८२/८३** | – | – | – | | – |
| बर्षको लागि नाफा/नोक्सान | | | | ९,२४७,०७३ | ९,२४७,०७३ |
| शेयर बाँडफाँड लागत | | | | (२४३,५००) | (२४३,५००) |
| Other Comprehensive Income | – | – | – | – | – |
| सम्पत्तीको पुनमूल्यांकन | – | – | – | – | – |
| शेयर निष्काशन | – | – | – | – | – |
| अग्रिम शेयर पूँजी | – | – | – | – | – |
| **२०८२ पौष मसान्तको मौज्दात** | **२२१,०००,०००** | **–** | **३०,८३७,२००** | **९,०३७,७८९** | **२६०,८७४,९८९** |

(ई) **आम्दानी र खर्च हिसाबको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण ।** सो नभएको ।

(उ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भ एपश्चात संगठित संस्थाको कारोबार, नाफानोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

(ऊ) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको

(ए) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य:** खैरहनी नगरपलिका वडा नं.३ चितवन स्थित कम्पनीको नाममा रहेको ३२८०.४२ व.मी. क्षेत्रफलको जग्गाको परल मूल्य रु. १,५१,१२,५००।- को पुनर्मूल्यांकन गरी रु. ५,३६,५९,०००।- कायम गरिएको छ । आ.व. २०८०।८१ बाट कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार उक्त जग्गाको भूतप्रभावी रुपमा आ.व. २०७९।८० मा पुनर्मूल्यांकन गरिएको हो । साथै, उक्त जग्गाको बजार मूल्यमा निकै परिवर्तन भएको हुँदा कम्पनीले आ.व. २०७९।८० मा स्वतन्त्र मूल्याङ्कनकर्ता एन्डेभर इन्जिनियरिङ सर्भिसेज प्रा लि, पेप्सिकोला ३२, काठमाडौं बाट उचित बजार मूल्यमा (FMV) पुनर्मूल्यांकन गरिएको हो ।

**(ऐ) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

**रकम रु. मा**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | १५६,४१०,८९७ | १७०,९५४,७५२ | १६५,७०८,७७९ |
| जम्मा स्थिर सम्पत्ति | १५६,४१०,८९७ | १७०,९५४,७५२ | १६५,७०८,७७९ |
| शेयरमा लगानी | - | - | - |
| **जम्मा गैर चालु सम्पत्ति** | **१५६,४१०,८९७** | **१७०,९५४,७५२** | **१६५,७०८,७७९** |
| **चालु सम्पत्ति** | | | |
| मौज्दात | ६७,०६९,६६० | ९८,०४६,७४९ | ११५,९१६,८३५ |
| व्यापार तथा अन्य प्राप्ती | १३०,१३५,६३६ | १३४,६२७,३३३ | १३७,५०३,५५९ |
| अग्रिम तथा निक्षेपहरु | ५,९७७,१९४ | ६,३५१,०५३ | ६,७५१,१०६ |
| नगद र बैंक मौज्दात | ३६,६८२,७०६ | १९,८२१,९२९ | ४०,२६९,६५२ |
| **जम्मा चालु सम्पत्ति** | **२३९,८६५,१९६** | **२५८,८४७,०६५** | **३००,४४१,१५२** |
| **जम्मा सम्पत्ति** | **३९६,२७६,०९३** | **४२९,८०१,८१७** | **४६६,१४९,९३२** |
| **इक्विटी तथा दायित्व** | | | |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ३००,०००,००० | ३००,०००,००० | ३००,०००,००० |
| शेयर पूँजीको लागि अग्रिम | - | - | - |
| पुनर्मूल्यांकन रिजर्व | ३०,८३७,२०० | ३०,८३७,२०० | ३०,८३७,२०० |
| रिजर्व र सरप्लस | १४,४८०,५६८ | ४०,०११,१७७ | ७४,४४५,६८५ |
| **जम्मा इक्विटी** | **३४५,३१७,७६८** | **३७०,८४८,३७७** | **४०५,२८२,८८५** |
| **गैर चालु दायित्व** | | | |
| कर्जा तथा सापटी | ८,६५५,७७० | ६,७९९,२५६ | ४,९११,१२७ |
| लीज दायित्वको गैर वर्तमान भाग | - | १,६३५,५१७ | १,१५०,५७४ |
| स्थगन कर दायित्व | २,९१८,८७३ | २,९१८,८७३ | २,९१८,८७३ |
| **चालु दायित्व** | | | |
| छोटो अवधिको कर्जा | - | - | - |
| व्यापार भुक्तानी | १८,०३०,६७५ | २०,६४९,६३० | १९,१५२,७६१ |
| चालु दायित्व तथा प्रोभिजन | २१,३५३,००८ | २६,९५०,१६५ | ३२,७३३,७१२ |
| **जम्मा चालु दायित्व** | **३९,३८३,६८३** | **४७,५९९,७९५** | **५१,८८६,४७३** |
| **जम्मा इक्विटी तथा दायित्व** | **३९६,२७६,०९३** | **४२९,८०१,८१७** | **४६६,१४९,९३२** |

## नाफा नोक्सान हिसाव

रकम रु. मा

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **सञ्चालन आम्दानी** | | | |
| सञ्चालनबाट कुल राजस्व | १९६,९५८,२८० | २४६,१९७,८५० | २९५,४३७,४२० |
| बिक्री लागत | ९९,१७८,११२ | १२३,६२८,००६ | १४८,०४६,९४७ |
| **ग्रस नाफा** | **९७,७८०,१६८** | **१२२,५६९,८४४** | **१४७,३९०,४७३** |
| **जि पि रेसियो** | **-** | **-** | **-** |
| गैर सञ्चालन आम्दानी | ३३३,५९१ | १५,६३६ | ३१,७६६ |
| **जम्मा आम्दानी** | **९८,११३,७५९** | **१२२,५८५,४८१** | **१४७,४२२,२४०** |
| प्रसासनिक आम्दानी | ११,४०५,१५३ | १२,०७४,८५० | १३,२७४,९४६ |
| कर्मचारी लाभ खर्च | १०,९४५,८३० | १२,०४०,४१३ | १३,२४४,४५४ |
| बिक्री तथा वितरण खर्च | ४४,७९०,५४० | ५५,१२८,८६८ | ६५,१९४,८५४ |
| वित्तिय खर्च | ६००,७६२ | ७६१,६८९ | ५९४,८७१ |
| विदेशी मुद्रा नाफा /नोक्सानी) | - | - | - |
| मूल्यह्रास र परिशोधन | ५,१०६,१३१ | ५,६०६,९०९ | ५,२४५,९७२ |
| **बोनस अघिको नाफा/नोक्सान** | **२५,२६५,३४२** | **३६,९७२,७५२** | **४९,८६७,१४२** |
| बोनस प्रोभिजन | २,५२६,५३४ | ३,६९७,२७५ | ४,९८६,७१४ |
| **कर अघिको नाफा नोक्सान** | **२२,७३८,८०८** | **३३,२७५,४७७** | **४४,८८०,४२७** |
| स्थगन कर | - | - | - |
| चालु कर | ५,११६,२३२ | ७,४८६,९८२ | १०,०९८,०९६ |
| **कर पछिको खुद नाफा/(नोक्सान)** | **१७,६२२,५७६** | **२५,७८८,४९४** | **३४,७८२,३३१** |
| IEA को धारा ५४ अन्तर्गत CSR विनियोजन | १७६,२२६ | २५७,८८५ | ३४७,८२३ |
| **वितरणको लागि उपलब्ध खुद नाफा/( नोक्सा** | **१७,४४६,३५१** | **२५,५३०,६०९** | **३४,४३४,५०८** |
| **NP रेसियो** | **-** | **-** | **-** |
| नगद लांभास दर | - | - | - |
| नगद लाभांस रकम | - | - | - |
| **खुद नाफा वा (नोक्सान)** | **१७,४४६,३५१** | **२५,५३०,६०९** | **३४,४३४,५०८** |

**नगद प्रवाह**

**रकम रु. मा**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| वर्षको लागि नाफा नोक्सान | १७,४४६,३५१ | २५,५३०,६०९ | ३४,४३४,५०८ |
| **समायोजन :** | | | |
| मूल्यह्रास र परिशोधन | ५,१०६,१३१ | ५,६०६,९०९ | ५,२४५,९७२ |
| कर्मचारी बोनस | २,५२६,५३४ | ३,६९७,२७५ | ४,९८६,७१४ |
| कर प्रोभिजन | ५,११६,२३२ | ७,४८६,९८२ | १०,०९८,०९६ |
| CSR भुक्तानी | १७६,२२६ | २५७,८८५ | ३४७,८२३ |
| **कार्यशील पूँजीमा परिवर्तन गर्नु अघि नगद प्रवाहः** | **३०,३७१,४७४** | **४२,५७९,६६१** | **५५,११३,११४** |
| कार्यशील पूँजीमा शुद्ध परिवर्तनहरू | (६२,७१५,११०) | (३७,४३३,१६०) | (३२,७७७,२६२) |
| व्यापार र अन्य प्राप्तीहरूमा वृद्धि / कमी | (३५,५४१,८८६) | (४,४९१,६९८) | (२,८७६,२२६) |
| मौजदातहरुमा वृद्धि/कमी | (२८,८४१,५११) | (३०,९७७,०८९) | (१७,८७०,०८६) |
| अग्रिम र निक्षेप र अन्य वित्तीय सम्पत्तिमा वृद्धि / कमि | (८४९,६६५) | (३७३,८६०) | (४००,०५३) |
| व्यापार र अन्य भुक्तानीमा वृद्धि /कमि | ६,३६९,२६७ | २,६१८,९५५ | (१,४९६,८६९) |
| अन्य दायित्वमा वृद्धि/कमी | १,५४२,९६८ | १,९७४,००६ | १,७९३,०५६ |
| लीज दायित्वमा वृद्धि/कमी | - | १,६३५,५१७ | (४८४,९४२) |
| बोनस भुक्तानी | - | (२,५२६,५३४) | (३,६९७,२७५) |
| CSR भुक्तानी | - | (१७६,२२६) | (२५७,८८५) |
| कर भुक्तानी | (५,३९४,२८३) | (५,११६,२३२) | (७,४८६,९८२) |
| **क. सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह** | **(३२,३४३,६३६)** | **५,१४६,५०१** | **२२,३३५,८५२** |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| गैर-चालू सम्पत्तिहरूको खरिद | (४२,५०९,०००) | (२०,१५०,७६३) | - |
| स्थिर सम्पत्ति बिक्री | - | - | - |
| लगानीमा कमी | - | - | - |
| **ख. लगानी गतिविधिहरूबाट नगद प्रवाह** | **(४२,५०९,०००)** | **(२०,१५०,७६३)** | **-** |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| शेयर पूँजी मा परिवर्तन | ७९,०००,००० | - | - |
| शेयर पूँजीको लागि अग्रिम | - | - | - |
| शेयर बाँडफाडको लागत | (३,०००,०००) | - | - |
| लाभांश वितरण | - | - | - |
| मध्यम र दीर्घकालीन ऋणमा वृद्धि/कमी | ३,७४३,०६३ | (१,८५६,५१५) | (१,८८८,१२९) |
| **ग. वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | **७९,७४३,०६३** | **(१,८५६,५१५)** | **(१,८८८,१२९)** |
| **खुद नगद प्रवाह(कं+ख+गं)** | **४,८९०,४२७** | **(१६,८६०,७७७)** | **२०,४४७,७२३** |
| शुरुको नगद तथा नगद बराबर | ३१,७९२,२७९ | ३६,६८२,७०६ | १९,८२१,९२९ |
| **अन्त्यको नगद र नगद बराबर** | **३६,६८२,७०६** | **१९,८२१,९२९** | **४०,२६९,६५२** |

**इक्विटीमा भएको परिवर्तनको विवरण**

| विवरण | शेयर पुंजी | शेयर पूँजीको लागि अग्रिम | पुनः मुल्याकंन कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|
| **साउन १, २०८२ मा मौज्दात** | | | | | |
| लेखा नीतिमा परिवर्तन | २२१,०००,००० | - | ३०,८३७,२०० | ३४,२१७ | ११५,८३०,२१८ |
| **साउन १, २०८२ मा पुनःस्थापित मौज्दात** | **-** | **-** | **-** | **-** | **-** |
| वर्षको नाफा | २२१,०००,००० | - | ३०,८३७,२०० | ३४,२१७ | ११५,८३०,२१८ |
| अन्य समग्र आय | - | - | - | १७,४४६,३५१ | १७,४४६,३५१ |
| सम्पत्तिको पुनर्मूल्याङ्कनबाट भएको बचत | - | - | - | - | - |
| लाभांश वितरण | - | - | - | - | - |
| सेयर पूँजी जारी | | | | - | - |
| सेयर जारी खर्च | ७९,०००,००० | - | - | - | ७९,०००,००० |
| असार मसान्त २०८३ मा मौज्दात | - | - | - | (३,०००,०००) | (३,०००,०००) |
| **आ.व. २०८१/८२** | **३००,०००,०००** | **-** | **३०,८३७,२००** | **१४,४८०,५६८** | **३४५,३१७,७६८** |
| **साउन १, २०८१ मा पुनःस्थापित मौज्दात** | | | | | |
| वर्षको नाफा | ३००,०००,००० | - | ३०,८३७,२०० | १४,४८०,५६८ | ३४५,३१७,७६८ |
| अन्य समग्र आय | - | - | - | ४,४९६,३४० | ४,४९६,३४० |
| सम्पत्तिको पुनर्मूल्याङ्कनबाट भएको बचत | - | - | - | ७,७०९,३०० | ७,७०९,३०० |
| सेयर पूँजी जारी | - | - | - | - | - |
| सेयर पूँजीका लागि अग्रिम | ५३,४९३,४५० | - | - | - | ५३,४९३,४५० |
| असोज ९, २०८१ मा मौज्दात | - | (१८,४४९,०२५) | - | - | (१८,४४९,०२५) |
| **आ.व. २०८३/८४** | **३५३,४९३,४५०** | **(१८,४४९,०२५)** | **३०,८३७,२००** | **२६,६८६,२०८** | **३९२,५६७,८३३** |
| **साउन १, २०८३ मा पुनःस्थापित मौज्दात** | | | | | |
| वर्षको नाफा | ३००,०००,००० | - | ३०,८३७,२०० | १४,४८०,५६८ | ३४५,३१७,७६८ |
| अन्य समग्र आय | - | - | - | २५,५३०,६०९ | २५,५३०,६०९ |
| लाभांश वितरण | | | | - | - |
| सेयर पूँजी जारी | - | - | - | - | - |
| सेयर जारी खर्च | - | - | - | - | - |
| असार मसान्त २०८४ मा मौज्दात | - | - | - | - | - |
| आ.व. २०८४/८५ | ३००,०००,००० | - | ३०,८३७,२०० | ४०,०११,१७७ | ३७०,८४८,३७७ |
| **साउन १, २०८४ मा पुनःस्थापित मौज्दात** | | | | | |
| वर्षको नाफा | ३००,०००,००० | - | ३०,८३७,२०० | ४०,०११,१७७ | ३७०,८४८,३७७ |
| अन्य समग्र आय | - | - | - | ३४,४३४,५०८ | ३४,४३४,५०८ |
| लाभांश वितरण | | | | - | - |
| सेयर पूँजी जारी | - | - | - | - | - |
| सेयर जारी खर्च | - | - | - | - | - |
| असार मसान्त २०८५ मा मौज्दात | - | - | - | - | - |
| **साउन १, २०८२ मा मौज्दात** | **३००,०००,०००** | **-** | **३०,८३७,२००** | **७४,४४५,६८५** | **४०५,२८२,८८५** |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनी आर.एच.के एण्ड एसोसियट्स, चार्टड एकाउन्टेण्टबाट गरिएको हो ।

**प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ :**

- प्रक्षेपित आम्दानी विवरण पछिल्लो आ.व.को आम्दानी वृद्धि दर (४९.५७%) को आधारमा वृद्धि गरिएको छ ।
- संचालन वापतको लागत खर्च औसतमा कुल आम्दानीको ५०% को आधारमा गरिएको छ र यसका लागि मुद्रास्फितिलाई आधारमा लिइएको छैन ।
- कर्मचारी तलब तथा भत्ता खर्च प्रथम वर्ष ९.९१% र त्यस पश्चात वार्षिक १०% का दरले बृद्धि गरिएको छ ।
- कर्मचारी बोनस खर्च बोनस ऐन, २०३० बमोजिम कम्पनीको वार्षिक खुद नाफाको १०% का दरले गणना गरिएको छ र संस्थायत सामाजिक उत्तरदायित्व वापत्को खर्च औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम खुद नाफाको १% का दरले गणना गरिएको छ ।
- आयकर ऐन, २०५८ को अनुसूची २ खण्ड ११ बमोजिम आयकर प्रक्षेपित गरिएको छ । आउदो वर्षहरुमा संस्थाले गर्ने कुल आयमा २२.५% का दरले आयकरको व्यवस्था गरिएको छ ।
- उद्योग भवनको ह्रास खर्च समदर प्रणालीको आधारमा ६० वर्षको जीवन अवधिको आधारमा गरिएको छ भने प्लान्ट एण्ड मेसिनेरी समदर प्रणालीको आधारमा २० वर्षको जीवन अवधिको आधारमा गरिएको छ । अन्य उपकरणहरु SLM पद्धतीबाट जीवन अवधिको आधारमा गरिएको छ ।
- ब्याज खर्च प्रति वर्ष Repayment Schedule (समायोजित मासिक किस्ता) का आधारमा प्रक्षेपण गरिएको छ ।
- कम्पनीले लगानी फिर्ता हुने अवधि, इन्टर्नल रेट अफ रिर्टन तथा नेट प्रोजेक्टेड भ्यालूको गणना गर्दा डिस्काउन्टिङ्ग फ्याक्टर १०% ले गणना गरिएको छ ।

## विस्तृत वित्तीय विवरणहरुको गणनाको आधारहरु

| सि नं | बिबरण | आधारहरु |
|---|---|---|
| **१** | **शेयर पुंजी** | आ.व. २०८२।८३ मा २६.३३ प्रतिशत साधारण शेयर जारी गर्ने अनुमान गरिएको छ । सोबाहेक शेयर पुँजी वृद्धि नहुने प्रक्षेपण गरिएको छ । |
| २ | **पुनर्मूल्यांकन रिजर्व** | खैरहनी नगरपलिका वडा नं.३ चितवन स्थित कम्पनीको नाममा रहेको ३२८०.४२ व.मी. क्षेत्रफलको जग्गाको परल मूल्य रु. १,५१,१२,५००।- को पुनर्मूल्यांकन गरी रु. ५,३६,५९,०००।- कायम गरिएको छ । आ.व. २०८०।८१ बाट कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार उक्त जग्गाको भूतप्रभावी रुपमा आ.व. २०७९।८० मा पुनर्मूल्यांकन गरिएको हो । साथै, उक्त जग्गाको बजार मूल्यमा निकै परिवर्तन भएको हुँदा कम्पनीले आ.व. २०७९।८० मा स्वतन्त्र भ्यालुएटरबाट पुनर्मूल्यांकन गरिएको हो । यस बाहेक अन्य कुनै पनि पुनर्मूल्यांकन नहुने अनुमान गरिएको छ । |
| ३ | **स्थिर सम्पति** | प्रक्षेपण अवधिमा व्यवसाय विस्तारका लागि आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन तथा अन्य उपकरणहरूमा समयानुकूल पूँजीगत लगानी गर्ने अनुमान गरिएको छ । |
| ४ | **चालु सम्पत्ति** | |
| ४.१ | अन्तिम मौज्दात | व्यवसाय सञ्चालन तथा वृद्धिका लागि पर्याप्त मौज्दात कायम राख्ने नीति अवलम्बन गरिएको छ । औसत रूपमा बिक्रीको ३० देखि ३५ प्रतिशत बराबरको मौज्दात रहने गरी प्रक्षेपण गरिएको छ । |
| ४.२ | व्यापार तथा अन्य प्राप्ती | कम्पनीमा अग्रिम भुक्तानी, निक्षेप, अग्रिम आयकर तथा अन्य प्राप्यहरू रहने अनुमान गरिएको छ । अग्रिम भुक्तानी तथा निक्षेपमा वार्षिक रूपमा औसत १० प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ। अग्रिम आयकर विभिन्न श्रोतबाट कट्टी भई आयकर विभागमा जम्मा हुने रकमका आधारमा अनुमान गरिएको छ, जसलाई वार्षिक कर दायित्वसँग समायोजन गरिनेछ । कम्पनीले आफ्नो व्यापार बिस्तारका लागि उधारोमा बिक्री गर्ने तथा सो उधारो कम्पानीको बिक्रीको आधारमा प्रक्षेपित वर्षहरुमा सरदर ५० प्रतिशत रहने गरी प्रक्षेपन गरिएको छ । |
| ५ | **चालु दायित्व** | |
| ५.१ | कर्जा तथा सापटी | व्यवसाय विस्तारका लागि आ.व. २०८२/८३ मा थप सवारी साधन खरिद प्रयोजनका लागि कर्जा लिने अनुमान गरिएको छ। यसबाहेक अन्य थप कर्जा नलिई आन्तरिक स्रोत साधनमार्फत व्यवस्थापन गर्ने प्रक्षेपण गरिएको छ । |
| ५.२ | आयकरका लागि व्यवस्था | उत्पादन तथा खुद्रा व्यापार दुवै सञ्चालन हुने भएकाले करयोग्य आम्दानी निर्धारण गर्दा खर्च कट्टी पश्चात आयकर ऐन, २०५८ बमोजिम २२.५ प्रतिशतको दरले आयकरको व्यवस्था गरिएको छ । |
| ५.३ | अन्य व्यवस्था | कर्मचारीहरूका लागि बोनस ऐन, २०३० अनुसार बोनसको व्यवस्था गरिएको छ, जसको भुक्तानी आगामी वर्षमा हुने प्रक्षेपण गरिएको छ। साथै, औद्योगिक ऐन, २०७६ बमोजिम खुद नाफाको १ प्रतिशत सामाजिक उत्तरदायित्व (CSR) शीर्षकमा विनियोजन हुने गरी प्रक्षेपण गरिएको छ । |
| ५.४ | व्यापार भुक्तानी | व्यवसाय सञ्चालनका क्रममा कच्चा पदार्थ तथा अन्य सामग्रीहरू उद्योगबाट खरिद गरिने र आपूर्तिकर्तालाई नियमित रूपमा भुक्तानी गरिनेछ । केही रकम बक्यौता रहने अवस्थालाई यथार्थपरक रूपमा समेटी प्रक्षेपण गरिएको छ । |
| ६ | **आम्दानी** | |
| ६.१ | **सञ्चालन आम्दानी** | जम्मा बिक्रीमा बिक्री फिर्ता तथा बिक्री छुटलाई समायोजन गरी प्रक्षेपण गरिएको छ । कम्पनीले आफ्नो व्यापार विस्तारमा विशेष जोड दिएको हुँदा त्यसअनुरूप प्रत्येक वर्ष बिक्रीमा क्रमिक वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ । |
| ६.२ | **सञ्चालन खर्च** | बिक्री लागत (Cost of Sales) को प्रक्षेपण गर्दा प्रारम्भिक मौज्दातलाई अघिल्लो वर्षको अन्तिम मौज्दातका आधारमा कायम गरिएको छ । खरिद लागत र प्रत्यक्ष खर्चहरू उत्पादन तथा बिक्रीको परिमाणमा अपेक्षित वृद्धिलाई ध्यानमा राखी वार्षिक रूपमा क्रमिक रूपमा वृद्धि हुने अनुमान गरिएको छ । अन्तिम मौज्दात कम्पनीको मौज्दात व्यवस्थापन नीतिअनुसार बिक्रीको स्तरसँग समायोजन गरी प्रक्षेपण गरिएको छ, जसका आधारमा कुल बिक्री लागत यथार्थपरक रूपमा गणना गरिएको छ । |
| ७ | **खर्च** | |
| ७.१ | ह्रास खर्च | कम्पनीको नियमानुसार ह्रास खर्च लाग्ने अनुमान गरिएको छ । |

| | | |
|---|---|---|
| ७.२ | प्रशासनिक खर्च | तलब खर्च बाहेक सबै प्रशासनिक खर्चहरू अघिल्लो बर्षको खर्चमा समायनुसार बृद्धि हुने गरी अनुमान गरिएको छ । |
| | | तलब खर्च कम्पनीलाई आवश्यक पर्ने जनशक्तिका आधारमा वार्षिक रूपमा क्रमिक रूपमा वृद्धि हुने गरी प्रक्षेपन गरिएको छ । |
| ७.३ | बिक्री तथा वितरण खर्च | विज्ञापन, व्यवसाय प्रवर्द्धन, बिक्री प्रवर्द्धन, डिलर मिट तथा पेन्टर स्किमसम्बन्धी खर्चहरू बजार विस्तार, ब्रान्ड प्रवर्द्धन तथा बिक्री लक्ष्य वृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहने मान्यतामा वार्षिक रूपमा वृद्धि गरिएको छ । छुट तथा कमिसन खर्च (Discounts and Commission Expenses) कुल बिक्री परिमाणमा अपेक्षित वृद्धिको अनुपातमा गणना गरिएको छ। |
| **८** | **लाभांश वितरण** | |
| ८.१ | लाभांश वितरण | कम्पनीले आफ्नो अघिल्लो समयावधिको नाफाबाट सम्पूर्ण घटाउनुपर्ने खर्चहरु घटाएर लाभांश वितरण गर्ने अनुमान गरिएको छ । |

## ग.९.ख वित्तीय अनुपात सम्बन्धी विवरण :

(अ) संचालन अवधि तीन बर्ष व्यतित भै सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी **(EPS)** तथा प्रतिशेयर नेटवर्थ निम्न अनुसार छ ।

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. २०८१/८२ | पौष मसान्त ०८२/८३ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| चुक्ता पुँजी (रु. मा) | ६५,३६८,१०० | १६७,५०६,५५० | २२१,000,000 | २२१,000,000 | ३00,000,000 | ३00,000,000 | ३00,000,000 |
| जगेडा कोष तथा संचित नाफा (रु. मा) | (२४,०८८,९९२) | (२०,९४४,९७६) | ३४,२१७ | ९,०३७,७९० | १४,४८०,५६८ | ४०,०११,१७७ | ७४,४४५,६८५ |
| पुनर्मूल्यांकन रिजर्व | ३०,८३७,२०० | ३०,८३७,२०० | ३०,८३७,२०० | ३०,८३७,२०० | ३०,८३७,२०० | ३०,८३७,२०० | ३०,८३७,२०० |
| शेयर पूँजीको लागि अग्रिम | १०,०००,६०० | १८,४४९,०२५ | - | - | - | - | - |
| जम्मा (नेटवर्थ) (रु.) | ८२,११६,९०८ | १९५,८४७,७९९ | २५१,८७१,४१७ | २६०,८७४,९९० | ३४५,३१७,७६८ | ३७०,८४८,३७७ | ४०५,२८२,८८५ |
| शेयर संख्या | ६५३,६८१ | १,६७५०,६६ | २,२१०,००० | २,२१०,००० | ३,000,000 | ३,000,000 | ३,000,000 |
| खुद नाफा (रु.) | ४,३११,८८८ | ३,१४४,०१७ | २१,२१६,१९३ | ९,२४७,०७३ | १७,६२२,५७६ | २५,७८८,४९४ | ३४,७८२,३३१ |
| प्रति शेयर नेटवर्थ (पुनर्मुल्यांकन सहित) | १२५.६२ | ११६.९२ | ११३.९७ | ११८.०४ | ११५.११ | १२३.६२ | १३५.०९ |
| प्रति शेयर नेटवर्थ (पुनर्मुल्यांकन बाहेक) | ७८.४५ | ९८.५ | १००.०२ | १०४.०९ | १०४.८३ | ११३.३४ | १२४.८२ |
| प्रति शेयर आम्दानी (EPS) | ६.६० | १.८८ | ९.६० | ८.३७ | ५.८२ | ८.५१ | ११.४८ |
| नेटवर्थमा औषत प्रतिफल (%) | ५.२५% | ३.२२% | ८.४२% | ३.५४% | ५.१०% | ६.९५% | ८.५८% |

**नोटः** आ.व. २०८०/८१ को प्रति शेयर नेटवर्थ (रु.) लाई अंकित मूल्य १०० को आधारमा पेश गरिएको छ ।
(आ) विगत तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल **:** ५.०९%

**कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि आर.एच.के. एण्ड एसोसियट्स, चार्टड एकाउन्टेण्टबाट गरिएको हो ।

## ग.१०) धितोपत्र निष्काशन सम्बन्धी विवरणः

## ग.१०.क) धितोपत्र जारी गर्नुको उदेश्य

कम्पनीले धितोपत्र जारी गर्नुको उद्देश्य निम्न बमोजिम रहेको छ :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार कम्पनीको जारी पूँजीको २६.३३ प्रतिशत अर्थात रु.७,९०,००,०००/-(अक्षरेपी सात करोड नब्बे लाख मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००/- को ७,९०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्याइएको छ ।

२. कम्पनीको वित्तीय एवम आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**ग.१०.ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीका उपयोग :**

**(अ) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत्सम्बन्धी विवरण:**
कम्पनीले आफ्नो जारी पूँजीको २६.३३ प्रतिशत अर्थात रु. ७,९०,००,०००/- (अक्षरेपी सात करोड नब्बे लाख मात्र) रकम बराबरको साधारण शेयर सर्वसाधारणलाई निष्काशन गर्नेछ। सो रकम कम्पनीले थप जग्गा प्राप्त गर्न, भौतिक संरचना विस्तार गर्न तथा थप उपकरण खरिद गर्न निष्काशन वापत्को रकम खर्चका लागि प्रयोग गरिनेछ।

मिति २०८२/०९/११ गते सञ्चालक समितिको बैठकको निर्णय अनुसार संगठित संस्थाले सार्वजनिक निसकासन बाट प्राप्त गर्ने रकम निम्न शिर्षकहरुमा प्रयोग गर्ने उल्लेख गरीएको छ।

| क्र.सं. | शिर्षक | अनुमानित रकम रु. |
|---|---|---|
| १ | मुख्य कार्यालयको लागि जग्गा तथा भवन | २,००,००,०००/- |
| २ | शाखा कार्यालयको लागि जग्गा तथा भवन | १,१५,००,०००/- |
| ३ | कारखानाको क्षमता तथा उत्पादन बृद्धिको लागि मेशिनरी खरीद | ६०,००,०००/- |
| ४ | मुख्य कार्यालय तथा शाखा कार्यालयहरुको लागि फर्निचरहरु | १०,००,०००/- |
| ५ | कम्प्युटर, प्रिन्टर, ल्यापटप, सीसीटीभी क्यामेरा, राउटर आदि | ३५,००,०००/- |
| ६ | बिक्री शाखाको लागि इलेक्ट्रीक कार खरीद | ३२,०९,०००/- |
| ७ | कारखानाको लागि ट्रक खरीद (ढुंवानी को लागि) | ६०,००,०००/- |
| ८ | कारखाना तथा शाखा कार्यालयको लागि महिन्द्रा बोलेरो (ढुंवानी को लागि) - २ थान | ६५,५०,०००/- |
| ९ | बिक्री र मार्केटिङ्ग बृद्धिको लागि कर्मचारीलाई मोटरसाईकल खरीद - ६ थान | २०,००,०००/- |
| १० | मुख्य कार्यालय तथा शाखा कार्यालयको लागि स्कुटर खरीद - २ थान | ५,००,०००/- |
| ११ | बजार सञ्जाल बिस्तार, उत्पादनहरुको विविधिकरण तथा कच्चा पदार्थहरु खरीद | १,८७,४१,०००/- |
| **जम्मा** | | **७,९०,००,०००/-** |

**(आ सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :**
विगतमा सोही प्रकारको अन्य कम्पनीले सर्वसाधारणहरुमा शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने कम्पनीको धारणा रहेको छ। कथंकदाचित निष्काशन गरिने शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ। सर्वसाधारणहरुको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा धितोपत्र प्रत्याभुतिकर्ताले खरिद गर्ने गरी सम्झौता गरीएको छ।

**(इ) परियोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**
यस उद्योग खैरहनी नगरपालिका वडा न. ३ चितवनमा रहेको छ। उक्त उद्योगको मिति २०७६/११/३० मा निर्माण कार्य शुरु भई मिति २०७८/४/११ मा निर्माण सम्पन्न भएको हो र सो पश्चात चरणबद्ध रुपमा भएको खर्चको विस्तृत विवरण देहाय बमोजिम रहेको छ।

| आ.व. | खर्च रकम |
|---|---|
| २०७७/७८ | रु २१,४३,०८०।०० |
| २०७८/७९ | रु ३,३०,६२,४८७।५८ |
| २०७९/८० | रु १०,८९,२३८।५८ |
| २०८०/८१ | रु २७,९७,१२३।२८ |
| २०८१/८२ | रु ४९,५२,८२७।२० |
| **जम्मा रु** | **रु ४,४०,४४,७५६।६४** |

**(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**
मिति २०७६ बैशाख ११ गते चितवन जिल्ला, खैरनी नगरपालिका, वडा नं. ३, टुंगारामा उद्योगको नाममा जग्गा खरीद गरी सोहि स्थानमा अत्याधुनीक कारखाना निर्माण गरी हाल विभिन्न प्रकारका रङ्ग उत्पादन तथा विक्रि वितरण गर्दै आईरहेको छ।

**(उ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु :** कम्पनीले उद्योगलाई आवश्यक पर्ने उपकरणहरु खरीद गरिसकेको।

(ऊ) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

(ए) **उत्पादन सम्बन्ध आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्दा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीले उत्पादन गर्ने वस्तु रङ्ग हो जुन आधुनिक प्रविधि र गुणस्तरीय सामग्री प्रयोग गरी विभिन्न प्रकारका रंग उत्पादन गरिनेछ, जस्तैः वाटर बेस्ड, ऑइल बेस्ड, पाउडर कोटिङ, आदि । यस व्यवसायिक भवन, कम्प्लेक्स, सरकारी तथा नीजि घर भवन उद्योग लगायतका अधिकाश संरचनाहरुको निर्माण, पुनः निर्माण गर्न र देश विकासका अन्य पूर्वाधारहरु निर्माणसँग सम्बन्धित कार्यहरुका लागि अति आवश्यक, जसले सतहलाई सुरक्षीत राख्नुको साथै आकर्षक देखाउनको लागि प्रयोग गरिने वस्तु हो । नेपाली बजारमा सहजै बिक्री वितरण भइरहेको र अग्रणी ब्राण्डको रुपमा बजारमा स्थापित भएको छ । अन्य किसिमका रंगहरु समेत उत्पादन गरी उत्पादन विविधिकरण समेतका कार्य गर्ने लक्ष्य लिएको छ । यस कम्पनीले नयाँ प्रविधि अपनाएर रंगको उतपादनमा सुधार गरी नयाँ उत्पादनहरू थपेर उत्पादन गर्ने योजना छ ।

(ऐ) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** यस कम्पनीको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थहरु पिग्मेन्ट, एक्स्टेन्डर, रेजिन, बाइन्डर तथा केमिकल स्वदेशमा उपलब्धता नभएका कारण भारत लगायत दक्षिण एसियाली मुलुकबाट आयात गरिंदै आएको छ । सार्क मुलुकमा पनि उपलब्ध हुन नसकेका कच्चा पदार्थ भने तेश्रो मुलुकबाट आयात गरी उत्पादन गदै आइरहेको छ ।

(ओ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत** : कम्पनीले उद्योग संचालनका लागि देहाय बमोजिम अनुरुपको विद्युत, पानी, ग्यासको मात्रा रहेको छ तथा सो को श्रोत देहाय अनुरुप रहेको छ ।

| क्र.सं. | विवरण | आवश्यक मात्रा | श्रोत |
|---|---|---|---|
| १ | विद्युत | १९५ के.भी. | नेपाल विद्युत प्राधिकरण |
| २ | पानी | ८,००,००० लि. | खानेपानी संस्थान तथा ट्युब वेल |
| ३ | ग्यास | लागू नहुने | लागू नहुने |

(औ) **सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धी विवरण :**

(१) **निष्काशन तथा बिक्री प्रबन्धकलाई दिईने शुल्क :** रु. ३,७५,०००/–

(२) **ट्रष्टि (डिवेन्चर/बण्ड निष्काशनको हकमा):** निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(३) **प्रत्याभूतिकर्ता शुल्कः** प्रत्याभुति शुल्क रु.१,१८,५००/-

(४) **विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क :** वित्तिय प्रक्षेपण तयार गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु. ३०,०००/- बुझाइने छ ।

(५) **लेखापरीक्षकको शुल्कः** लेखा परिक्षकलाई दिने शुल्क रु. १,१०,०००/- मु.अ.कर बाहेक ।

(६) **क्रेडिट रेटिङ्ग शुल्कः** रु.१,५०,०००/-

(७) **अन्यः** सूचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु बिल बमोजिम ।

ग.१०.ग) **सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** सो नभएको ।

ग.१०.घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** शेयरको मूल्यमा प्रिमियम थप गरिएको छैन ।

ग.१०.ङ) **धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः**

(अ) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु :** नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने ७,९०,००० कित्ता शेयरको १० प्रतिशले हुन आउने ७९,००० कित्ता साधारण शेयरका लागि नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ । कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई खरीद गर्न आह्वान गरेको शेयर पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समुहमा थप गरी जारी गरिने छ ।

**सर्वसाधारण शेयरधनीहरु :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट साधारण शेयर खरीदका लागि शेयर संख्या भन्दा न्यून संख्यामा शेयर खरिदको माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ । त्यसैगरी शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

**(आ) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः**
शेयर विक्री बन्द भएको मितिले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा २९ मा व्यवस्था भएको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ । कथम्कदाचित उक्त समय अवधिभित्र बाँडफाँड गर्न नसकेमा आवेदकलाइ दरखास्त वापत जम्मा गरेको रकम फिर्ता भुक्तानी गर्नु पर्नेछ । आस्बा अनिवार्य भएको अवस्थामा "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २० अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिनेछ ।

**(इ) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) को अनुसार व्यवस्था गरिने ।

**(ई) धितोपत्रको बाँडफाँट तथा प्रमाण पत्र जारी सम्बन्धी प्रकृया र समयावधी :**
निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**(उ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** हाल सम्म सूचिकरण भैनसकेको ।

**(ऊ) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोबार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्री गर्ने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च) प्रत्याभूति सम्बन्धी विवरणः**

**(अ) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने ७,९०,००० कित्ता साधारण शेयरको लागि रु.७,९०,००,०००/- रकम बराबरको प्रत्याभूति सेवा देहाय बमोजिमका कम्पनीहरुद्वारा प्रदान गरिएको छ ।

| क.सं. | प्रत्याभूतिकर्ताको नाम | ठेगाना | प्रत्याभूत शेयर कित्ता | प्रत्याभूत गरिएको रकम (रु.) | कमिशन रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी सनराईज क्यापिटल लिमिटेड | नयाँवनेश्वर, काठमाडौं | ७,९०,००० | ७,९०,००,०००/- | १,१८,५००/- |
| **जम्मा** | | | ७,९०,००० | ७,९०,००,०००/- | **१,१८,५००/-** |

**(आ) धितोपत्र प्रत्याभुतिकर्ता संग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरुः**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

१. प्रत्याभूतिकर्ताले ७,९०,००० कित्ता शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।
२. प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत यस संस्थाले रु.१,१८,५००/– कमिशनको रुपमा दिइने छ । यदि सर्वसाधारणलाई जारी गरेको शेयर विक्री नभएमा बिक्री नभएको शेयर बराबरको रकमको ०.१५ प्रतिशतका दरले प्रत्याभुति शुल्क द्धितिय पक्ष लाई बुझाउन प्रथम पक्ष मन्जुर गर्दछ ।
३. प्रत्याभुतिकर्ताको दायित्व आफुले कबुल गरेको हदसम्म मात्र सिमित हुनेछ । कथंकदाचित् कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पूरा नगरेमा अर्को पक्षले सो पूरा गराउन प्रचलित ऐन नियम अनुसार कारवाही गर्न सकिनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने सम्पुर्ण साधारण शेयरहरुका लागि आवेदन प्राप्त भएमा प्रत्याभुतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।

५. यस सम्झौताको व्याख्यामा वा कार्यान्वयनमा मतभिन्नता भएमा वा विवाद उत्पन्न भएमा सबै पक्षको सहकार्यमा विवाद निरोपण गरिनेछ । सो बाट विवाद निरोपण नभएमा प्रचलित ऐन बमोजिम विवाद निरोपण गरिनेछ ।

६. यो सम्झौता मिति २०८२/९/१८ गते देखि ६ महिना लागि मात्र मान्य हुनेछ । सबै पक्षको सहमतिमा सम्झौतालाई पुनः नवीकरण गर्न सकिनेछ ।

**ग.१०.छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(अ) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण,**

यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**(आ)नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण,**

१. कम्पनीको रजिष्टर्ड कार्यालय भक्तपुर जिल्ला, ठिमी नगरपालिका-३ तथा यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा आयोजना प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ । आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले C–ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० कित्ता सम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

**(इ) आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरुः**

**वैदेशिक रोजगारमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्बा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५. निष्काशित शेयरमा आवेदन दिई बाँडफाँडमा परेका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्।

६. आस्बा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

ब. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

च. आवेदकको हितग्राही-डिम्याट खाता नम्बर ।

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनु हुदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१७. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम ७,००० (सात हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

**सर्वसाधारणको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन्।

३. आस्बा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्था (ASBA)अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका,२०७४को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

४. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

६. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरीबुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत , सम्पर्क फोन नं., इमेल ।

ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
ब. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा)।
च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाकोनाम, ठेगाना, खाता नं. र खाताको किसिम
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।

७. आवेदकले आवेदन दिँदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन।
८. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ।
९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ।
१०. वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन्। यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियमक निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।
१४. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १०,००० (दश हजार) कित्तासम्मका लागि आवेदनदिन सकिनेछ।
१५. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) दरखास्त फारममा खुलाउनुपर्नेछ।

**ग.११) सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरणः**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासंगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्वन्धी विवरण :**

**(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्तिः**

कम्पनकि सञ्चालक राजन लाल श्रेष्ठको नाममा पाँचखाल न.पा. वडा नं ४, काभ्रे मा दर्ता कायम रहेको राजन हार्डवेयरले कारोबार गर्दै आईरहेको।

| क.स. | विवरण | वस्तु/सेवा | आ.व. २०८१/८२ मा असुल गर्न बाँकी रकम रु. | आ.व. २०८१/८२ मा जम्मा बिक्री रु. | असुल गर्नु पर्ने पक्ष |
|---|---|---|---|---|---|
| १. | व्यापार प्राप्य/ बिक्री | रंगरोगन - (उत्पादनहरु) बिक्री | १२,५८,२६३.७३ | ४०,२३,४१३.४१ | राजन हार्डवेयर |

**(ख) आधारभूत शेयरधनीः** कारोबार नभएको।

**(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्यः** कारोबार नभएको।

**(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्थाः सो नभएको।**

**(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा कम्पनीको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुराः** कुनै कारोबार वा सम्झौता गरेको छैन।

**(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋणबापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरणः** सो नभएको।

**ग.१२) विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्वन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु :** सो नभएको ।

**ग.१३) सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नुपर्ने:**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचिकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

**ग.१४) पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५) परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँगसंलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

(१) **लेखापरीक्षक :**

कम्पनीको आ.व.२०८१/८२ मा यस संगठित संस्थाको लेखापरीक्षकमा श्रेष्ठ एण्ड न्यौपाने एसोसिएट्स चार्टड एकाउन्टेण्ट्स रहनु भएको छ ।

(२) **प्रमुख बैंक :** यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

(३) **निष्काशन बैंक (Bankers to the Issue):**

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | बैंक खाता नं. |
|---|---|---|
| १. | श्री मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौं । | ०३५१०२००४०६५३२००००९८ |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

(४) **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**

यस विवरणपत्रमा उल्लेख गरीएको वित्तीय विवरण तयार पार्ने श्रेष्ठ एण्ड न्यौपाने एसोसिएट्स चार्टड एकाउण्टेण्ट्स रहेको छ

(५) **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ:**

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरू पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने आर.एस.के एण्ड एसोसिएट्स चार्टड एकाउण्टेण्ट्स रहेको छ ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** :

१) **लेखापरीक्षक**

लेखापरिक्षकलाई लेखापरिक्षण वापत मु.अ.कर बाहेक रु १,१०,०००/- शुल्क बुझाइने छ अन्य कुनै शर्तहरु नरहेको ।

२) **निष्काशन बैंक**

मुक्तिनाथ विकास बैंक लिमिटेड निष्काशन बैंकको रुपमा रहेको छ ।

३) **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञको सेवा शुल्क**

वित्तीय प्रक्षेपण तयार गरि दिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु. ३०,०००/- बुझाइने छ ।

**ग.१६) परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण:**

एभरेष्ट कलर लिमिटेडको उद्योग संचालन लागि संस्थापक शेयरधनीहरुको स्वः लगानी बाहेक ग्लोबल आइएमई बैंक लि संग २०८१/११/२० गते सम्मको जम्मा क्यास क्रेडिट कर्जा रु.७५,००,०००/-, साईट एल सी (Letter Of Credit) कर्जा रु.३,००,००,०००/- सो अर्न्तगत ट्रस्ट रिसिप्ट कर्जा तथा सर्ट टर्म लोन साईट एल सी (Letter Of Credit) को सिमा भित्र रहने गरी जम्मा रु.३,७५,००,०००/- ऋणको सम्झौता गरेको साथै मिति २०८२/११/१७ गते सो कर्जालाई निवकरण तथा ऋण थप गरी जम्मा रु. ५,२५,००,०००/-को सम्झौता गरेको छ ।

**ग.१७) मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :**
कम्पनीले आयकर तथा VAT दुबैको मूल्यांकनमा असहमति जनाएकोले मिति २०८१/५/२ गते आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दर्ता गरिएको छ र उक्त निवेदन उप्पर हाल सम्म कुनै फैसला नभएको उद्घोष गर्दछौं ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :**
सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने** : सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री अनिल महर्जन ज्यूलाई निजकै कार्यकक्षमा वा कार्यालय समय भित्र फोन नं.:०१-४५४६१०८ मार्फत सम्पर्क गर्न सकिनेछ ।

**ग.१९) नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०) ऋणपत्र निष्काशन सम्बन्धी विवरण : हालसम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन ।**

**ग.२१) अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण : सो नभएको ।**

**ग.२२) अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** : प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि श्रेष्ठ एण्ड न्यौपाने एसोसिएट्स चार्टड एकाउन्टेण्ट्सले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरिन्छ भनी आर.एस.के एण्ड एसोसिएट्स चार्टड एकाण्टेण्ट्सले आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :–**

**सञ्चालकमा भएको परिवर्तनः**

| पूर्व संचालकको नाम | परिवर्तन भएको मिति | कारण |
|---|---|---|
| बद्रीनाथ पोखेल | २०८१/८/१ | कम्पनीको नियमावली २७ को नियम ७ बमोजिम प्रथम संचालक समितिलाई प्रथम वार्षिक साधारण सभाले विस्थापित गरी नयाँ संचालक समिति निर्वाचनद्वारा गठन गरिएकोले । |
| शैलेन्द्र कुमार सिटौला | २०८१/८/१ | |
| नविन निरौला | २०८१/८/१ | |
| अनन्त वर्तौला | २०८१/८/१ | |
| आत्माराम ढुङ्गाना | २०८२/१/१७ | नियमावलीको नियम २७ (२) संशोधन भएको तथा कम्पनीको प्राथमिक सेयर निष्कासन पश्चात् शेयर अनुपात अनुसार संचालक समिति गठन गर्न आवश्यक परेको हुँदा राजीनामा दिएकोले । |

**गत तीन आर्थिक वर्ष भित्रमा सञ्चालक तथा लेखापरीक्षकमा भएको परिवर्तन**

| लेखापरिक्षकको नाम | परिवर्तन कारण |
|---|---|
| जे.म.लम्साल एण्ड को | राजीनामा दिएकोले । |

**लेखापरीक्षकमा भएको परिवर्तनः-** सो नभएको ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यताः**

**नाम** : नीसा प्रजापती
**ठेगाना** : भक्तपुर
**योग्यता** : स्नातक

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरणः**

कम्पनीको मिति २०८१/०७/०६ गते बसेको सञ्चालक समितिको बैठकले प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था बमोजिम कम्पनीको प्रारम्भिक सार्वजनिक शेयर निष्काशन गर्ने निर्णय गरिएको छ । साथै, मिति २०८१/८/१ गते बसेको वार्षिक साधारण सभाबाट समेत सार्वजनिक शेयर निष्काशन सम्बन्धि निर्णय पारित गरीएको छ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः**

यस संगठित संस्थाले निम्न बमोजिम कर सुविधा लिएको छ :

१) आयकर ऐनमा २०५८ मा भएको व्यवस्था :
आयकर ऐन, २०५८ को दफा ११ को उपदफा (२ख)(ख) अनुसार कुनै आय वर्षमा वर्षभरी पूर्णरुपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको आयमा लाग्ने करमा बीस प्रतिशतले छुट हुनेछ । यसकारण संगठित संस्थाले विशेष उद्योग मार्फत उत्पादन गर्ने गरेर विक्री गरेको पेन्टमा तिर्नुपर्ने कर कम भई २० प्रतिशतमा आएको छ ।

२) यस संगठित संस्थाका अन्य विक्री जस्तै कच्चा पदार्थ, कलरेन्टमा भने सामान्य करको दर २५ प्रतिशतमा आयकर लाग्ने गरेको छ ।

यो बाहेक, संगठित संस्था र यसका शेयरधनीले कुनै विशेष कर सुविधा पाएको छैन ।

आ. व. २०८१/०८२ को कर चुक्ता सम्बन्धी विवरण निम्नानुसार रहेको छ :

| वार्षिक आय विवरण अनुसार (आ.व.२०८१/८२) | वार्षिक आय विवरण (आ.व.२०८१/८२) अनुसार (कर चुक्तामा समावेश भएको) | दफा ५७ विवरण (आ.व.२०८१/८२) अनुसार (कर चुक्ता मा समावेश नभएकों) |
|---|---|---|
| **शुल्क र ब्याज गणना गरेको भए गणनाको अन्तिम मिति** | **२०८२.०६.०२** | **२०८२.०५.३१** |
| **आम्दानी** | **११७,१७३,८४१.००** | **१००,०२८,९७३.७३** |
| **करयोग्य आय** | | |
| कर छुट सुविधा पाएको आय | ८,७०२,६६२.२१ | १७,१८५,१७५.४७ |
| कर छुट सुविधा नपाएको आय | | १,०६६,८६०.९३ |
| **जम्मा लाग्ने कर** | **१,७४०,५३२.४४** | **३,७०३,७५०.३३** |
| **ढिला बुझाए वापत लाग्ने शुल्क (दफा ११७)** | **५,०००** | **७,५०२१.७३** |
| **ब्याज (दफा ११८)** | **११९,५३८.१२** | |
| **ब्याज (दफा ११९)** | | **३४६,७३७.८७** |
| **जम्मा तिर्नु पर्ने कर** | **१,८६५,०७०.५६** | **४,१२५,५०९.९३** |

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१.कम्पनीको रजिष्टर्ड कार्यालय - मध्यपुर थिमी नगरपालिका-३, भक्तपुर जिल्ला (रजिष्टर्ड कार्यालय), मध्यपुर थिमी नगरपालिका-३, भक्तपुर (कर्पोरेट कार्यालय) र वेबसाइट :www.everestcolour.com

२.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं र वेबसाइट www.muktinathcapital.com

**(छ) बोनश शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनश शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरधनी, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

- यस विवरणपत्र मार्फत निष्काशन गरिएका कूल ७,९०,००० कित्ता साधारण शेयर सर्वसाधारणका लागि निष्काशन गर्नेछ । जसमध्ये सर्वसाधारणहरुलाई जारी गरिने शेयरको दश (१०) प्रतिशत अर्थात ७९,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई, पाँच (५) प्रतिशत अर्थात ३९,५०० कित्ता साधारण शेयर सामुहिक लगानी कोषलाई, दुई (२) प्रतिशत अर्थात १५,८०० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि र बाँकी रहेको ६,५५,७०० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिनेछ ।
- कर्मचारीहरुको लागि छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र सामुहिक लगानी कोषको हकमा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिने छ तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका हकमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ ।
- यस विवरणपत्र बमोजिम निष्काशन गरिने शेयरहरु यस विवरणपत्रमा तोकिएको समूहलाई पूरा बिक्री हुन नसकेमा मात्र बाँकी रहेका शेयरहरू प्रचलित कानून बमोजिम बिक्री गरिनेछ ।

**(झ)कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०८१/०८२ सम्मको विवरण पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्ममा यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/४, पत्र संख्या ८२/८३ चलानी नं. कम्पनी प्र./७०४६० को पत्रबाट प्राप्त भएको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि देहाय अनुसारको व्यवस्था गरिएको छ ।

**सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :** यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लिमिटेड, पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/०६/०९ मा **"CARE-NP BB (IS)" (Double BB [Issuer])** प्रमाणपत्र प्राप्त गरेको छ । उक्त रेटिङ्गले "Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ । केयर रेटिङ्गस् नेपाल लिमिटेडले CARE-NP AAA(Is) देखि CARE-NP D(Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ भने CARE-NP D(Is) ले कमजोर आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :** २०८२/०६/०९ **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति :** २०८३/०७/०६

**(ठ) विवरण-पत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**
यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक-मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाडौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरू :**
१) कम्पनी तथा परियोजनाको व्यवस्थापनमा दक्ष एवं अनुभवी जनशक्ति रहेकोले यो कम्पनी अर्न्तगत रहेका परियोजनाहरु सफल हुने अपेक्षा गरिएको ।
२) स्थानीयवासीलाई रोजगारीको अवसर प्रदान गर्नेछ जसले नयाँ सिप र प्रविधिहरु सिक्ने अवसर मिल्नेछ ।
३) स्थानीय दक्ष जनशक्तिमा बृद्धि हुनेछ ।
४) उत्पादनबाट नगद प्रबाह तथा राजस्वमा वृद्धि हुनेछ ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**
नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुनेगरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ९(३) बमोजिमका विवरणहरु** :

**१. आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरिसकेको :** यस कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्दै आइरहेकोले एक बर्षको अवधि पूरा गरिसकेको ।

**२. प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको :**
यस कम्पनीले मिति २०८२ साल मंसीर २९ गते साधारण सभा सम्पन्न गरी आ.व. २०८१/८२ सम्मको लेखापरिक्षण प्रतिवेदन पारित गरिसकेको छ ।

**३. आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति दिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :**
प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट पूर्ण स्वीकृति लिई उत्पादन शुरु भैसकेको ।

**४. संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :** सम्पन्न भईसकेको ।

**५. धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको :**
यस कम्पनीको धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंसँग सम्झौता भएको छ ।

**६. आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको:** लागु नहुने ।

**७. संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको :**
संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको छ ।

**८. परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको :**
हाल सम्म यस कम्पनीले परियोजना निर्माणका लागि कुनै पनि वित्तीय संस्थाबाट ऋण नलिएको ।

**९. जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरीद सम्झौता गरिसकेको :** लागु नहुने ।

**१०. सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको ।**
सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम निम्नानुसारका धितोपत्र व्यवसायीद्वारा प्रत्याभुति गर्ने प्रतिवद्धता प्राप्त भएको छ ।

| क्र.सं. | नाम, ठेगाना |
|---|---|
| १. | लक्ष्मी सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौं । |

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्र मार्फत प्रथम चरणमा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि १५ दिन आवेदन खुल्ला गरी बाँडफाँड गरी दोश्रो चरणमा सर्वसाधारणका लागि

शेयर निष्काशन खुल्लाको आह्वानपत्र प्रकाशित गरिएको । सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र सो अवधि भित्र सार्वजनिक निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**(थ)** धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (Informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com तथा निष्काशनकर्ता कम्पनी एभरेष्ट कलर लिमिटेडको वेभसाइट www.everestcolour.com मा बिक्री बन्द नभएसम्म राखिनेछ ।

**(द)** बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको बेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

### ग.२३) संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत

यस विवरण पत्रमा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम, दस्तखत :

| क्र.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | महेश्वर खनाल | अध्यक्ष | |
| २ | सरोज लुइटेल | प्रबन्ध सञ्चालक | |
| ३ | रोजिना श्रेष्ठ | सञ्चालक | |
| ४ | राजन लाल श्रेष्ठ | सञ्चालक | |
| ५ | कपिल देव महतो | स्वतन्त्र सञ्चालक | |

ग.२४) निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

Licensed by Securities Board of Nepal
Services:
- Issue Management
- Share Registrar
- Underwriting
- Depository Participant
- Portfolio Management
- Corporate Advisory
- Mutual Fund

च.नं.: २००६/०८२/०८३

मिति : २०८२/१२/१२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय : Due Diligence Certificate (प्रतिबद्धता पत्र) ।

महोदय,

भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका, वडा नं. ३, रजिष्टर्ड कार्यालय रहेको एभरेष्ट कलर लिमिटेडले जारी पूँजीको रु.३०,००,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ३०,००,००० कित्ताको २६.३३% अर्थात रु.७,९०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ७,९०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा सार्वजनिक निष्काशन मार्फत शेयर जारी गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानुनमा भएको व्यवस्था अनुसार शेयर बिक्री, वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछु ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त संगठित संस्थाबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोबार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, विनियमावली निर्देशिका समेतको पालना गरिएको उद्घोषण गर्दछौ ।

४. हाम्रो विचारमा संगठित संस्थाद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धित बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

५. संगठित संस्थाले निष्काशन गर्न लागेको शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र र दरखास्त फारम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

६. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ उल्लेखित सवै कुराहरु अध्ययन गरि सो नियमावली व्यवस्थाहरु अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट
मुक्तिनाथ क्यापिटल लिमिटेड
नाम : कविन्द्र ध्वज जोशी
पद : प्रमुख कार्यकारी अधिकृत

सही :
कार्यालयको छाप :

मुक्तिनाथ क्यापिटल लि
Muktinath Capital Ltd.

ग.२५) विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**R.H.K. & Associates**
Chartered Accountants

Sarkaridhara, Samakhusi
Kathmandu, Nepal
Phone: 9862788888
Email ID: kandelrhk91@gmail.com

## REPORT ON
## EXAMINATION OF PROSPECTIVE FINANCIAL INFORMATION

We have examined the projection in accordance with the Nepal Standard on Assurance Engagements applicable to the examination of prospective financial information of **EVEREST COLOUR LIMITED.** Management is responsible for the projection including the assumptions set out in Assumptions used in preparing the Prospective Financial Statement on which it is based.

This projection has been prepared for the procedure of initial public offering. The projection has been prepared using a set of assumptions, *which has been mentioned on the assumption sheets*, that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection, assuming that the assumptions used in preparing this prospective financial statement holds true. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions and is presented in accordance with Nepal Accounting Standards as far as practicable in compliance with prevailing laws.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

R.H.K. & ASSOCIATES * Kathmandu * Chartered Accountants *

**CA. Ram Hari Kandel**

*Proprietor*

............

Chartered Accountants.

Place: Kathmandu, Nepal
Date: 2082/12/12
UDIN : 260326CA01294dK76U

**Shrestha & Neupane Associates**
Chartered Accountants

Tripureshwor, Kathmandu, Nepal
01-5354068

# INDEPENDENT AUDITOR'S REPORT

**TO THE SHAREHOLDERS OF**
**EVEREST COLOUR LTD.**

***Opinion***

We have audited the financial statements of Everest Colour Ltd. (the "Company"), which comprise the statement of financial position as at 16 July, 2025 (32 Ashadh, 2082), the statement of profit or loss and other comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, the financial position of the Company as at 16 July, 2025, and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

***Basis for Opinion***

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of The Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

***Key Audit Matters***

Key audit matters are those matters that, in our professional judgement, were of most significance in our audit of the financial statements of the current period. During our audit of the financial statements, we observed that there were no key audit matters that are to be addressed in the context of our audit as a whole and would affect in forming our opinion thereon.

***Other Information***

Management is responsible for other information. The other information comprises the Chairman's statement and directors report, but does not include the financial statements and our auditors report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit or otherwise appears to be materially misstated. If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

Shrestha & Neupane Associates ★ Chartered Accountants ★

UDIN: 250904CA01260qm5qc

***Responsibilities of Management and Those Charged with Governance for the Financial Statements***

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NASs and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

***Auditor's Responsibilities for the Audit of the Financial Statements***

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

Shrestha & Neupane Associates ★ Chartered Accountants ★

UDIN: 250904CA01260qm5qc

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

**Report on Other Legal and Regulatory Requirements**

On the basis of our examination, we would like to further report that:

i) We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose for audit.
ii) The accounts and records of the company have been maintained as required by law.
iii) Financial statements are in agreement with the books of account maintained by the company.
iv) In our opinion and to the best of our information and according to the explanations given to us, the Board of Directors, the representative, or any employee of the company has not acted contrary to the provision of law relating to accounts nor caused direct loss or damage to the company deliberately or acted in a manner that would jeopardize the interest and security of the company.
v) The operations of the company were within its jurisdiction.
vi) We have not come across any fraudulence in the accounts, so far as it appeared from our examination of the book of accounts.

Shrestha & Neupane Associates ★ Chartered Accountants ★

Suman Shrestha, FCA
*Partner*

Shrestha and Neupane Associates,
Chartered Accountants

Date: 2025-08-31
Place: Kathmandu

UDIN: 250904CA01260qm5qc